


● वर्ष १४ ● अंक ३६ ● काठमाडौं, शुक्रबार, माघ १७, २०६५ ● **SAPTAHIK** ● Nepali National Weekly ● Friday, Jan 30, 2009 ● पृष्ठ २४ ● मूल्य रु. ८/-





# भिड्दै छन् डिजाइनर

● सुव्रत/रोजिन

तस्बिर : महेश प्रधान

याक एन्ड यतिको रिगल हलमा हावा चल्छ । सँगसँगै हावा चलेको धुन पृष्ठभूमिमा गुञ्जिन थाल्छ । आकर्षक ढंगले सजाइएको ऱ्याम्प पछाडिबाट एउटी सुन्दरी प्रकृतिको महत्त्वपूर्ण देन वायु अर्थात् हावाको प्रतिनिधित्व गर्दै देखा पर्छिन् । झन्डै दुई दर्जन मोडल त्यही 'थिम'मा आधारित वस्त्र लगाएर ऱ्याम्पमा प्रस्तुत हुन्छन् । उनीहरूलाई नेतृत्व गरिरहेकी सुन्दरी अर्थात् चर्चित भिजे, मोडल तथा नायिका निशा अधिकारीले 'साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट'को पहिलो थिम 'वायु'मा आफूले पहिरेका पहिरन प्रस्तुत गर्छिन् । लगत्तै 'लाइट एन्ड वाटर' अर्थात् प्रकाश र जल थिमको नेतृत्व गर्दै लोकप्रिय पपगायक अनिल सिंहले ऱ्याम्पमा क्याटवाक गर्नेछन् ।

आज साँझ साढे चार बजे राजधानीको होटल याक एन्ड यति स्थित रिगल हलमा आमन्त्रित झन्डै ५ सय जना पाहुनाबीच भव्यतापूर्वक आयोजना हुन गैरहेको 'साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट' को प्रमुख आकर्षण देशको चलचित्र, मोडलिङ, खेलकुद तथा संगीतक्षेत्रका नौ जना महत्त्वपूर्ण 'सेलिब्रेटी' ऱ्याम्पमा मोडलका रूपमा देखिनु हो । सहभागी १ सय ८० जना डिजाइनरले उनीहरूलाई दिइएका नौवटा प्राकृतिक 'थिम' मा आधारित फेसन सिर्जना गर्नेछन्, जसलाई २० जना मोडलले ऱ्याम्पमा प्रस्तुत गर्नेछन् । निर्णायक मण्डलमा रहेका लोकप्रिय चलचित्र नायक राजेश हमाल, नायिका तथा पूर्व मिस वर्ल्ड नेपाल झरना बज्राचार्य आदि आठ जना निर्णायकले उनीहरूका

बाँकी पृष्ठ १० मा






## ● क्यासेट ●

### सेयर दोहोरी




नयाँ लोक-दोहोरी-संग्रह 'सेयर दोहोरी' बजारमा आएको छ। बाबुराम दाहाल तथा रवीन्द्र भट्टराईको शब्द रहेको यो संग्रहमा राजु परियार एवं सूर्यप्रसाद रेग्मीले गाएको 'सेयरमा नाफानी-घाटानी...' शीर्षकको दोहोरी गीत सुन्न सकिन्छ।

### कदम




गीतकार जया ओझाको गीति-संग्रह 'कदम' श्रोतामाझ आएको छ। फ्युजन इन्टरटेनको यो संग्रहमा दसवटा गीत समावेश छन्। संग्रहका गीतहरू रामकृष्ण ढकाल, कर्णदास, ईश्वर अमात्य, आनन्द कार्की, चेतन सापकोटा, सपनाश्री, जगदीश समाल, राजेशपायल राई, दीपेशकिशोर भट्टराई तथा सिन्धु मल्लले गाएका छन्।

### लैलैमा कान्छी




गायक तथा गीतकार गणेश न्यौपानेका लोकदोहोरी गीतहरूको संग्रह 'लैलैमा कान्छी' बजारमा आएको छ। यो संग्रहमा लैलैमा कान्छी, देउसी, तमोर तरेर तथा धनकुटा भेडेटार गरी ४ भाका समेटिएको छ। संग्रहमा राजेशपायल राई, धनु ज्ञाङ्मी मगर , रिमा गुरुङ, योगिता मोक्तान तथा अन्जना गुरुङको स्वर पनि सुन्न पाइन्छ।

## ● रंगमञ्च ●

● प्रसिद्ध रुसी नाटककार एन्टोन चेखवको कथामा आधारित नाटक 'बुइगल भएको घर' को अघिल्लो बुधबार राजधानीको रुसी सांस्कृतिक केन्द्रमा मञ्चन गरियो। राजनैतिक, सामाजिक तथा मानवीय स्वभावका विषयमा लेखिएको उक्त कथाको नाट्य रूपान्तरण तथा निर्देशन नवराज बुढाथोकीले गरेका थिए। सडक बालबालिकासँग सम्बद्ध संस्थाका साथ थियटर काठमाडौंको सक्रियतामा मञ्चन गरिएको उक्त नाटकमा अशोक शिवाकोटी, पुष्पा श्रेष्ठ, मञ्जु देवकोटा, अर्चना सापकोटा, सरोज गोले आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। नाटकको प्रदर्शनपछि नाट्य प्रस्तुतिकै आधारमा मदन चित्रकार, राजन काफ्ले आदि चित्रकारले बनाएका चित्रहरूको प्रदर्शनी आज शुक्रबार रुसी सांस्कृतिक केन्द्रमा आयोजित हुँदैछ।

● प्रकृति तथा मानिसको सम्बन्ध केलाइएको कथामा आधारित नाटक 'सेतै फूलेको बूढो धामी र स्वप्नदर्शी' अघिल्लो मंगलबार पुरानो बानेश्वरस्थित गुरुकुलमा मञ्चन गरिएको छ। नर्वेली आदिवासी कलाकारले प्रस्तुत गरेको उक्त नाटक सामी संस्कृति साट्न पहिलोपटक एसिया यात्रामा निस्किएका कलाकारले सामी भाषामै देखाएका थिए। प्रख्यात सामी कवि निल्स आस्लाक बाल्किअपाको एक मात्र नाटकमा दुई मुख्य कलाकार एगिल केस्कितलो तथा निल्स हेनरिक बुल्योले अभिनय गरेका थिए।

● दि आर्ट थिएटर, नुवाकोटले तयार पारेको दुईवटा नाटक 'आँसुको इजलासमा राधा' तथा 'फेरि अर्को जँघार' गुरुकुल काठमाडौंमा मञ्चन भएको छ। क्षितिज थापामगरद्वारा लिखित तथा प्रकाश ढकालद्वारा निर्देशित यी दुई नाटकमध्ये 'आँसुको इजलासमा राधा' नाटक परिबन्धमा परी बेचिएर अरबतिर पुगी गर्भवती बनेर फर्किएकी एक अविवाहित युवतीको कथामा आधारित छ। 'फेरि अर्को जँघार' ले अहिले हिमाली, पहाडी र तराई एकतामा बाँधिनुपर्ने सन्देश दिएको छ। नाटकमा क्षितिज थापामगर, दामोदर खतिवडा, अन्जु लामिछाने, श्रीकृष्ण कुमाल, तिलोत्तमा अधिकारी, सुनीता अधिकारी आदिले अभिनय गरेका थिए।

**–विष्णु तारुके**

## ● ग्यालरी ●

● सुदूरपश्चिम नेपालका मूर्तिकला साधक ताराप्रसाद ओझाले तयार पारेका मूर्तिकलाको प्रदर्शनी राजधानीमा प्रारम्भ भएको छ। संविधान सभा सदस्य डा. आरजु देउवाद्वारा गत मंगलबार उद्घाटित 'जुमिङ अन फेथ एण्ड रियालिटि' शीर्षकको यो प्रदर्शनी भोलि शनिवारसम्म चल्नेछ। नक्सालस्थित नाफाको लुम्बिनी हलमा सञ्चालन भैरहेको प्रदर्शनीको आयोजना नेपाल आर्ट फाउण्डेसनले गरेको हो। प्रदर्शनीमा दुई दर्जन मूर्तिकला समावेश छन्।

● नेपाली कलाकारले कोरियामा खिचेका तस्वीर तथा सिर्जना गरेका चित्रको प्रदर्शनी बबरमहलस्थित आर्ट काउन्सील ग्यालरीमा चलिरहेको छ। पेन्टीङ तथा तस्वीरको प्रदर्शनी आज शुक्रवारसम्म जारी रहनेछ। प्रदर्शनीमा १ सय ५० कलाकारका त्यती नै संख्याका तस्वीर तथा चित्र राखिएका छन्। फेमेली एकेडेमी, नेपाल कोरिया सहयोग परिषद् तथा नेपाल इपिलेप्सी एसोसीएसनले सयुक्त रुपमा प्रदर्शनीको आयोजना गरेका हुन्। सन १९८२ देखि नेपाली कलाकारहरूले बनाएका चित्रकला तथा खिचेका तस्वीर संकलन गरेर काठमाडौं पुऱ्याउने काम फेमेली एकेडेमीका संयोजक डा. कुन हु रिले गरेका हुन्। 'होम कमिङ एक्जीबिसन' शिर्षक राखिएको उक्त प्रदर्शनीको उद्घाटन संविधानसभा उपाध्यक्ष पूर्णाकुमारी सुवेदीले गरेकी थिइन्।

## ● चलचित्र ●

### द सारी सोल्जर्स




द्वन्द्वका चपेटामा परेका महिलाहरूको साहसको कथा समेटिएको लघु चलचित्र 'द सारी सोल्जर्स' को गत बुधबार राजधानीमा विशेष प्रदर्शन गरियो। वर्तमान नेपालको सबैभन्दा उथलपुथलपूर्ण समयमा तीन वर्ष लगाएर छायांकन गरिएको यो चलचित्रमा छ जना नेपाली महिलाको निजी संघर्षको कथा समेटिएको छ। एकातिर माओवादी सशस्त्र विद्रोह चर्किएको तथा अर्कातिर राजाले जनताको नागरिक हक खोसेका बेला यी महिलाले आ-आफ्नो ठाउँबाट अदम्य साहस प्रदर्शन गरेका थिए। आफ्नो दाजुकी छोरीलाई नेपाली सेनाले यातना दिएर मारेपछि देवी सुनारले त्यो अत्याचारको विरोधमा आवाज उठाएकी थिइन्। त्यसको प्रतिशोधमा सेनाले उनकै १५ वर्षीय छोरी मैनाको अपहरण गऱ्यो। बेपत्ता पारिएकी छोरी पत्ता लगाउन देवी सुनारले तीन वर्षसम्म दुःख झेलिन्। यो चलचित्रमा देवीले पाएको हन्डरको कथाबाहेक माओवादी कमिसार क्रान्ति, नेपाली सेनाकी अधिकृत रजनी, माओवादी प्रतिकार समितिको नेतृत्व गर्ने कृष्णा, मानवअधिकारवादी वकिल मन्दिरा तथा लोकतन्त्रको पुनःस्थापनाका लागि लड्ने विद्यार्थी नेत्र रामकुमारी झाँक्रीको संघर्षगाथा पनि समेटिएको छ। मुलुकको भविष्य फेर्न थालिएको लोकतान्त्रिक आन्दोलनका क्रममा राजनीतिको दुई धारमा रहेका यी छ जना महिलाको कठिन यात्राको मर्मस्पर्शी कथा यो चलचित्रमा प्रस्तुत गरिएको छ। जुली ब्रिजहमद्वारा निर्माण तथा निर्देशन गरिएको यो लघु चलचित्रमा रम्यता लिम्बू सह-निर्मात्रीका रूपमा सहभागी छिन्।

### लक वाई चान्स



बलिउडका चर्चित गीतकार जावेद अख्तरकी छोरी जोया अख्तरद्वारा निर्देशित चलचित्र 'लक वाई चान्स' को सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुँदैछ। चलचित्रमा हिन्दी चलचित्र उद्योगकै कथा समेटिएको छ। कलाकारहरूको संघर्ष, भाग्यको भूमिका तथा चलचित्र उद्योगको राजनीतिलाई यो चलचित्रको मुख्य विषय बनाइएको छ। यो चलचित्रमा हिन्दी चलचित्र क्षेत्र तथा त्यहाँ काम गर्ने कलाकारको जिन्दगीको एउटा पाटोलाई देखाइएको छ, जो कर्ममा भन्दा पनि भाग्यमा बढी विश्वास गर्छन्। चलचित्रमा ऋतिक रोशन, फरहान अख्तर, कोंकणा सेन शर्मा, ऋषि कपुर, इशा श्रावणी, डिम्पल कपाडिया, जुही चावला, सञ्जय कपुर, सौभर शुक्ला आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्।


चलचित्रका दुई मुख्य कलाकार सोना (कोंकणा) तथा विक्रम (फरहान) बलिउडमा आफ्नो क्यारियर बनाउन आएका हुन्छन्। चलचित्रमा नायिका बन्नका लागि सोना जे पनि गर्न तयार छिन्। दिल्लीको आरामदायी जिन्दगी छाडेर चलचित्रमा भाग्य परीक्षण गर्न आएका विक्रम तथा सोना पहिलो भेटपछि नै एक-अर्काको नजिक आउँछन्। चलचित्रमा ऋषि कपुरले सफल निर्माताको भूमिका निर्वाह गरेका छन्। उनी अहिले निक्की खुराना (इशा श्रावणी) लाई लिएर चलचित्र निर्माण गरिरहेका छन्। १८ वर्षीया निक्की ७० को दशककी सुपरस्टार निना (डिम्पल कपाडिया) की छोरी हुन्। जफर खान (रितिक रोशन) ले चलचित्र भित्रको चलचित्रमा नायकको भूमिका निर्वाह गरेका छन्। जफर बलिउडका चर्चित नायक हुन्। यसबीच विक्रमले ऋषिको चलचित्रमा अभिनय गर्ने प्रस्ताव पाएपछि उनको भाग्य चम्किन्छ।

### न्यू इन टाउन



हलिउडमा आज शुक्रबार प्रदर्शन हुने चलचित्र 'न्यू ईन टाउन' मा नारीप्रधान कथा समेटिएको छ। कमेडी चलचित्रका रूपमा वर्गीकरण गरिएको यो चलचित्रमा रेनी जेल्वेगरले मुख्य भूमिका निर्वाह गरेकी छिन्। चलचित्रमा ह्यारी कोन्निक जुनियर, फ्रान्सेस कोन्रोय, सिभोन फालोन होगान तथा नान्सी ड्राक पनि प्रभावकारी भूमिकामा देखिएका छन्। १ घण्टा ३६ मिनेट लामो यो चलचित्रको विश्वव्यापी वितरण लायन्सगेटले गर्दैछ। जोनस इल्मरद्वारा निर्देशित यो चलचित्रको निर्माण स्कट निमेयरले गरेका हुन्।

चलचित्रमा नायिका रेनी मायामी सहरको प्रख्यात बिजनेस वुमनको भूमिकामा छिन्। प्रभावकारी व्यक्तित्वका कारण सहरमा चर्चित रहेकी रेनीको सरुवा मायामीबाट एउटा सानो सहर मिन्नेसोटामा हुन्छ। ठूलो सहरको रमझममा हुर्किएकी रेनी अमेरिकाकै सानो सहरमा पुगेपछि उनको जीवनमा कस्तो परिवर्तन आउँछ भन्ने विषयमा यो चलचित्रको कथा केन्द्रित छ। ठूलो सहरमा बसोबास गर्ने मानिसको सोचाइ तथा व्यवहार सानो सहरमा बस्नेहरूको भन्दा कति भिन्न छ भन्ने यथार्थतालाई चलचित्रमा आकर्षक ढंगले प्रस्तुत गरिएको छ।



## तपाईंको यो साता



### यो साताको पञ्चाङ्ग

माघ १८ गते : श्रीपञ्चमी, २० गते : विश्व सीमसार दिवस, २२ गते : द्रोण नवमी, विश्व क्यान्सर दिवस, विश्व इमेल फरमेटिङ दिवस, २३ गते भीमा एकादशी

### मेष

काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। विश्वास गरेकाहरूले पनि धोका दिनेछन्। आइतबारदेखि भने मानसम्मान मिल्ने, पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय एवं अध्ययनमा सफलता प्राप्त हुनेछ। ठूला व्यक्तिले भरोसा गर्नेछन्।

### वृष

धन-मान कमाउन सकिनेछ। सोच्ने शक्ति बढ्नेछ भने भाग्यले साथ दिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायबाट लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। सजिलै अरूको मन जित्न सकिनेछ। भाग्यले पनि साथ दिनेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने देखिन्छ।

### मिथुन

मान-सम्मान मिल्नेछ। काममा सफलता प्राप्त होला। धन आर्जन हुनेछ। अरूबाट सहयोग पाउनुहोला। यात्रा पनि हुनसक्छ। सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। स्वास्थ्य गडबड हुनुका अतिरिक्त शरीरमा चोटपटक लाग्न सक्छ।

### कर्कट

नैराश्यता एवं उदासीनता बढ्नेछ। मनमा दुविधाले दरिलो डेरा जमाउनेछ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। आइतबारदेखि भाग्यले साथ दिन थाल्नेछ भने काममा सुधार आउनेछ। व्यवसायबाट लाभ मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। आफन्तहरूको सहयोग पाउनुहोला।

### सिंह

शरीरमा आलस्यता बढ्ने तथा काममा अवरोध आउनाले मनोबल घट्नेछ। नैराश्यता बढ्न सक्छ। प्रतिस्पर्धीहरू सक्रिय रहनेछन्। सोमबारदेखि धार्मिक कार्यमा मन जाने, भाग्यले साथ दिने तथा मानसम्मान मिल्ने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### कन्या

व्यवसाय बढ्नेछ भने आफन्तहरूको सहयोग पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउन पाइनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। अध्ययनमा सफलता मिल्नेछ। सजिलै अरूको विश्वास जित्न सकिनेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला।

### तुला

धन आर्जन गर्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता मिल्नेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ। घरेलु समस्याले पनि सताउला।

### वृश्चिक

सफलताका लागि संयम अपनाउनुहोला। गलत विचार बढ्न सक्छ। शत्रुबाट सजग रहनुपर्ने बेला छ। स्वास्थ्य गडबड हुनसक्छ। बुधबार र बिहीबार बोलीको प्रभाव एवं व्यवसाय बढ्ने, काममा सफलता मिल्ने, धन आर्जन तथा यात्रा हुने योग छ। अध्ययनमा सफलता हात लाग्नेछ।

### धनु

घरेलु समस्या बढ्नेछ। सफलताका लागि घरबाहिरै रहनु उचित हुन्छ। बोल्दा विचार पुऱ्याउनुपर्ने बेला छ। धनमाल हराउन सक्छ। शत्रुबाट सजग रहनुका साथै गोपनियतामा जोड दिनुहोला। अध्ययनमा सफलता मिल्ने, व्यवसायबाट लाभ हात लाग्ने तथा प्रसन्नता बढ्ने योग छ।

### मकर

प्रसन्नता एवं पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन्। आफन्तहरूको सहयोगमा धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय एवं अध्ययनमा सफलता पाउनुहोला। मान-सम्मान पनि मिल्नेछ। ठूला व्यक्तिको मन जित्न सकिनेछ। मनोरञ्जनतर्फ मन जानेछ।

### कुम्भ

विवाद बढ्नेछ भने काममा अवरोध आउनाले मनोबल घट्नेछ। झूटा आरोप पनि लाग्नसक्छ। धन खर्च होला। स्वास्थ्य गडबड रहनेछ। कुरा काट्नेहरू सक्रिय देखिन्छन्। समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउन सक्छन्। आइतबारदेखि केही काममा सफलता हात लाग्नेछ।

### मीन

मान-सम्मान प्राप्त हुनसक्छ। भोजभतेर एवं सभासम्मेलनमा सामेल हुन पाइनेछ। व्यवसायबाट लाभ मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ। अध्ययनमा सफलता देखिन्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्।

# नसुवा
## लिटिल च्याम्प


तस्बिर : नवराज वाग्ले

साप्ताहिक समाचार

काठमाडौं– चार वर्षीया बालिकालाई ऱ्याम्पमा क्याटवाक गर्न लगाइयो भने कस्तो देखिएला ? भर्खरै हिंड्न सिक्ने उमेरमा क्याटवाक गरेको पक्कै पनि रमाइलो देखिन्छ । गत आइतबार प्रज्ञा भवनमा यस्तै रमाइलो दृष्य देखियो । मिसन फेसन मेडियाले आयोजना गरेको इन्टर स्कुल चिल्ड्रेन ट्यालेन्ट हन्टमा सहभागी ३१ बालबालिकामध्ये बेस्ट ड्रेसको उपाधि जित्ने आश्विनको उमेर जम्मा चार वर्ष मात्र हो । स्मृति ब्यान्डको लाइभ संगीतमा क्याटवाक गर्ने प्रतिस्पर्धीहरूमध्ये सबैभन्दा कम उमेरकी आश्विनले आकर्षक क्याटवाक प्रस्तुत गरेर निर्णायकका साथै उपस्थित दर्शकको समेत मन जितेकी थिइन् । उनले नेवारी पहिरन लगाएर बेस्ट ड्रेसको उपाधि जितेकी हुन् ।

गत साता आयोजित बाल सौन्दर्य प्रतिस्पर्धामा राजधानीका विभिन्न १७ विद्यालयका बालबालिकाको सहभागिता थियो । तीन सिक्वेन्समा विभाजन गरिएको उक्त प्रतिस्पर्धामा नसुवा जोशीले शीर्ष उपाधि जितेकी थिइन् । परिचयात्मक चरणबाट प्रारम्भ भएको प्रतियोगितामा प्रतिस्पर्धीहरूले आफ्नो परिचय दिएका थिए । त्यसपछिको सिक्वेन्समा उनीहरूले आफ्नो रुचिको पहिरन प्रदर्शन गरे । दौरा–सुरुवाल, हाकु–पटासी जस्ता परम्परागत पहिरनसँगै उनीहरूले इभिनिङ गाउन तथा क्याजुयल वेयर समेत प्रदर्शन गरे । प्रतिस्पर्धाको फ्रि वाक शीर्षकको अन्तिम सिक्वेन्समा पनि सहभागीहरूले क्याटवाक प्रदर्शन गरे ।

यस पटकको प्रतियोगितामा निर्णायकले सहभागीलाई प्रश्न सोधेनन् । कार्यक्रम सञ्चालिकाले सहभागी बालबालिकाका अभिभावकसँग विभिन्न प्रश्न सोधेकी थिइन् । प्रतियोगितामा रिम्सा प्रधानले बेस्ट आर्ट तथा रितिका शाहीले बेसट परफरमेन्सको उपाधि जितेका थिए । ४ वर्षदेखि १५ वर्ष उमेर समूहका प्रतिस्पर्धीहरू सहभागी यो प्रतियोगिताको कोरियोग्राफी सबिन श्रेष्ठले गरेका हुन् ।

# नेपाली कलाकारका साथ चिनियाँ नयाँवर्ष



चर्चित कलाकारका गायन, नृत्य एवं हास्य प्रस्तुति एउटै मञ्चमा हेर्न पाइने उत्सुकतामा सोमबारका साँझ सयौं हङकङेली नेपाली वानचाईस्थित क्विन एलिजावेथ स्टेडियममा एकत्रित थिए । चिनियाँ नयाँवर्षको अवसरमा फुर्सदिला बनेका नेपालीलाई कार्यक्रम मनोरञ्जनक बन्यो । पाँचौ पटक आयोजित लालीगुराँस साँझमा चर्चित नायक दिलीप रायमाझी, प्रकृति गिरी, रोहित सुनार, जिरे खुर्सानीका चर्चित तीन पात्र जितु नेपाल, देवीराम पराजुली, शिवहरि नेपाल लगायत दोहोरीका चर्चित नाम राजु परियार र देवी घर्तीमगरलाई एउटै मञ्चमा हेर्न पाउँदा सबै दंग थिए ।

प्रस्तोता जितु नेपालले मुन्द्रा हल्लाउँदै व्यंग्यात्मक पाराले सुरुवातमै नेपालको वर्तमान अवस्था दर्शाए । 'यहाँ आएदेखि बिजुली कहिले जाला भन्छु जाँदैन, जाला भन्छु जाँदै जाँदैन, सोह्र घन्टा अँध्यारोमा बस्ने बानी परेको यहाँ सधैं बत्ती बलिरहँदा बोरै हुँदोरहेछ' भनेपछि हलमा हाँसोको फोहरा छुट्यो ।

राजु परियारको आँसु रचनाले के पाका के युवायुवती सबैलाई गाउँन बाध्य बनायो । दोहारीको आकर्षण देखेर उनीसँगैकी देवी घर्तीमगरका अनुहारसमेत उज्यालो थियो । नामले भन्दा उपनामले चिनिएका जिरे खुर्सानीका तीन पात्रले स्वस्थानी व्रतकथालाई आधार बनाई प्रस्तुत गरेको राजनैतिक व्यंग्यमिश्रित प्रहसन 'गणतान्त्रिक महायज्ञ' ले दर्शकलाई पेट मिचीमिची हँसायो ।

एक दर्जन स्थानीय नृत्याङ्गनासँगै मञ्चमा देखापरेका चकलेटी नायक दिलीप रायमाझीको नृत्यमा सबै मन्त्रमुग्ध भए । लामो प्रतीक्षापछि दार्जीलिङकी प्रकृति गिरी मञ्चमा देखापरिन् । हिन्दी-नेपाली गरी नौवटा गीत गाएकी प्रकृतिले उक्त अवधिभर दर्शकहरूले समेत सँगै नाचगान गर्दै साथ दिए । स्टार टेलिभिजनको कार्यक्रम 'स्टार भ्वाइस अफ इन्डिया' मार्फत् चर्चामा आएका आसामका नेपालीभाषी रोहित सुनारले पनि सबैलाई लठ्याए । १९७४ एडीको जोसिलो गीत 'जे गर जसो गर...' गाउँदै मञ्चमा उक्लिएका रोहितले दर्शकलाई सुरुदेखि नै नचाएका थिए ।

**– निर्मल श्रेष्ठ**

● सम्पादकीय ●

# समयमै सोचौं

विश्वव्यापीरूपमा देखापरेको आर्थिक मन्दीका असरहरू नेपालमा पनि क्रमशः देखापर्दै जान थालेका छन् । विश्व अर्थतन्त्रमा कुनै भूमिका नभएको भनिएको नेपालजस्तो मुलुकमा आर्थिक मन्दीले भयावह समस्या निम्त्याउन सक्छ ? यो प्रश्नमा हाम्रा अर्थविज्ञहरूले असहमति जनाउँदै आएका छन् तर विश्वव्यापी मन्दीका कारण नेपालीको वैदेशिक रोजगारीका प्रमुख गन्तव्यहरूले कामदार कटौती गर्न थालेपछि कामदारहरू नेपाल फर्कने प्रक्रिया प्रारम्भ भैसकेको छ । ऊर्जाको संकट एवं राजनैतिक प्रतिबद्धताको अभावमा नेपालको औद्योगिक क्षेत्र दिनानुदिन कमजोर हुँदै गएको अहिलेको अवस्थामा वैदेशिक रोजगारीका ढोकाहरू पनि बन्द हुने हो भने नेपालमा बेरोजगारीको संकट भयावह रूपमा देखिनेछ । अहिले नेपालका कतिपय औद्योगिक प्रतिष्ठान तथा रोजगार उपलब्ध गराउने व्यावसायिक क्षेत्रमा विभिन्न राजनैतिक दलका भ्रातृसंगठनहरूले जे-जस्तो वहानामा उत्पादन ठप्प गराउने, कामको वातावरण बिथोल्ने र त्यसका लागि कामदारहरूलाई उकास्ने काम गर्दैआएका छन् त्यसले नेपालमा औद्योगिक तथा व्यावसायिक लगानीको वातावरणलाई बिथोल्न थालेको छ । यस्तो स्थितिमा कतिपय उद्योग बन्द भैसकेका छन् भने कतिपय बन्द हुने तयारीमा छन् । उद्योग वा व्यवसाय बन्द हुनुको सबैभन्दा पहिलो प्रहार त्यहाँ काम गर्ने कामदारहरूले नै खेप्नुपर्ने हुन्छ ।

अहिलेसम्म नेपाली जनताका लागि स्थानीय उद्योग-व्यवसायहरूभन्दा वैदेशिक गन्तव्यहरू रोजगारीका लागि सहज मानिएको थियो । विश्वव्यापी आर्थिक मन्दीपछि वैदेशिक रोजगारीको सम्भावना घटेकोमात्र नभै पहिलेदेखि नै विदेश गएका कामदारहरू फर्काइन थालेपछि नेपाल समक्ष नयाँ संकट थपिने निश्चित जस्तै देखिन्छ । वैदेशिक मुद्राका लागि रेमिटान्स ( विदेशमा कार्यरत नेपाल पठाउने रकम) र पर्यटन उद्योग (जहाँ मजदुर आन्दोलनको प्रभाव छ) मा आश्रित रहँदै आएको नेपालका लागि आगामी दिनमा विदेशी मुद्रा संकट समेत देखापर्न सक्छ । यस्तो स्थितिमा दैनिक जीवनका धेरैसो आवश्यकताहरूका लागि आयातमा निर्भर रहेको नेपाली समाजले थप संकट व्यहोर्नुपर्ने सम्भावना पनि त्यतिकै छ । आन्तरिक उत्पादन हुन नसक्नु, आयात व्यवस्थापनका लागि वैदेशिक मुद्राको अभाव हुनु जस्ता कुराहरूले मुलुकमा बेरोजगारीसँगसँगै उपभोग्य वस्तुको अभाव र महंगीलाई समेत चर्काउने सम्भावनाहरूलाई अस्वीकार गर्ने स्थिति देखिंदैन । यस्तो अवस्थामा हामीले निकट भविष्यमा देखापर्ने बेरोजगारी लगायतका चुनौती सामना गर्न अहिले नै प्रभावकारी उपायहरू अवलम्बन गर्नुपर्छ ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●



## बालबालिका र होटलको सम्बन्ध

होटलमा काम गर्ने बालमजदुरहरूलाई फुच्चे, कान्छा आदि भनेर बोलाइन्छ । कतिपय सम्बोधन अप्रिय भए पनि तिनीहरू सहन विवश छन् । ग्राहकबाट यस्तो हेपाहा सम्बोधन तथा मालिक-मालिक्नीको गालीगलौजले होटलमा काम गर्ने बालमजदुरहरू पीडित छन् ।

बालबालिकामाथि हुने शोषणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा नेपालले हस्ताक्षर गरिसकेको भए पनि व्यवहारमा त्यसको कार्यन्वयन भएको पाइँदैन । नयाँ नेपालमा 'आधारभूत शिक्षा अपरिहार्य' को नारा नारामै सीमित छ । संविधानसभाको निर्वाचनका क्रममा सबै ठूला दलले आ-आफ्ना घोषणापत्रलाई बालअधिकारसम्बन्धी मीठा-मीठा शब्दले सजाएका थिए तर व्यवहारमा यी शब्द चरितार्थ हुने आशा गर्ने कुनै ठाउँ छैन । जबसम्म राज्यबाटै शैक्षिक क्रान्तिका लागि पाइला चालिंदैन थुप्रै बालबालिकामाथि भेदभावको रेखा कोरिनै रहनेछ ।

होटेल-रेस्टुराँका कान्छाहरू शिक्षाबाट वञ्चित त भए-भए, उनीहरू आत्मसम्मानबाट पनि विमुख छन् । आज पनि सहरका कतिपय होटलका टेबुलमा बालमजदुरहरू आफ्ना मालिकबाट गाली खाइरहेका छन् । यिनीहरूको दोष भनेको एउटै मात्र छ– गरिब हुनु । नियतीले ठगिएका यी बालमजदुरका बारेमा लेख्ने र बोल्ने थोरै छन् । यी बालमजदुरहरू नितान्त एक्ला छन्, श्रमशोषणको मैदानमा । दिनभरि टेबुल पुछेर कसैले महिनामा पाँच सय पारिश्रमिक पाएका छन् त कसैले हजार रुपैयाँ । कसैकसैले त पेट मात्र पुज्न पाएर पारिश्रमिकका नाममा कौडीसम्म पाएका हुँदैनन्, बरु गाली र कुटाइ यथेष्ट पाएका छन् । श्रमशोषण सहनै नसकी भागेर पुनः गाउँ पुग्दा पनि छोराछोरीलाई टेबुलमा बेचेर खान पल्किएका अभिभावकहरूले पुनः समातेर त्यही मालिककहाँ जिम्मा लगाइदिने चलन छ । छोराछोरीलाई जन्म त दिने तर जब उनीहरू हुर्केर आफ्नो आवश्यकताको खोजी गर्न थाल्छन् तब आफ्नो लाचारी प्रदर्शन गरी सहरमा ल्याएर मेरो छोरोलाई हजुरको होटलमा काम दिनुस्, तलब दिनु पर्दैन, पेट पालिदिए पुग्छ भनेर कैयन् अभिभावकले बालशोषणलाई मद्दत पुऱ्याइरहेका छन् । आफ्ना छोराछोरीलाई काममा त लगाएर जाने तर तिनीहरू कस्तो कष्टमा काम गर्दै छन् भनेर निरीक्षणका लागि नआउने, बरु गाउँमै अर्को कान्छा जन्माउन उद्यत रहने अभिभावककै कारण आज सहरमा कान्छाहरूको संख्या बढेको हो ।

उमेरगत हिसाबमा काँचा भए पनि उनीहरू सहरका होटलमा थुनिनुको उद्देश्य भिन्दाभिन्दै छन् । कोही छोराछोरी बेचेर खान पल्किएका अभिभावकका दबाबले, कोही सानै उमेरमा बाबुको मृत्युका कारण परिवार पाल्नुपर्ने दायित्व लिएर त कोही गाउँमा दुई थरीको बन्दुकको चेपमा परेर सहर भित्रिएका हुन् । अनगिन्ती दुःखदायी घटना बोकेर काठमाडौंका होटल-रेस्टुराँ र अरू उद्योगमा काम गर्ने बालमजदुरहरूको कथा सुन्ने हो भने छाती चिरिन्छ । तिनीहरू होटलमा काम गर्दा विभिन्न समस्यासँग जुध्न विवश छन् । सरकारले नै होटल र अन्य क्षेत्रमा काम गर्ने बालमजदुरका लागि आधारभूत शिक्षा अपरिहार्य भनेर बाध्यकारी कानुन बनाइदिए यिनीहरूले पनि भोलि देशका लागि केही गर्नेछन् । होइन भने यी कलिला नानीहरूले जीवनभरि यस्तै भारको मात्र सामना गर्नुपर्नेछ ।

होटलमा मात्र होइन अन्य क्षेत्रमा पनि देशको बढ्दो गरिबीको फाइदा उठाएर बालशोषण भैरहेको छ । दास मनोवृत्तिका कारण विद्रोहको भावना नउठ्ने र जतिसुकै पारिश्रमिकमा पनि स्वीकृतिको टाउको हल्लाइदिने प्रवृत्तिका कारण व्यवसायी, साहु, सामन्तहरू युवाहरूभन्दा यस्तै बालमजदुरहरू प्रयोग गर्न रुचाउँछन् । यी बालमजदुरहरू जताततै मारमा छन्, केही बालबालिका सहरमा प्लास्टिक बोकेर डुलिरहेका भेटिन्छन् त कोही गलैंचा कारखानामा त कोही इँटा भट्टामा त कोही सवारी साधनमा खलाँसी भएर कष्टकर यात्रा गरिरहेका भेटिन्छन् । देशको सरकार नै बालबालिकाप्रति आँखा चिम्लिन्छ भने अरूबाट आशा राख्नु बेकार हो । तसर्थ सरकारले यसरी होटलका कान्छाहरूको खोजी गरी उद्धार गर्ने र आधारभूत आवश्यकता निःशुल्क पूर्ति गरिदिने पहल अविलम्ब थाल्नुपर्छ ।

**प्रेमकृष्ण श्रेष्ठ, कीर्तिपुर**

● तीतो सत्य ●

सधैभरि सबैसँग राम्रो बोली वचन र राम्रो व्यवहार गर्नु नै खुसी रहने उपाय हो ।

शारीरिक बलभन्दा मानसिक बल ठूलो हुन्छ ।

नकारात्मक दिशातिर लागेको मन आफैंमा शत्रु हुन्छ ।

दूषित विचारद्वारा ग्रस्त हृदयमा राम्रा भावनाहरू जाग्न सक्दैनन् ।

भेडाको साथी भेंडै, बाख्राको साथी बाख्रै भनेजस्तै मानिसले पनि साथी बनाउन आफ्नो विचार, पद र स्थान मिल्ने साथी खोज्छ ।

धनी, गरिब, उच्च, निच, ठूलो सानो, बलियो, निर्दोष नभनी सबैप्रति समान व्यवहार गर्न सक्ने गुण नै ईश्वरीय गुण हो ।

भाग्यमानी त्यो हो जो सधैं खुसी रहन सक्छ ।

**–पद्मा सिटौला, इटहरा**

मूर्खहरूले ज्ञानी मानिसबाट भन्दा ज्ञानी मानिसहरूले मूर्खबाट धेरै कुरा सिक्छन् ।

बदला लिन र प्रेम गर्न नारी पुरुषभन्दा निर्दयी हुन्छन् ।

ईश्वरले मानिसलाई दुई कान दिएका छन् तर मुख एउटा मात्र दिएका छन्, यसको अर्थ हो– धेरै सुन थोरै बोल ।

**–सम्पूर्ण प्रजापति, ठिमी**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ ।*

*–सम्पादक*

● सहर चर्चा ●

## उदितलाई पद्मश्री

बलिउडमा ३० वर्ष लामो संघर्षपछि चर्चित गायक उदितनारायणले भारतीय राष्ट्रपतिको हातबाट प्रदान गरिने पद्मश्री पदक पाउने भएका छन् । १ अर्ब १० करोड जनसंख्या भएको भारतमा थोरै व्यक्तिले मात्र पद्मश्री पाउने भएकाले पुरस्कृतहरू भारतका सर्वश्रेष्ठ नागरिक मानिन्छन् । २० वर्षअघि चलचित्र 'कयामत से कयामत तक' को गीत गाएर अघि बढेका यी गायकले पाँच पटक फिल्मफेयर एवार्डका साथै तीन पटक राष्ट्रिय पुरस्कार हात पारेका छन् । त्यसो त पद्मश्री पदकमा सामेल गरिएपछि शिव सेनाले उदितनारायण नेपाली भएकाले उनलाई उक्त पदक दिनुहुँदैन भन्ने आवाज पनि उठाएको थियो । पदक पाएपछि उनले 'कलाकारको कुनै भूगोल हुँदैन' भनेर त्यसको बचाउ गरेका छन् । जे होस्, पद्मश्री पदकको प्राप्तिपछि उदित बधाईको पात्र भएका छन् ।





स्वीटु कार्कीले भारतको जमशेदपुरमा अध्ययन गर्दादेखि नै मोडलिङ र फेसन सोमा रुचि राख्दै आएकी हुन् । पाँच वर्षअघि जमेशदपुरमै भएको फेसन सोमा उनले पहिलो पटक ऱ्याम्पमा क्याटवाक गरिन् ।

मिलेको जीउडाल र सबैसँग सहजै घुलमिल हुन सक्ने बानीबाट सबै प्रभावित हुन्छन् । उनको जन्मस्थान पोखराको माटेपानी हो । उनले केही म्युजिक भिडियोमा पनि अभिनय गरेकी छिन् । २१ वर्षीया स्वीटुलाई मोडलिङमा लाग्न शारीरिक बनावटसँगै उचाइले पनि उत्तिकै साथ दिएको छ । नृत्य, गायन एवं अध्ययनमा रुचि राख्ने कार्की समय पाउनेबित्तिक्कै टेलिभिजनहरूमा फेसनेबल कार्यक्रम हेर्न मन पराउँछिन् । उनले पहिलो पटक ठीकठाक डटकमका लागि सुरज श्रेष्ठसँग फोटोसेसन गरेकी हुन् ।

नेपालीहरू फेसनको मामिलामा युरोपेलीभन्दा कम छैनन्, कार्कीले भनिन्– 'मैले फेसन डिजाइनर बन्ने लक्ष्य लिएकी छु ।'

## स्वीटु कार्की

● साइबर गर्ल ●

● मुखाले ●

अहिले हामी जीवन-मरणको संघर्षमा छौं ।

**पुष्पकमल दाहाल, प्रधानमन्त्री**

सरकारमा काम गर्ने वातावरण असहज बन्दै गएको छ ।

**–अष्टलक्ष्मी शाक्य, उद्योग मन्त्री**

मधेसको माग पूरा नभए सरकार ढल्छ ।

**–राजेन्द्र महतो, आपूर्ति मन्त्री**

माओवादी व्यवहार नसच्चिए संविधान बन्दैन ।

**–सीपी मैनाली, महासचिव माले**

सरकारले अग्रसरता नलिए कांग्रेसले संविधान बनाउनेछ ।

**–गिरिजाप्रसाद कोइराला**

क्यान्टोनमेन्टमा बसेको जत्था सेना होइन ? आपराधिक तत्त्व हो, तिनीहरूलाई हतकडी लगाएर जेलमा कोच्नुपर्छ ।

**–माधवकुमार नेपाले**

गौतम बुद्ध लुम्बिनीमा जन्मिदा नेपाल भन्ने देश नै थिएन ।

**–उपेन्द्र यादव, परराष्ट्र मन्त्री**

आदर्श कम्युनिष्ट खोज्दा पनि भेटिंदैनन् ।

**–निनु चापागाई**

नयाँ संविधानसँगै राजतन्त्र ब्युतिन्छ ।

**राजाराम श्रेष्ठ, नेता, राप्रपा नेपाल**

वेश्यावृत्ति भन्ने कुरा संसारमा कहाँ छैन ? सरकारले यसलाई व्यवस्थित गर्नुपर्छ ।

**–माम्पी घोष, टेलिभिजन प्रस्तोता**

# प्रचण्डले पहिरनको रंग चेन्ज गर्नुपर्छ



**१२ वर्षयता नेपालमा फेसन तथा डिजाइनिङलाई आमव्यक्तिको चासोभित्र पार्न प्रयासरत छिन्– शैलजा अधिकारी। नेपालमा पहिलोपल्ट फेसन तथा डिजाइनिङ कोर्स भित्र्याएको दाबी गर्ने शैलजाले फेसन तथा डिजाइनिङसम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएकी छिन्। तत्कालीन ग्रीनल्यान्ड बैंक (हाल स्टान्डर्ड चार्टर्ड बैंक) को महत्त्वपूर्ण जागिर छाडेर अनाकर्षक मानिएको फेसन डिजाइनिङमा हात हालेर शैलजाले ठूलो जोखिम मोलेकी थिइन्। अहिले भने उनको मेहनतले रंग ल्याउन थालेको छ। प्रत्येक वर्ष ५ सय विद्यार्थी अध्ययनरत उनको संस्था आईसीले विभिन्न अन्तर्राष्ट्रिय पुरस्कार पाउनुका साथै फेसन डिजाइनिङ पनि रोजगारी हुनसक्छ भन्ने मान्यता स्थापित गरेको छ।**

**एउटा सामान्य व्यवसाय गर्दा पनि यति ठूलो चर्चा हुन्छ भन्ने लागेको थियो ?**

थिएन, काम गर्दै जाँदा मानिसको आँखामा परिँदो रहेछ। मलाई मिडियाले वाच गरेको रहेछ। मानिसले मलाई सरकारले हेरेन, मेरो कामको मूल्यांकन भएन भनेर चित्त दुखाउनुभन्दा आफ्नो काम गर्दै जाँदा एक दिन चर्चा हुँदो रहेछ भन्ने लागेको छ।

**सामान्य सिलाइ गर्ने व्यक्तिलाई मिडियाले यति महत्त्व दिनु राम्रो हो र ?**

फेसन डिजाइन सामान्य पहिरन सिलाउने टेलर मास्टर होइन। यो व्यक्तित्व परिवर्तनको विषय हो। तपाईं जस्तो हुनुहुन्छ, त्यसलाई परिवर्तन गर्नु चानचुने कुरा होइन। टेलरमा पहिरन सिलाइन्छ। फेसन डिजाइनरले भने जुत्ताको डिजाइनदेखि कस्तो हेयर स्टाइल बनाउने भन्नेसमेत सुझाव दिन्छन्। यदि फेसन डिजाइनरकहाँ पुग्नुभएको छैन भने एकपल्ट सुझाव लिएर हेर्नुहोस्, उनले दिएको सुझावअनुसार ड्रेस परिवर्तन गर्नुहोस्, त्यसपछि थाहा हुन्छ, फेसन डिजाइनर को हो ?

**मानिस नै परिवर्तन हुन्छ ?**

व्यक्तित्व परिवर्तन हुन्छ। आत्मविश्वास बढ्छ। शरीर, पेसा, बानीअनुसार ड्रेस परिवर्तन गराउनु भनेको नयाँ चीज उत्पादन गर्नुजस्तै हो। राम्रो हुन कसलाई मन लाग्दैन ? अरूले आफ्नो प्रशंसा गरून् भन्ने कसलाई लाग्दैन ?

**बजारभरि थरी–थरीका पहिरन पाइन्छ, मन परेको कुरा किनेर लगाए भैहाल्यो नि, फेसन डिजाइनरसँग महँगो ड्रेस नै किन सिलाउनुपर्‍यो ?**

सबैभन्दा पहिले त बुटिकमा ड्रेस सिलाउँदा महँगो पर्छ भन्ने कन्सेप्ट नै गलत छ। बजारमा जति मूल्यको पहिरन किनिन्छ, त्यही मूल्यमा व्यक्तित्वलाई फिट हुने पहिरन डिजाइन गर्न सकिन्छ। बजारमा यो फिट भयो, यो भएन भनेर कसले सुझाव दिन्छ ? कुन बेला कुन पहिरन कसरी लगाउने भनेर कसले सिकाउँछ ? बुटिकमा यी सबै सेवा उपलब्ध हुन्छ, त्यो पनि त्यही मूल्यमा, जुन मूल्यमा बजारमा पहिरन किन्दा खर्च गरिन्छ।

**भनेपछि तपाईंको विचारमा संसारको उत्कृष्ट काम भनेकै फेसन डिजाइन हो ?**

मेरा लागि त हो। त्रिभुवन विश्वविद्यालयले काम नलाग्ने विभिन्न विषय पढाइरहेको छ। ती विषय पढेर न त रोजगार हुन सकिन्छ, न त समाजलाई परिवर्तन गर्न नै सकिन्छ। यसरी हेर्दा त फेसन डिजाइनले रोजगार पनि दिन्छ, मानिसलाई परिवर्तन पनि गर्छ अनि खुसी पनि प्रदान गर्छ। तपाईंसँग लाखौं रुपैयाँ छ, चर्चित सेलिब्रेटी हुनुहुन्छ तर त्यसअनुरूपको व्यक्तित्व भएन भने त्यो पद र पैसाको के काम ? मानिसअनुसारको व्यक्तित्व बनाउनुपर्छ भन्ने अभियानमा लाग्नु ठूलो कुरा हो।

**त्यसो भए प्रधानमन्त्रीले पनि राम्रो पहिरन लगाउनुपर्‍यो होइन ?**

हो, प्रधानमन्त्री भएपछि प्रधानमन्त्री जस्तो व्यक्तित्व देखिनुपर्‍यो। त्यो एउटा विशिष्ट पद हो, जसलाई पहिरन तथा व्यक्तित्वले झल्काउन सक्नुपर्‍यो। हरेक प्रसिद्ध व्यक्तिले आफ्नो प्रसिद्धिअनुरूप फेसन गर्नुपर्छ।

**प्रचण्डको ड्रेस सेन्स कस्तो पाउनुभएको छ ?**

उहाँ जहिले डल कलरको पहिरन लगाउनुहुन्छ। पहिरन छनौट हेर्दा उहाँ जहिल्यै हतारमा हुनुहुन्छ भन्ने लाग्छ। व्यक्तित्व अनुरूप उहाँमा ड्रेस सेन्स छैन। उहाँले जुँगा र केश अलिकति छोटो बनाउनुपर्छ। उहाँको नामजस्तै पहिरन पनि अलि कलरफुल हुनुपर्छ। अँ, केश माथि फर्काउने शैली भने उहाँलाई सुट गरेको छ। उहाँले डबल कलर भएको सर्ट लगाए असाध्यै सुहाउँछ।

**डा. बाबुराम भट्टराईको ड्रेस सेन्सचाहिँ कस्तो छ ?**

उहाँको बडी सेप असाध्यै राम्रो छ, तर पहिरनचाहिँ पुरानो हिन्दी फिल्मको जस्तो भयो। नयाँ नेपालको नाराअनुसार उहाँले आफ्नो व्यक्तित्वमा परिवर्तन गर्नुपर्छ। डा. भट्टराईलाई स्ट्रिप पेन्ट र सर्ट निकै राम्रो सुहाउँछ।

**नेपालमा सबैभन्दा राम्रो ड्रेस सेन्स भएको नेता को हो ?**

पशुपतिशमशेर राणा। उहाँको परिहन, व्यक्तित्व, बोल्ने शैलीले फेसन डिजाइनरहरूलाई आकर्षित गर्छ। यद्यपि गिरिजाप्रसाद कोइराला, आरजु राणा, एमालेका महासचिव झलनाथ खनालजस्ता केही नेतामा राम्रो ड्रेस सेन्स देखिन्छ। गरिबको नेता हुँ भन्दैमा त्यस्तै पहिरन लगाउनुपर्छ भन्ने छैन। सस्तो मूल्यमा पनि आकर्षक देखिने पहिरन लगाउन सकिन्छ। विशेष गरी विदेश जाँदा हाम्रा नेताहरूको ड्रेस अरू देशका नेताहरूका अघि टीठलाग्दो हुन्छ।

**ड्रेसकै कारण कुनै नेता अरूका लागि मान्य हुनसक्छ र ? जबकि उसको व्यवहार राम्रो हुनुपर्छ होइन र ?**

नेता भनेको भिजन पनि हो। गिरिजाप्रसाद कोइरालाको अघि पर्दा धेरै मानिस हत्तपत्त बोल्न सक्दैनन्। किन थाहा छ ? उहाँको दौरा-सुरुवाल, टोपीको कलर, टलक्क टल्काइएको जुत्ता तथा औंला ठड्याएर कुरा गर्ने शैलीले अरूलाई डोमिनेट गर्छ। यदि आफ्नो भिजन लागू गर्नु छ भने नेतामा डोमिनेटेड पर्सनालिटी पनि हुनुपर्छ।

**कलाकारहरूमा सबैभन्दा राम्रो ड्रेस सेन्स कसमा पाउनुभएको छ ?**

महिलाहरूमा रेखा थापा र सनी रौनियारमा भने पुरुषमा राजेश हमाल। यिनीहरूलाई ध्यान दिएर हेर्नुभयो भने बल्ल यी कलाकार किन सधैं चर्चामा छन् भने रहस्य खुल्छ। अभिनय त सबैले गर्छन्, तर त्यसअनुरूपको व्यक्तित्व बनाउनु चानचुने कुरा होइन।

**तपाईंले त गजबको कुरा गर्नुभयो, भविष्यमा कहाँ पुग्ने सपना छ ?**

संसद् भवन। त्यसपछि मन्त्री बन्ने सपना छ। महिलाहरू पहिरन र लालीपाउडरको कुरा मात्र जान्दैनन्, राजनीति पनि जान्दछन् भनेर बुझाउने इच्छा छ।

**–अश्विनी कोइराला**


आवश्यकता
काँटी तथा कुरुषले बुन्न जान्ने २० जना भन्दा बढी हुने व्यक्तिको आवश्यकता
सम्पर्क : रेणु श्रेष्ठ
फोन नं: ४२६२७५१, ४२६००७३
(समय: १०:००–५:००)

छैन अधुरो
वर्षौंको सफल अनुभवी Specialist सँगको परामर्श र १००% प्रमाणित आयुर्वेदिक औषधि सहित ग्यारेण्टी उपचार
★ लिङ्ग विकास, शिघ्रपतन र यौन उत्तेजनाका लागि
★ ३ इन्च उचाई बढाउने Height-Plus
★ Breast बढाउने/घटाउने र टाईट गराउने
★ मोटोपना घटाउने/तौल बढाउने (१२ Kg. सम्म)
★ १००% रक्सी छुटाउने- Anti Alcohol
★ ३ महिनामा ७५% भन्दा बढी स्मरण शक्ति बढाउने MemoryPlus
विद्यार्थी र व्यापारीहरूका लागि अपरिहार्य।
0% Side Effect. 100% Satisfaction
4282138, 2358209, 4672065, 9841079654

होटल तालिम विशेष छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
२००३ मा स्थापित Worldwide valid Certificate
UK, Australia, Canada, Europen देशमा Student Visa मा जानेलाई Job Replacement Airport pick up, Part time & Full time job को लागि SPECIAL CLASS चैरहेछ। तु सम्पर्क गर्नुहोस्
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG.
थप Industrial Training लाइ Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर — 2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर (Sahara School of Hospitality Mangement and Toursim Nepal) — 2040782, 016200757, 98510-93629
र्‍याडीशन होटल तालिम सेन्टर — नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि — 4464720, 9841-891131, 98510-93629

जापान मा अध्ययन
Trainnee Visa/Student Visa का लागि नयाँ कक्षा सञ्चालन गरिदैछ।
जापान सम्वन्धि निशुल्क परामर्श तथा Apply का लागि।
Student Visa मा Apply गर्नेहरूका लागि 50% Language Fee Discount.
July Session का लागि विभिन्न शहरमा १५ भन्द बढि School/College
KUMARI JAPANESE SCHOOL
New Baneshwor
Ph: 2040674, 9803152536

50% छुट सहित
RJ/VJ/MC
News
Technician
Media Marketing
Personality Development
On Air को दुनियामा पृथक अस्तित्व निर्माणको लागि
On Air Media
Bagbazar, Ktm, Nepal
Tel:-01-2041114, 9841496819

अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त NGO को सहयोगबाट ५ वर्ष देखि निरन्तर संचालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको तु. आवश्यकता।
तलब : रु. ८,५००/-
संख्या : १७ जना
योग्यता : साधारण लेखपढ Test, S.L.C + Above
महिलालाई प्राथमिकता
सम्पर्क : २०६३१००, ९८०३४८४०२६, ९८४१९१६७९२५ (चावहिल)
(शनिवार पनि कार्यालय खुल्ला रहनेछ।)

पालो तपाईको ............!
के तपाई SLC पास भएर पढाई छोडी निरास हुनु भएको छ ?
अब पीर नमान्नुहोस
Private I.A. I.Com सजिलै पास गरौं
साथै: Private Test/SLC 2066, १ वर्षे +2, Science, Math नदिई SLC मा पनि नयाँ भर्ना खुल्यो।
SANDRA OPEN SCHOOL
Sorakhutte 4361712, 2160393 | नयाँ बानेश्वर 9841035814

Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
संख्या: 11 Gents/ Ladies
तलब: 9000
योग्यता: SLC or PCL
Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ।

सौन्दर्यका सामान
Height बढाउने (Yoko Japanese) - 1250/-
मोटोपन घटाउने (Sauna Belt) - 1999/-
अनुहार गोरो बनाउने (Roop Amrit) - 1299/-
स्तन बढाउने वा घटाउने Cream - 1299/-
डण्डीफोर हटाउने (Face Pack) - 1500/-
धुम्रपान जाड रक्सी छुटाउने - 1500/-
Body Slim Cream मा Sauna Belt फ्रि -3000/-
कपाल नझर्ने वा उमार्ने तेल - 750/-
Free Home Delivery / 100% Guaranteed
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, नयारी पोशाक संग्रको अगाडी)
Ph. 2290871, Mob. 9841506134

# अंग्रेजीमा प्रश्न सोधिँदा विद्यार्थीलाई पीर

गत मंसिर १२ गते बीए प्रथम वर्षको समाजशास्त्र विषयको परीक्षामा सामेल भै फर्किएका महेन्द्र मोरङ क्याम्पस, विराटनगरका परीक्षार्थी वासुदेव ढुंगानाको भोक, तिर्खा, निद्रा हरायो। उनी जिन्दगीभरको सम्पूर्ण उपलब्धि सकिएझैं मडारिन थाले। जति सम्झाइबुझाइ गऱ्यो, झन् छट्पटिन थाले। उनलाई परेको पीर थियो- प्रश्न नबुझेर लेखिएको गलत उत्तर। पढ्न र बुझ्नमा उनलाई कुनै समस्या थिएन तर भाषागत समस्याले परीक्षामा सोधिएको प्रश्न बुझेनन्। ढुंगाना भन्छन्– 'कि त पढाइ पनि अंग्रेजीमै गराउनु, नत्र किन अंग्रेजीमा प्रश्न सोधेर विद्यार्थीलाई मारमा पार्नु ?'



बीए प्रथम वर्षकै अर्थशास्त्रको जाँच दिएर फर्किएकी कमला कुँवरलाई पनि वासुदेवको जस्तै पीर पऱ्यो। समूह बीको ११ नम्बरमा सोधिएको प्रश्न उनले बुझ्दै बुझिनन्, त्यसैले उत्तर लेखिनन्। घरमा आएर नोटकपी पल्टाइन्। थाहा पाइन्- कैयौं पटक पढेर कण्ठस्थ भएको पाठ रहेछ। उनलाई पछुतो नहुने कुरै भएन।

वासुदेव र कमलाले हजारौं विद्यार्थीको प्रतिनिधित्व गरेका छन्। अंग्रेजी भाषामा प्रश्न सोधिँदा विद्यार्थीहरू ठूलो मर्कामा परेका छन्। उनीहरूको गुनासो छ- पढाइ नेपालीमा, प्रश्नचाहिँ अंग्रेजीमा किन ? उत्तर आउँछ तर प्रश्नै नबुझेपछि केको उत्तर लेख्ने ? कहिलेकाहीँ यही होला भनेर लेख्यो, गलत भैदिन्छ।

त्रिभुवन विश्वविद्यालयका स्नातक र स्नातकोत्तर तहका भाषाबाहेक अरू सबै विषयका प्रश्न अंग्रेजीमा सोधिन्छ। नेपालीमै लेखिएका पाठ्यपुस्तक र सन्दर्भ-सामग्रीहरू विश्वविद्यालयको सिफारिसमा परेका छन्। कक्षामा पढाइ र बुझाइ नेपालीमै हुन्छ अनि प्रश्नचाहिँ अंग्रेजीमा किन ? त्रिभुवन विश्वविद्यालयका सहपरीक्षा नियन्त्रक दिव्यराज चापागाईं भन्छन्- 'विश्वविद्यालयमा पढ्ने विद्यार्थीले कम्तीमा सामान्य अंग्रेजीको ज्ञान राखोस् भन्ने मान्यता हो। बीएसम्म अनिवार्य अंग्रेजी पढाइन्छ र अरू विषयका पाठ पनि अंग्रेजीमा जान्नुपर्छ भन्ने मान्यताअनुसार अंग्रेजीमै प्रश्नपत्र तयार गरिन्छ।'

विज्ञान तथा प्रविधि विषयहरूचाहिँ अंग्रेजीमै पढाइने भएकाले उक्त संकायका प्रश्नमा भाषिक समस्या छैन। मुख्य विषय अंग्रेजी पढ्नेहरूलाई पनि खासै समस्या नपर्ला तर सामान्य विद्यार्थीहरू भने अंग्रेजी प्रश्नको सिकार बन्न पुग्छन्। मानविकी, शिक्षा, कानुन र व्यवस्थापन संकायका विद्यार्थी 'प्रश्नपीडित' बन्ने गरेको पाइन्छ।

समस्या त्रिभुवन विश्वविद्यालयको मात्र होइन, पूर्वाञ्चल विश्वविद्यालयमा समेत उस्तै छ। त्यहाँ पनि स्नातक र स्नातकोत्तर तहका भाषा विषयबाहेकका प्रश्नपत्र अंग्रेजीमै तयार हुन्छन्। पूर्वाञ्चल विश्वविद्यालयका परीक्षा नियन्त्रक सुशीलकुमार झा भन्छन्- 'विद्यार्थीहरूले विषयवस्तुको अंग्रेजी अर्थ पनि बुझून् भनेर यसो गरिएको हो।' सामान्य विद्यार्थीले प्रश्न बुझेर उत्तर दिन नसके पनि क्षमतावान् विद्यार्थीलाई यसले केही असर नपार्ने झाको तर्क छ।

विद्यार्थीले सक्छन् भने अंग्रेजीमै लेख्ने क्षमताको विकास गरून् भन्ने त्रिभुवन विश्व-विद्यालयको आशय हो। सामान्य विद्यार्थीलाई पीर पऱ्यो भनेर विश्वविद्यालयले नेपालीमा प्रश्न बनाउने सुर भने ल्याएको छैन। दुवै विश्वविद्यालयका परीक्षा नियन्त्रकहरूको साझा धारणा छ- विश्वव्यापीकरणको वर्तमान युगका अंग्रेजीसम्बन्धी ज्ञान आवश्यक छ, त्यसैले विद्यार्थीहरूले यो भाषाको ज्ञान-सीप अभिवृद्धि गर्नुपर्छ।

त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहमा अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्नपत्र छापिने हुनाले विद्यार्थीहरूको कुनै गुनासो छैन, तर माथिल्ला तहमा विषयगत दक्षता भए पनि भाषागत कमजोरी हुनेहरूले अंग्रेजीमा प्रश्न भएकै कारण डिग्री हासिल गर्न नसकिरहेको अवस्था छ।

मानविकी, शिक्षा, कानुनजस्ता विषयका अंग्रेजीमै लेखिएका पुस्तक पढ्न चाहनेलाई नेपालमा त्यति सजिलो छैन। आधारभूत शिक्षा नेपालीमा लिएका विद्यार्थीहरूलाई गहन अंग्रेजी बुझ्न एकातिर कठिन छ भने अर्कातिर त्यस्ता पुस्तक नपाउने समस्या जल्दोबल्दो छ।

प्रश्न छपाइ, उत्तर लेखाइ, उत्तरपुस्तिका परीक्षणका पाटामा लुकेको रहस्य के देखिन्छ भने प्रश्न अंग्रेजीमा हुनु देशको शिक्षाको स्तरीयता देखाउनु र अंग्रेजीमै उत्तर लेख्नु राम्रो अंकको भागिदार बन्नु हो। उत्तरपुस्तिका परीक्षण गर्ने र परीक्षार्थी दुवै पक्षको अनुभवमा अंग्रेजीमा लेखिएका उत्तरले राम्रो अंक पाएका छन्। यदि वास्तविकता यही भएको खण्डमा अंग्रेजीमा छापिएका प्रश्न बुझ्न हम्मे पर्नेहरू अझ तल पर्छन्। स्कोर कम भएपछि जुनसुकै प्रतिस्पर्धामा पछाडि परिन्छ।

अर्कातर्फ स्नातकोत्तर तथा स्नातक तहकै पनि कतिपय विषयका शोधपत्र तथा प्रयोगात्मक परीक्षाहरू अंग्रेजीमा तयार गरिन्छन् तर नेपालीमा प्रस्तुत गरिन्छन्। यसले लिखित परीक्षामा अंग्रेजी भाषामा सोधिने प्रश्नको खिल्ली उडाउँछ। कि अंग्रेजी माध्यममै पढाइ हुने व्यवस्था होस्, होइन भने प्रश्नपत्र अंग्रेजी र नेपाली दुवै भाषामा आउने भए सर्वसाधारण र भाषाभन्दा विषयवस्तुको ज्ञान भएकाहरू लाभान्वित हुने थिए।

## ● शैक्षिक जिज्ञासा ●

**प्रश्न : वैदेशिक शिक्षासम्बन्धी परामर्श दिने संस्थाको काम के हो ?**

**रञ्जित सोमानी**

**उत्तर** : उच्च शिक्षा हासिल गर्ने क्रममा विदेश जान चाहने विद्यार्थीहरूलाई सहयोग पुऱ्याउने उद्देश्य राखेर परामर्श संस्थाको अवधारणा आएको हो। नेपाली विद्यार्थीले रोजेको विषय र रोजेको राष्ट्रमा गएर अध्ययन गर्न पाऊन् भनेर मध्यस्थकर्ताको भूमिकाका लागि परामर्श संस्था स्थापना भएका हुन्। नाम चलेका विश्वविद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीलाई परामर्श संस्थाले सक्दो सहयोग गर्छन्, जसबापत उनीहरूले निश्चित शुल्क लिन्छन्। वैदेशिक शिक्षाका क्रममा आवश्यक पर्ने आधारभूत जानकारीदेखि विदेश जान आवश्यक पर्ने भिसा आवेदन कसरी गर्ने ? सम्मको सबै विषयमा विद्यार्थीलाई यस्ता संस्थाले जानकारी प्रदान गर्छन्। यसबाहेक विद्यार्थीको रोजाइको विषयका लागि सम्बन्धित विश्वविद्यालय वा कलेजसँग सम्बन्ध विकास गरिदिने, त्यहाँका प्रक्रिया तथा नियमसम्बन्धी जानकारी दिने काम पनि परामर्श संस्थाले गर्छन्। बजारमा थुप्रै परामर्श संस्था खुलेका भए पनि इक्यानको लोगो प्रयोग गरेका शैक्षिक संस्था बढी भरपर्दा हुन्छन्।

वैदेशिक रोजगार तथा वैदेशिक उच्च शिक्षाका क्रममा विदेश जाने तयारी गरिरहनुभएकाहरूले साप्ताहिकमार्फत यस क्षेत्रका बारेमा जिज्ञासा पठाउन सक्नुहुनेछ। तपाईंहरूका जिज्ञासालाई निराकरण गर्न हामीले सम्बन्धित क्षेत्रका विज्ञबाट यसको उत्तर खोज्नेछौं।

सम्पादक, साप्ताहिक

# हाई अङ्ग्रेजी, तेरो कमाल !

आशिष लुइँटेल

हुँदाहुँदा हाम्रो समाज यस्तो भैसक्यो कि सम्भ्रान्त परिवारको भनेर चिनिन अंग्रेजी जान्नैपने, बोल्नैपर्ने। म 'पाखे' रे ! कोही-कोहीले 'गाउँले' पनि भन्छन्। ए बाबा, केको फूर्ति हो यस्तो ? जाबो अंग्रेजीको यत्रो रडाको ? 'कान्तिपुर लाइङ्किङ' मैले अंग्रजी बोल्दिएँ 'अनि समाचार हेरिङ्किङ'। उसले भनी- 'ओ, नो।' 'अनि के हो त ?'- मैले सोधेँ। 'वान्ना रिड' उसले जीउ तन्काउँदै अंग्रेजी फन्काई। अनि पढ्ने कोठामा जाऊ न त ! 'नट नाउ, आफ्टर कसौटी,'-उसले रिमोट बटार्दै भनी। जति नेपाली बाले पनि उसका हरेक गफ अंग्रेजीमै। हुँदा-हुँदा ऊसँग गफ गर्न हजुरममी बस्नुभयो भने दोभाषे चाहिने। शब्दैपिच्छे यसको अंग्रेजी अनि हजुरममीको एउटै प्रश्न- 'के रे ?' ए गाँठे ! अब यो +२ पढिरहेकी बहिनीलाई गर्ने के ? म आफै जुरुक्क उठें अनि आफ्नो कोठामा पसेर थालें यही लेख टाइप गर्न।'

अवसर मिल्नेबित्तिकै अंग्रजीको 'फुर्ती' हान्नेहरूको संख्या वृद्धि हुँदै गएको छ। घरमा त यस्तै भयो-भयो, विश्वविद्यालय जाँदा होस् वा कतैको बैठकका एजेन्डा, प्रस्तुति, छलफलमा सहभागी हुँदा नै यी सबै अंग्रेजीमै। कनीकुथी भए पनि, लटरपटर पारेरै भए पनि अंग्रेजी नै। ए बाबा ! हैन म कहाँ छु ? नेपालमा कि अन्त कतै ? कहिलेकाहीं त तारे जमिनपरको बालकलाकारको आँखाअगाडि घुम्ने गरेका शब्दझैं मेरा आँखाअगाडि पनि घुम्छन् अंग्रेजी बोल्ने रहर गर्नेहरूको लटरपटर अंग्रेजी। यो लेख टाइप गरिरहँदा समेत आफैलाई खित्का छाडेर हाँस्न मन लागि रा'छ। कहीं नभा'को अंग्रेजी अनि नक्कल गर्न खप्पिस हामी नेपाली। मलाई मात्र होइन, धेरैलाई यस्तै भा'को हुनुपर्छ। ६ दशकपहिले हाम्रा महाकविलाई त झन् सानो रिस उठ्या रहेछ र- अंग्रेजी पढ्नेलाई कुलीनकी छोरी छन्, बाबुसाहेबहरूका घरमा मेच, स्कुलमा छडी, कलेजमा दाह्री, व्यापारका केन्द्रमा पैसा, परराष्ट्र अफिसमा इज्जत, भाषानुवादमा बोलावट, रोटीमा नौनी, विदेशमा रवाफ, स्वदेशमा धाक, साथीभाइहरूमा नाक, घन्टामा पचास र संसारमा सुवास, हाइ ! अंग्रेजी !... तेरै रवाफ खाएर हामी बसिरहेछौं।

लक्ष्मीप्रसाद देवकोटाको लक्ष्मी-निबन्ध संग्रहको 'हाइ ! हाइ ! अंग्रेजी !' निबन्धमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले गरेको अंग्रेजीप्रतिको यो व्यंग्य वास्तवमा व्यंग्य नभएर यथार्थताको वर्णन नै हो। कसैको योग्यता र व्यक्तित्वको कसी नै अंग्रेजीमा निर्भर हुन थालेको छ। नेपाली खुट्याउन जाने पनि अर्थ बुझ्न नसक्ने हजुरममीसँग बजार घुम्न निस्किएँ भने म हैरान हुन्छु। स्टेसनरी, ग्लोसरी, ब्युटीपार्लर, टेलरिङ, डिपार्टमेन्टल स्टोर, सुपरमार्केट, ट्राभल्स एन्ड टुर्स, बुटिक, कलरल्याब, हार्डवेयर, सफ्टवेयर, कोल्डस्टोर, रेस्टुराँ एन्ड बार, साइबर, क्याफे यस्तै यस्तै होर्डिङबोर्डमा लुकेका 'अधिकारी किराना पसल' हरू भेट्न धौ-धौ पर्छ।

अंग्रेजीले गाउँबाट एसएलसी उत्तीर्ण गरेर सहर छिरेकाहरूलाई जति चोट त अरू कसलाइ पार्ला र ! 'राम , राम ! माथ्ला घरे श्यामेले त फस्ट डिभिजनमा एसएलसी पास गरेछ !' भन्दै जिब्रो टोक्नेहरूमाझ आफ्नो सान खातखुत झरिहाल्छ जब ऊ कलेज गेट छिर्छ- हेइ वाट्ज अप म्यान, ह्याभ नो क्लास ?' काठमाडौंकी सवनमको यति बोलीले ऊ काम्न थाल्छ। धेरै मानिसमा हीनताबोध सिर्जना गराएको छ अंग्रेजीले अनि धेरैलाई जबर्जस्ती 'ल्याङ्ग्वेज इन्स्टिच्युट' मा धाउन लाएको छ यही अंग्रेजीले। यही अंग्रेजीले कतिलाई त गफ गर्ने क्रममा रातोपिरो बनाएर पेल्ने गरेको छ। घरको काम छाडेरै भए पनि 'एबीसी...' सिक्ने चक्करमा फस्न थालेका आमाहरूलाई हेरेर एकातिर आफू त कस्तो न भइएछ अंग्रेजी जानेर जस्तो घमन्ड आउँछ भने अर्कातिर आमाहरूको लज्जित मुहार हेरेर आफैमा लाज लागेर आउँछ।

अर्को घटना पनि सुनाउँछु। यो प्रतिनिधि घटना सम्झँदा पनि म खित्का छाडी-छाडी हाँसिरहेको छु- 'चार छब्बीस त्रिसट्ठी त्रिसट्ठी' यो फोन नम्बर टिप्न सकेन उसले- 'ह्या ! बुझिएन इङलिसमा भन् न, कति रे ?' नेपाली भाषामा पढेको साथी प्रज्वललाई कुन अंकलाई के भन्छन् राम्रोसँग याद रहेनछ। याद होस् पनि कसरी, त्यही कखरा गर्दा नेपाली गणितमाला पढ्या हो, त्यो पनि १५-१६ वर्षपहिले।

मैले पनि ठाउँ पाइहालेँ– ल 'क' देखि 'ज्ञ' सम्म भन् त। भन्दै जाँदा 'ढ' पछि ऊ अड्कियो। यो व्यथा प्रज्वलको मात्र होइन, धेरै 'बोर्डिङ' का विद्यार्थीहरूको हो। कतिलाई त 'वान टु टेन ' लेख्न आउँछ तर 'एकदेखि दस' सम्म गाह्रै पर्छ। ह्रस्व-दीर्घदेखि चन्द्रविन्दुसम्मको कुरामा त अझ बेहाल हुन्छ। यो कटु सत्य हो, तीतो यथार्थ पनि हो। कति ठाउँमा मैले गाली खा'छु- 'तँलाई राम्रोसँग नेपाली बोल्न आउँदैन।' हिंजोआज त निकै मजाले नेपाली बोल्छु, त्यै पनि कहिलेकाहीं त जिब्रो बटारिन्छ। बहिनी होस् वा म, प्रज्वल होस् वा सवनम, दोष त हाम्रो होइन नि !

अबचाहिं मलाई रिस उठेर आयो है। ए बा हामी युवाहरूकै कारणले यस्तो भएको त होइन नि ! स्कुलका दिनहरू सम्झौं त ! अहो, कस्तो सजायँ- पिटाइ खानुपर्ने, कुखुरा बन्नुपर्ने, उठ-बस गर्नुपर्ने, सबै साथीको अगाडि बेइज्जति, थप 'होमवर्क', अभिभावकमा उजुरी के-के हो के-के ! कारण- स्कुल गेटभित्र छिरेपछि नेपाली बालेकाले अर्थात् अंग्रेजी नबालेकाले। अंकलकी छोरी मोनालाई 'ताराबाजी लै लै...' भन्न आउँदैन तर 'ट्वींकल ट्वींकल लिटल स्टार...' देखि 'ज्याक एन्ड जिल' सम्मका 'नर्सरी राइम्स' खरर छ।

यसमा हाम्रो के दोष ? हामीलाई त जे सिकायो त्यही न सिक्ने हो ! त्यसमाथि थेग्नै नसक्ने त्यत्रो सजायलाई छल्दै हामी किन नेपाली सिक्छौं ? तर घाटा देशलाई भैरहेछ। जुन देशको माटोमा हामी हुर्कंदै छौं जहाँ हामीलाई भविष्यका कर्णधार पनि भनिन्छ त्यही देशको भाषाप्रति हामीलाई बेखबर राख्ने दुष्प्रयास किन गरिन्छ ? आफ्नै देशको भाषाप्रति घृणा जाग्ने व्यवहारले किन सास्ती दिइन्छ ? 'इङ्लिस स्पिकिङ जोन' नै घोषणा गर्ने हाम्रा स्कुलहरू खै, कस्ता कस्ता ?

खासगरी निजी स्कुलहरू नेपाली भाषाविरोधी देखिन्छन्। यिनका व्यवहारले कलिला आजका बालबालिकामा आफ्नै भाषाप्रति कतिसम्मको मानसिक वितृष्णा जगाउँछ, सायद ध्यान गएको छैन होला ! विद्यार्थीहरूमा राष्ट्रिय भाषाप्रति प्रेम जगाउने मुख्य जिम्मेबारी बोकेको स्कुलले खै जिम्मेबारी बोध गरेको ?

हो, अंग्रेजी अन्तर्राष्ट्रिय भाषा हो जसको आवश्यकता छ तर यसो भन्दैमा नेपाली भाषाको कामै छैन त ? यो अनावश्यक नै हो त ? विज्ञान र प्रविधिको यो युगमा अंग्रेजी भाषाले महत्त्व पाउनु जायज छ तर यसकै भरमा अंग्रजीलाई काखा र नेपालीलाई पाखा किन त ? मलाई त हाम्रा अभिभावकको संकीर्ण सोचाइ देखेर पनि चित्त दुख्छ। उहाँहरूको चाहना पनि छोराछोरीले अंग्रेजी खरर बोलून् भन्ने मात्र हुन्छ तर नेपालीप्रति मतलब नै राख्नुहुन्न।

ठीक छ अंग्रेजी पनि चाहिन्छ नेपाली पनि नभइहुन्न। यस्तो अवस्थामा दुवैलाई मिलाएर लान सकिन्न ? सोचौं अनि वहस चलाऔं ! त्योभन्दा पहिले हामीले नेपाली बोल्यो भने अंग्रेजी बिग्रन्छ भन्ने नकारात्मक मनोविज्ञानलाई फाल्न सक्नुपर्छ। विशेषगरी अभिभावक र शिक्षकहरूले बोल्ने र प्रयोग गर्ने भाषाका लागि स्वयं विद्यार्थीलाई पूर्णरूपमा स्वतन्त्रता दिनुपर्छ। 'नयाँ पुस्ता स्टायल पारी-पारी अंग्रेजी बोल्या हेर न !' भन्ने आरोप त्यसपछि लगाइयो भनेचाहिँ न्यायसंगत होला कि !

# मध्यमाञ्चलस्तरीय इन्फोटेक

रुपेश दुलाल

हेटौँडा– क्यान मकवानपुरको आयोजनामा माघ २३ देखि २७ गतेसम्म 'मध्यमाञ्चलस्तरीय क्यान इन्फोटेक तथा सूचना-प्रविधि सम्मेलन-२००९' हुने भएको छ। उक्त इन्फोटेकलाई लोजिटेकले प्रायोजन गरेको हो। उपत्यकाबाहिर पनि प्रविधि विकासका लागि क्यान नेपालको योजनाअनुसार हुन लागेको प्रविधि मेलाप्रति यहाँ धेरैमा चासो छ।

सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा विकशित नयाँ प्रविधि प्रदर्शन र यस क्षेत्रको विकासका लागि आवश्यक रणनीति निर्माणमा सार्थक अन्तर्क्रिया गर्ने उद्देश्यले इन्फोटेकको आयोजना गरिएको हो। पाँच दिने मेलामा विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कम्पनी एवं स्थानीय सूचना प्रविधिको क्षेत्रमा कार्यरत संघ-संस्थाहरूको सहभागिता रहनेछ।

नारायणी अञ्चलका पाँच र आसपासका जिल्लाहरूलाई लक्षित गरी आयोजना गर्न लागिएको सूचना प्रविधि मेलामा ग्रामीण क्षेत्रका बासिन्दा, विद्यालयका शिक्षक तथा विद्यार्थी, गृहिणी, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूका प्रतिनिधिहरूलाई मुख्य केन्द्रविन्दु बनाइएको क्यान मकवानपुरका अध्यक्ष श्यामकल श्रेष्ठले बताए।

सूचना प्रविधि मेलासँगै सूचना प्रविधि सम्मेलनसमेत गर्ने तयारी भैरहेको छ। आईटीविज्ञहरू, उच्चपदस्थ सरकारी कर्मचारीहरू, नीति-निर्माता, प्रयोगकर्ता, विभिन्न सरकारी तथा गैरसरकारी क्षेत्रका विज्ञहरूसहित ३ सय जना सहभागी रहने सम्मेलनमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार, सफ्टवेयरको विकास, विभिन्न सामाजिक तथा आर्थिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग, ई-कमर्स, बायो-इन्फरमेटिक्स, विद्युतीय कार्यमा नेतृत्व र व्यवस्थापन, ई-गभर्नेन्स, संस्थागत सुशासन आदि विषयमा कार्यपत्र प्रस्तुत हुने क्यान नेपालका तृतीय उपाध्यक्ष दीपेन्द्र रेग्मीले बताए।

प्रदर्शनीमा मेरो मोबाइल, युटीएल, मर्कन्टाइल कम्युनिकेसन, नेपाल टेलिकम, न्युटेरिक नेपाल, मिदास, ब्रदर इन्टरनेशनल जापान, सामसुङ, सोनी, नोकिया आदि ब्रान्डले स्टल राख्ने भएका छन् भने कम्प्युटर एस्सोसरिज, सफ्टवेयर र राष्ट्रिय तथा स्थानीय आईटी कन्स्ट्यान्टहरूको स्टल रहने मेलाले ग्रामीण जनतामा प्रविधिका बारेमा चेतना वृद्धि गर्न सहयोग पुग्ने आशा क्यान मकवानपुरले लिएको छ।



## प्रविधिसम्बन्धी राष्ट्रिय पुरस्कार

क्यान मकवानपुरले सूचना प्रविधिसम्बन्धी राष्ट्रिय पुरस्कारको घोषणा गरेको छ। सूचना प्रविधिको क्षेत्रका महत्त्वपूर्ण योगदान पुर्‍याउने एक जना राष्ट्रिय व्यक्तित्वलाई 'प्रविधि राष्ट्रिय पुरस्कार' द्वारा पुरस्कृत गरिनेछ। पुरस्कारको राशि १० हजार १ रुपैयाँ नगद छ। हेटौँडामा हुने मध्यमाञ्चलस्तरीय सूचना प्रविधि मेलामा एक जना व्यक्तित्वलाई उक्त पुरस्कार प्रदान गरिने क्यान मकवानपुरका अध्यक्ष श्यामकल श्रेष्ठले बताए। सूचना प्रविधि र सञ्चारको क्षेत्रमा लामो समयसम्म योगदान पुर्‍याएका व्यक्तित्वलाई प्रदान गरिने उक्त पुरस्कारले युवापुस्तालाई प्रविधिको विकासमा लाग्न प्रोत्साहित गर्ने क्यान मकवानपुरले जनाएको छ।

# भयमुक्त सिकाइ सम्भव छ

कक्षा शिक्षणमा प्रभावकारिता ल्याउन मार्गदर्शक सिकाइ सिद्धान्त हो। यसले सिकाइको प्रकृति, प्रविधि, शिक्षण सिकाइ सामग्री, शिक्षण मूल्यांकन विधि, सिकाइका सीपहरूजस्ता विविध पक्षहरूमा शिक्षकलाई मार्गदर्शन गर्दै शिक्षण सिकाइ क्रियाकलापमा प्रभावकारिता ल्याउने र पेसागत विकासमा अघि बढाउन सहयोग पुर्‍याउँछ, तर हाम्रो दुर्भाग्य, सधैं आफ्नै हित मात्र चाहने विद्यालय सञ्चालक र शिक्षकलाई सिकाइका बारेमा सोच्नेसम्म पनि फुर्सद छैन।

आजसम्म पनि सिकाइ सिक्नका लागि कसैले बाहिरबाट भन्नैपर्ने, बताउनैपर्ने, लाद्नैपर्नेजस्ता गलत धारणाहरू व्याप्त देखिन्छन्। वास्तवमा लादिएका वा जबरजस्ती भनिएका कुरा कहिल्यै स्थायी हुँदैनन्। त्यसैले भनिन्छ, मानिसले आफ्नै पहलमा जबसम्म कुनै कुरा स्वीकार गर्दैन, तबसम्म उसले स्थायी सिकाइ सिक्दैन।

अर्थपूर्ण सिकाइका लागि कक्षाकोठाका क्रियाकलापहरू सन्तोषजनक र आनन्ददायी रूपमा हुनुपर्छ। शिक्षकले विद्यार्थीहरूलाई त्यति बेलासम्म पर्खनुपर्छ, जुन बेलासम्म ऊ सिक्नका लागि तयार हुँदैन। शिक्षकले त्यस्ता अनुभवहरू विद्यार्थीलाई दिनुपर्छ, जसले तत्परताका लागि उत्साही बनाउँछ र तत्परता वृद्धि गराउँछ। शिक्षकले आफ्नो शिक्षणकार्य दबाबमूलक नभै स्वतन्त्र रूपमा सञ्चालन गर्नुपर्छ। विद्यार्थीको प्रकृति, स्वभावअनुसार दिइने कक्षाकार्य पुनर्बलयुक्त भएमा त्यसको प्रभाव राम्रो हुन्छ। शिक्षण सिकाइमा नयाँ नयाँ शैक्षिक सामग्रीको प्रयोग विविध प्रकारबाट गर्नुपर्छ। यसले गर्दा विद्यार्थीको सृजनात्मकताको विकास, नयाँ-नयाँ विधिले प्रेरणायुक्त कार्यको विकास तथा सिकाइप्रति जागरणमा वृद्धि हुन्छ।

विद्यार्थीहरूलाई सल्लाह, निर्देशन, प्रशंसा, प्रेरणा, पुरस्कार प्रशस्त प्रदान गरी आनन्ददायक एवं सन्तुष्टिको वातावरण निर्माण गर्नुपर्छ। विद्यार्थीले कक्षामा प्राप्त गरेका ज्ञान र सीपलाई दोहोर्‍याउने र प्रयोग गर्ने बढीभन्दा बढी अवसर प्रदान गर्नुपर्छ। यस प्रकारको प्रयोगले अभ्यासलाई विकसित गराउँछ, सीपयुक्त सिकाइप्रति अग्रसर बनाउँछ।

विद्यालयमा दिइने सजाय, विभिन्न प्रकारले विद्यार्थीप्रति हुने यौन दुर्व्यवहार एवं हेपाइको अन्त्य गर्न भयमुक्त सिकाइ अभियान अत्यावश्यक छ। सम्मानजनक सिकाइ तथा बालमैत्री शिक्षण पद्धतिको प्रवर्द्धनबाट विद्यालयलाई भयमुक्त बनाउन सकिन्छ। विद्यालयबाट हिंसा र बन्द हड्तालजस्ता सबै प्रकारका अवरोध हटाउन सबैले यथोचित भूमिका निर्वाह गर्नु अपरिहार्य छ, अन्यथा भयमुक्त सिकाइ अभियान पनि हात्ती आयो हात्ती आयो फुस्सा नबनोस्।


+2/SLC १ वर्षमै
१ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
Maths/Science नपढी पांच विषय मात्र पढेर SLC पास गर्न चाहनुहुन्छ ?
Commerce, Arts, Science
SLC/+2 मा ५ वटा विषय पढे पुग्ने।
जागिरे गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त।
Nepali/English भाषामा परीक्षा दिन सकिने।
पाथ-फाईण्डर ग्लोवल एजुकेशन
पुतलीसडक चोक, काठमाडौं 2005077, 9803003585

अर्जेन्ट आवश्यकता
नेपाल सरकारबाट मान्यता प्राप्त NGO सँग आबद्ध भै विगत ५ वर्षदेखि संचालित संस्थालाई कर्मचारीहरूको आवश्यकता। पार्ट टाइम/फुल टाइम जबको व्यवस्था
गृहणी तथा विद्यार्थीको लागि उपयुक्त
तलब : ९००० + T.A.
संख्या : १० महिला/९ पुरुष
योग्यता : साधारण लेखपढ
S.L.C. +2 &, Basic Internet जानेको
२०७३८४४, ९८४१९८८१७४
९८०३०७५९८१, कोटेश्वर
शनिबार पनि कार्यालय खुल्ने छ।

OASIS
Is old name plate for Institute in valley & still in use with us. We have no branches. If there's any this is the childish/shameful try to eat in others plate. O.L.C. family
Learn to Speak English
★Different level & packages (2 & 3 Months)
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

होटल तालिम
Cook,Waiter, Waitress, Room Boy, Front office, Bar man, Housekeeping
Chinees,Indian,Continental, Italian, Cooking Indian Veg. Special, Bakery, Ice-cream, Tamato, Ketchup, Jam & Squash, Pickles
सिट सिमीत छ
विशेषताहरू
Theory तथा Practical सँगै गरीने छ।
तारे होटलमा Practical गर्न लगिने।
विदेश जानेको लागि विशेष व्यवस्था
५ तारे होटलका दक्षप्रशिक्षकबाट तालिम
अभियान पर्यटन तथा होटल
तालिम केन्द्र कुपण्डोल बस स्टप
५५३६०५७, ५५२३०८२, ९८४१२०८७४९

कष्मेटिक सर्जरी
- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
सम्पर्क:
PLASTOKOS
प्लाष्टिक सर्जरी क्लीनिक
०१६९१०५३२,९८०३८८३५७७
मानभवन, जावलाखेल

"गजब छ है गजब छ"
होटल तालिम
विदेश जानेहरूको लागि लिनै पर्ने तालिमका कक्षाहरू धमाधम संचालन भई रहेको छ।
कुक वेटर बारम्यान हाउसकिपिङ
होटल तालिम गजब छ !!!
कुक तालिममा वेटर फ्रि
EMTC Hotel Training
New Baneshwor,Thapagun
Contact: 4483969

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिइन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

मुहार
बेदाग गोरो बनाउने आयुर्वेदिक
रूपअमृत - Rs.1650/-
Anti Pimple [Rose Sunscream Free]
मुहारको दाग चायाँपोतो हटाउने Dr. Japan - Rs.350/-
मुहारको चाउरीपना हटाउने Cream - Rs.1250/-
स्तन बढाउने/घटाउने Cream - Rs. 1650/-
ग्याष्ट्रिक, सुगर, ब्लडप्रेशर, दम समाधान
शरीरको तौल + उचाई बढाउने
सफल आयुर्वेदिक/प्राकृतिक उपचार
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
केश
झर्न तुरुन्तै रोकी उमार्ने तेल
Before After
Herbal44 Rs. 750/- → [Soap Free]
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 9841330144
9845062538 Chitwan, इटहरी 025-580944



# बर्डफ्लु आतंक

## मानिसमा बडफ्लुका संकेतहरू

बर्डफ्लुद्वारा १४ देशका ४ सय व्यक्ति संक्रमित भएकोमा २ सय ६० को मृत्यु भैसकेको छ। बर्डफ्लु जीवाणुको संक्रमण भएपछि मानिसमा ज्वरो आउने, खोकी लाग्ने, घाँटीका साथै मांसपेशी तथा जोर्नीहरू दुख्नेजस्ता समस्या देखापर्ने चिकित्सकहरू बताउँछन्। यो रोगले फोक्सोमा गम्भीर असर पारी निमोनियाँसमेत हुन सक्छ। यो अवस्था अत्यन्त घातक हुन्छ। बर्डफ्लु लागिसकेपछि यसको विशेष उपचार छैन।

यसमा बिरामीलाई सहयोगात्मक उपचार गरिन्छ। विदेशी मुलुकहरूमा एन्टिभाइरल औषधीहरू ओसेल्ट्रामिभिर र झानिमिभिर प्रयोग गरिने भए पनि नेपालमा ती औषधी उपलब्ध छैनन्। रोगी चराचुरुङ्गीलाई नष्ट गर्ने र चराचुरुङ्गी तथा जनावरको फार्मलाई निसंक्रमण गर्नुपर्छ। बिरामी मानिसलाई छुट्टै राखी लक्षण अनुसार सहयोगात्मक उपचार गर्नुपर्छ। नेपालमा उपचार सामग्रीको अभाव छ। यो रोगविरुद्धको खोप विकास गर्न सकिए पनि जीवाणुले निरन्तर आफ्नो संरचना परिवर्तन गरिरहने हुँदा विकसित खोपले एक पटकको प्रकोपमा मात्र काम गर्छ। यसबाट बच्न शंकास्पद चराचुरुङ्गीको ओसारपसारमा नियन्त्रण गर्नुपर्छ। संक्रमित कुखुरा तथा अण्डा छुँदा सुरक्षित पोसाक तथा उपकरण प्रयोग गर्नु, कुखुराको बासस्थानमा जैविक सुरक्षा उपाय लागू गर्ने, सरसफाइमा ध्यान दिनु, रोग लागेको शंका लाग्नासाथ सम्बन्धित निकायमा जानकारी गराउनु बर्डफ्लुको संक्रमणबाट बच्ने प्राथमिक उपाय हुन्।

**शिव मुखिया**

**काठमाडौं-** पूर्वी नेपालको झापामा बर्डफ्लु संक्रमित कुखुरा फेला परेपछि फैलिएको 'बर्डफ्लु आतंक' राजधानी छिरेको छ। राजधानीमा बर्डफ्लु भित्रिएको हल्ला चलिरहेकै बेला केन्द्रीय पशुरोग अन्वेषण प्रयोगशालाका कर्मचारीहरूचाहिँ अनुसन्धानमा जुटिरहेका छन्। 'बर्डफ्लुका बारेमा आधारहीन हल्ला चलिरहेको छ,' प्रयोगशालामा कार्यरत एक कर्मचारी भन्छन्- 'गलत सन्देश प्रवाहले धेरैलाई आतंकित बनाएको छ।' कतिपय व्यक्ति बर्डफ्लु संक्रमणको हल्लाले भयभीत छन् भने कतिपयचाहिँ अझै पनि कुखुराको सोझो सम्पर्कमा रहेर काम गरिरहेका छन्। 'राजधानीभित्रकै कतिपय स्थानमा कुखुरा राखिएको ठाउँमाथि ओछ्यान बनाएर सुत्ने गरेको पनि भेटियो,' प्रयोगशालाकी वरिष्ठ पशु चिकित्सक पूर्णिमा मानन्धरले भनिन्- 'कतै आतंकित छन्, कतै वास्तै छैन।'

पशु भेटरेनरी जनस्वास्थ्य कार्यलयका वरिष्ठ पशु चिकित्सक बोधप्रसाद पराजुली झापामा बाहेक अन्यत्र कतै पनि बर्डफ्लु संक्रमित कुखुरा नभेटिएको बताउँछन्। पराजुली भन्छन्- 'अन्य ठाउँमा यो रोग फैलिएको फेला परेको छैन।' तैपनि बाहिर आएका निराधार हल्लाले जनमानसमा ठूलै आतंक सृजना गरेको छ। अनावश्यक हल्लाले आतंकित हुनुभन्दा सम्भावित खतराबाट बचन होसियारी अपनाउनुपर्ने सुझाव विज्ञहरूको छ।

केही दिनअघि एक सार्वजनिक कार्यक्रममा कृषि तथा सहकारी मन्त्रालयका सचिव टेकबहादुर थापाले चिकेन रोष्ट खाँदै पकाएको मासुबाट बर्डफ्लु नसर्ने सन्देश दिने प्रयास गरे। विज्ञहरूका अनुसार रोगी पन्छीलाई ६० डिग्रीभन्दा माथिको तापक्रममा पकाएर खाँदा यो रोग सर्दैन। यो रोगको जीवाणु ६० डिग्री सेल्सियसमा ३० मिनेट, २२ डिग्री सेल्सियसमा ४ दिनसम्म र शून्य डिग्री सेल्सियसमा १ महिनासम्म बाँच्न सक्छ। 'पकाएर खाँदा रोग नसर्ने भए पनि रोगी पशुपन्छीको सोझो सम्पर्कबाट यो रोग मानिसमा सजिलै सर्न सक्छ,' पराजुली भन्छन्- 'रोगी पशुपन्छीको नियमित सम्पर्कमा रहने व्यक्तिहरूमा बर्डफ्लु सर्ने सम्भावना बढी हुन्छ।' बर्डफ्लुका भाइरसहरू एच फाइभ एन वान, एन थ्री एन टु र एच सेभेन एन सेभेनले मानिसमा यो रोग सारेको सम्बन्धित चिकित्सकहरू बताउँछन्।

मानिस तथा चराचुरुङ्गीमा एच फाइभ एन वान र एच सेभेन एन सेभेन जीवाणु ज्यादै सक्रिय देखिएको छ' मानन्धर भन्छिन्। यस प्रकारका विषाणु सीधै मानिसमा सर्दैनन्। पन्छीपालन गर्ने कृषक तथा औषधी उपचार गर्ने प्राविधिक जो नियमित रोगी पन्छीसँगको सम्पर्कमा रहन्छन्, उनीहरूलाई श्वास-प्रश्वासको माध्यमबाट यो रोग सर्ने प्रबल सम्भावना हुन्छ।

बर्डफ्लुको एच फाइभ एन वान जीवाणु मानिसबाट मानिसमा प्रवेश गर्न सक्दैन तर पन्छीबाट मानिसमा सजिलै सर्न सक्छ। यो जीवाणुले आफ्नो स्वरूप परिवर्तन गरिरहने भएकाले यसले कुनै पनि बेला घातक रूप लिन सक्ने मानन्धर बताउँछिन्। 'यो जीवाणुले आवश्यकता अनुसार आफ्नो स्वरूप परिवर्तन गर्न सक्छ' मानन्धर भन्छिन्- 'त्यसैले एउटा जीवाणुका लागि खोप विकास गरे पनि अर्को जीवाणुले संक्रमण गर्ने भय रहन्छ।'

यदि कुनै मानिसलाई पहिले नै फ्लुले संक्रमण गरिसकेको छ र उसलाई बर्डफ्लु भए यी दुई भाइरस मिश्रित भै ठिमाहा भाइरसको जन्म हुन्छ। यस्तो ठिमाहा भाइरस मानिसका लागि अत्यन्तै खतरनाक हुनसक्छ। मानिसबाट मानिसमा सर्ने यो रोगलाई वैज्ञानिकहरूले 'नोबेल भाइरस' नाम दिएका छन्। मानिसबाट मानिसमा सर्ने किसिमले जीवाणु विकसित भए १५ करोडभन्दा बढी मानिसको मृत्यु हुन सक्ने विश्व स्वास्थ्य संगठनको प्रतिवेदनमा उल्लेख छ। हालसम्म १५ प्रकारका बर्डफ्लु भाइरस पत्ता लागिसकेका छन्।

**के हो बर्डफ्लु**

बर्डफ्लुलाई हाइली पेथोजेनिक एभिएन इन्फ्लुएन्जा पनि भनिन्छ। यो रोग कुखुरा, हाँस, जंगली चराचुरुङ्गी एवं सुँगुरमा लाग्ने रोग हो। यो मानिसमा रुघाखोकीको माध्यमबाट लाग्ने इन्फ्लुएन्जा जस्तै एक प्रकारको भाइरल रोग हो। मानिसमा हुने रुघाखोकीमा सिंगान आउने भए पनि यो रोगबाट संक्रमित मानिसमा उक्त लक्षण देखिंदैन। यो रोग फ्लु भएको मानिसमा छिटो सर्ने सम्भावना हुन्छ। बर्डफ्लुको जीवाणु अत्यन्तै सक्रिय हुन्छ, त्यसकारण यसले क्षणभरमै आफ्नो स्वरूप परिवर्तन गर्न सक्छ। श्वासप्रश्वासको माध्यमबाट पनि यो रोग मानिसमा सर्न सक्छ। चराचुरुङ्गीमा यो रोग सर्वप्रथम सन् १९७८ मा देखिएको थियो भने मानिसमा सन् १९९७ मा हङकङमा देखिएको थियो। सन् १९११ मा यो रोग अमेरिकामा सुँगुरमा देखिएको थियो। सन् १९१८ मा कुखुरामा स्पेनिस फ्लुका रूपमा यो रोग देखिएको हो।

एक तथ्यांक अनुसार एक ग्राम सुलीमा लाखौं कुखुरालाई संक्रमण गर्न सक्ने जीवाणु हुन्छन्। यो रोग संक्रमित जिउँदो वा मरेको चराको प्रत्यक्ष सम्पर्कबाट मात्र मानिसमा सर्न सक्छ। जीवाणुले संक्रमण गरेको १८ देखि ७२ घन्टामा मानिसमा यो रोगको लक्षण देखिन्छ। संक्रमित हाँस, कुखुरामा आँखाबाट आँसु आउने, नाकबाट पानी बग्ने, मुखबाट र्‍याल निस्कने, खुट्टामा नीला डाम देखा पर्ने, दाना नखाने र पक्षघात हुने लक्षण देखा पर्छ।

**नेपालमा बर्डफ्लु यसरी भित्रियो**

भारतको पश्चिम बंगाल राज्य अन्तर्गतका क्षेत्रहरूमा बर्डफ्लु केही महिनाअघि नै देखापरेको थियो। खुला सीमाका कारण नेपालमा पनि रोग भित्रिन सक्ने सम्भावित खतरालाई मध्यनजर राख्दै भारतीय सीमावर्ती क्षेत्रमा सम्बन्धित प्रशासनलाई उच्च सतर्कता अपनाउन निर्देशन दिइयो। कुखुरा एवं कुखुराजन्य वस्तु ओसारपसारमा प्रतिबन्ध लगाइयो। तैपनि झापाका एक किसानले पालेका ६ वटा कुखुरामा बर्डफ्लु लागेको प्रमाणित भयो। नेपाल यो रोगको ६६ औं सिकार मुलुक हो। कुखुरा आयातमा प्रतिबन्ध लगाइए पनि खुला सीमाका कारण काँकडभिट्टा आसपासका नाकाबाट कुखुरा र कुखुराजन्य वस्तु भित्रिने क्रम जारी रहँदा बर्डफ्लुले नेपालमा प्रवेश पाएको बताइन्छ।

**नियन्त्रणको प्रयास**

सरकारले पूर्व मेची नदी, पश्चिम मेचीनगर नगरपालिका भवन, उत्तर नक्कलबन्दा र दक्षिण सतीघट्टाभित्रको क्षेत्रलाई बर्डफ्लु संकटग्रस्त क्षेत्र घोषणा गरेको छ। उक्त क्षेत्रको १० किलोमिटर क्षेत्रलाई निगरानी क्षेत्र घोषणा गरी आठवटा रेपिड रेस्पोन्स टिम आरआरटी परिचालित गरिएको छ। यसरी खट्ने विशेषज्ञ चिकित्सकसहितको टोलीमा स्थानीय बासिन्दा तथा पशु स्वास्थ्यकर्मीलाई समेत समावेश गरिएको छ। माघ ९ गतेसम्ममा रोग प्रभावित क्षेत्रमा कुखुरा, हाँस र परेवा गरी करिब २३ हजार पन्छी नष्ट गरिसकिएको छ। रोग फैलन नदिन कुखुरा, हाँस, अन्डा आदिको ओसारपसारमा पूर्ण प्रतिबन्ध लगाइएको छ। स्थानीय प्रशासन र प्रहरीको सक्रियतामा रोग फैलन नदिन प्रचारप्रसार एवं चेक जाँचलाई तीव्र बनाइएको छ।

# बर्डफ्लुबाट आतंकित होइन, सर्तक हुने हो

**अहिले सर्वत्र बर्डफ्लु आतंक फैलिएको छ नि ?**

आतंकित हुनुपर्ने त म केही पनि देख्दिनँ। हामीले बर्डफ्लुका सम्बन्धमा पर्याप्त सन्देश जनसमक्ष प्रवाहित गरिरहेका छौं। बर्डफ्लुबाट आतंकित हुने होइन, सचेत र सतर्क हुने हो।

**राजधानीमा पनि बर्डफ्लु भित्रियो भन्ने सुनिन्छ, के यो साँचो हो ?**

यो निराधार हल्ला हो। हामीसँग परीक्षणका नतिजाहरू सुरक्षित छन्। यस्ता हावादारी कुराबाट आतंकित हुनुपर्ने केही छैन। खासगरी भारतको पश्चिम बंगाल क्षेत्रमा यो रोग फैलिएको हो। यस विषयमा पनि नेपाल सरकारले भारत सरकारलाई जानकारी दिइसकेको छ।

**भारतका सीमावर्ती क्षेत्रहरूबाट बर्डफ्लु भित्रिने सम्भावना कत्तिको छ ?**

हो, खासगरी तिनै भारतीय सीमाक्षेत्रबाट बर्डफ्लु संक्रमित कुखुराहरू ओसार-पसार हुने सम्भावना छ। ती क्षेत्रबाट कुखुराजन्य वस्तु ओसार-पसार नियन्त्रण गर्न गृह मन्त्रालयले आफ्ना मातहतका निकायहरूलाई सक्रिय बनाएको छ। त्यस्तै, झापामा यो रोगको संक्रमण देखिएको हुँदा त्यही क्षेत्रबाट अन्यत्र पनि फैलन सक्ने डर छ, तर त्यहाँबाट कुखुरा र कुखुराजन्य वस्तु ओसार-पसार नियन्त्रणका लागि कडा चेकजाँच भैरहेको छ।

**पश्चिम बंगाल क्षेत्रबाटै नेपालमा बर्डफ्लु भित्रिने जोखिम बढी छ, होइन ?**

भारतले कुखुरा व्यवसायीहरूलाई क्षतिपूर्ति कम दिने भएकाले उनीहरूले ती कुखुरा नेपाल भित्र्याउने गरेका छन्। त्यस्तै, सीमावर्ती क्षेत्रमा बसोबास गर्ने आफन्त, नातेदारहरूले पनि कोसेलीका रूपमा कुखुरा एवं कुखुराजन्य वस्तु ओसार-पसार गर्छन्। हाम्रा लागि सबैभन्दा जोखिम यही नै हो। पश्चिम बंगाल क्षेत्रमा यो रोग निर्मूल नभएसम्म हामी सधैं सतर्क रहनुपर्छ।

**ती क्षेत्रमा बर्डफ्लु नियन्त्रण कतिको प्रभावकारी देखिएको छ ?**

त्यसका लागि भारत सरकारले काम गरिरहेको छ। त्यस्तै, स्थानीय स्तरमा युवाहरू परिचालित छन्। युवाहरूले नै रोग फैलन नदिन निगरानी गरिरहेका छन्। यसरी सरकारको मात्र भर नपरी स्थानीय स्तरबाटै युवा, बुद्धिजीवी, पत्रकार, नागरिक समाज, राजनीतिज्ञहरू जागरूक भए यो रोगबाट बाँच्न गाह्रो छैन।

**नेपालमा पनि स्थानीय स्तरबाट सहयोग भएको छ ?**

झापामा केही युवा सक्रिय छन्, तर सबैतिरबाट यस किसिमको सहयोग भएको छैन। यसो हुनुमा अशिक्षा पहिलो कारण हो। सरकारको मुख ताकेर बस्ने चलन राम्रो होइन।

**हाल नेपालमा बर्डफ्लु नियन्त्रणको मुख्य चुनौती के हो ?**

भारतका संक्रमित क्षेत्रबाट कुखुरा एवं कुखुराजन्य वस्तु ओसार-पसार नै हाम्रा लागि चुनौती हो। नेपालको धेरै भू-भाग भारतसँग जोडिएको छ। ती सबै क्षेत्रमा सरकारी संयन्त्रको पर्याप्त पहुँच छैन। खुला सीमाका कारण ती क्षेत्रबाट जानेर-नजानेर कुखुरा ओसारपसार हुने हुँदा रोग भित्रिने डर छ।

**ती क्षेत्रबाट बर्डफ्लु भित्रिन नदिन के गर्नुपर्ला ?**

स्थानीय क्षेत्रका युवाहरूले त्यसका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्छन्। उनीहरूको सहयोग हुने हो भने कुखुरा ओसार-पसार पूर्णतः नियन्त्रण हुन सक्छ।

**कुखुराको मासु राम्रोसँग पकाएर खाँदा यो रोग सर्दैन भनिन्छ नि ?**

हो, कुखुराको मासु राम्रोसँग पकाएर खाँदा यो रोग सर्दैन। ६०-७० सेन्टिग्रेट तापक्रममा यसका जीवाणुहरू मर्छन्।



**प्रभाकर पाठक**
**महानिर्देशक, पशु सेवा विभाग**

# साप्ताहिक इनफो



## झरनाको सफलता

आफूले निर्माण गरेका चलचित्रमा मात्र होइन अन्य निर्माताका चलचित्रमा समेत उत्तिकै व्यस्त नायिका झरना थापाका लागि वर्ष २०६५ भाग्यशाली साबित भएको छ। झरनाले यसै वर्ष चलचित्र 'तकदीर' बाट कान्तिपुर टेलिभिजन सर्वोत्कृष्ट नायिकाको अवार्ड हात पारिन्। भुवन केसीको चलचित्र 'म तिमीबिना मरिहाल्छु' ले व्यावसायिक सफलता हासिल गरेपछि झरनाको चलचित्र बजार अझ फराकिलो भएको छ।

उक्त चलचित्रमा मुख्य नायिकाको भूमिका निर्वाह गरेपछि अन्य निर्देशकहरू पनि अहिले झरनालाई आफ्नो चलचित्रमा अभिनय गराउन अग्रसर देखिएका छन्। एकपछि अर्को गर्दै सफलता हात लागेपछि झरना पनि अचेल खुसी तथा सन्तुष्ट देखिएकी छिन्। थापा भन्छिन्-'काममा मात्र ध्यान दिएपछि सफलता प्राप्त नहुने भन्ने कुरै रहँदैन।' यसबीच झरनाले निर्माण गरेको चलचित्र तकदिर काठमाडौंमा प्रदर्शनका लागि तयार छ।

## राजेश हमालको लुक्स चेञ्ज

नायक राजेश हमालको हेयर स्टाइल र लुक्समा परिवर्तन आएन भन्ने गुनासो प्रशस्तै थियो, तर अब त्यस्ता गुनासा नआउलान्। ८० को दशकका मिथुन चक्रवर्तीको जस्तो हेयर स्टाइलमा १९ वर्षदेखि नम्बर वान नायक कहलिएका राजेश हमाललाई अहिले भेट्नुभयो भने चिन्नै गाह्रो पर्न सक्छ। आइतबार दिउँसो साढे बाह्र बजेतिर राजेश हमाल आफ्ना सहयोगी रोशन हमालका साथ राजधानीको भाटभटेनीस्थित ब्युटिक्लब एसमा प्रवेश गरे, जहाँ उनलाई साप्ताहिक प्रतिनिधि र फोटोग्राफर तथा छायांकनका क्रममा रहेको चलचित्र 'युगदेखि युगसम्म'का निर्देशक दीपेन्द्र के खनाल प्रतीक्षा गरिरहेका थिए। वास्तवमा दीपेन्द्र आफ्नो चलचित्रका लागि हमालको उक्त 'ब्रान्डेड हेयर स्टाइल' परिवर्तन गर्न चाहन्थे। दीपेन्द्र भन्छन्- 'चरित्रमा सुहाउने हेयर स्टाइलका लागि राजेशजीसँग पहिले नै कुरा भैसकेको थियो। त्यतिबेला नै उहाँ राजी भैसक्नुभएको थियो। यो चलचित्रमा उहाँको ड्रेसअप पनि फरक हुनेछ।'

निमा रुम्बादेखि रामकृष्ण ढकाल, रेखा थापा, ऋचा घिमिरे, बिपना थापा, झरना थापा, निशा अधिकारीदेखि नम्रता श्रेष्ठसम्मका अनेकौं सेलिब्रेटीको हेयर एन्ड मेकअप स्टाइललाई परिवर्तन गरिसकेकी ब्युटिक्लब एसकी सञ्चालिका तथा हेयर स्टाइलिस सान्द्रा पुनले राजेशको कपाल काट्न थालिन्। 'उहाँको अनुहार लाम्चो छ, त्यसैले उहाँलाई कोरियन हेयर स्टाइल सुहाउँछ।' -सान्द्राले उक्त हेयर स्टाइलको डमी देखाउँदै साप्ताहिकलाई बताइन्। हेयर कटिङ र कलरिङपछि राजेशले आफूलाई ऐनामा निकै बेर टोलाएर हेरे र निर्देशक खनालसँग सोधे- 'सुहाएको छ ?' खनालले हाँस्दै सुहाएको बताएपछि उनी हास्न थाले। राजेश भन्दै थिए- 'जीवनमा म दुई पटक ब्युटिपार्लर छिरूँ, केही महिनाअघि चलचित्र 'विष'को प्रदर्शनका लागि हङ्कङ जाँदा र अहिले। नत्र मेरो घरमा एक जना बार्बर आउँछन् र उनले नै मेरो कपाल काट्छन्।' राजेशको १९ वर्षअघिको 'युगदेखि युगसम्म'को 'लुक्स' अबको 'युगदेखि युगसम्म'बाट सधैंका लागि परिवर्तन होला जस्तो छ।









तस्बिर : महेश प्रधान



# भिड्दै छन् डिजाइनर



पृष्ठ १ बाट जारी

सिर्जनामा अंक प्रदान गर्नेछन्, जसका आधारमा वर्षका सर्वोत्कृष्ट फेसन डिजाइनरको छनौट हुनेछ।

**सेलिब्रेटी क्याटवाक**

भिजे, नायिका तथा मोडल निशा आधिकारी 'वायु' तथा गायक तथा संगीतकार अनिल सिंह 'प्रकाश र जल' विषयक पहिरनमा अतिथि मोडलका रूपमा प्रस्तुत हुँदैछन् भने फुटबलको मैदानमा विपक्षीको पोस्टमा धेरै पटक 'गोल' हानिसकेका आकर्षक व्यक्तित्वका धनी फुटबलर प्रदीप महर्जनले 'वनस्पति' थिमको नेतृत्व गर्दै र्‍याम्पमा क्याटवाक गर्दैछन्। चलचित्रको पर्दामा भावुक र चञ्चले दुवै प्रकारको अभिनय गरी चर्चामा आएकी नायिका सञ्चिता लुइँटेललाई 'साप्ताहिक आईईसी डिजाइनिङ कन्टेस्ट'को र्‍याम्पमा फूलैफूलले सिंगारिएका पहिरनमा देखिनेछ। त्यसपछि चरा, कीटपतङ्ग हुन् वा पुतलीको थिममा नेतृत्व गर्ने अभिभारा बोकेकी छिन्, सानो संसारबाट चर्चित भएकी नायिका, मोडल तथा आरजे नम्रता श्रेष्ठले। साप्ताहिककी 'लभगुरु' तथा नेपाली चलचित्रको पर्दामा सर्वाधिक चर्चामा रहेकी नायिका रेखा थापाको 'बोल्डनेस' प्राणीजगतको प्रतिनिधित्व गर्ने थिम 'जनावर' को नेतृत्वमा अझ खुल्न सक्छ।


मैदानमा छक्का र चौका हानेर तथा विपक्षी समूहका ब्याट्सम्यानलाई 'क्लिनबोल्ड' गरेर क्रिकेटमा नेपाललाई चिनाएका नेपाली क्रिकेट टिमका क्याप्टेन विनोद दासले 'अन्तरिक्ष' थिमको नेतृत्व गर्दैछन्। नेपाली चलचित्रका पछिल्ला नायिकाहरूमध्ये ग्ल्यामर र सुन्दरताका कारण चर्चामा आएकी नायिका ऋचा घिमिरेले लामो समयपछि र्‍याम्पमा 'ज्वालामुखी' थिमका पहिरनको अगुवाइ गर्दै आगो लगाउने प्रयास गर्नेछिन्। अन्त्यमा, एक्सन तथा अभिनयमार्फत नेपाली चलचित्र जगतमा चर्चाको चुचुरोमा विराजमान नायक निखिल उप्रेतीलाई 'साप्ताहिक आईईसी डिजाइनिङ कन्टेस्ट' मा सुन्दर तथा शान्त प्रकृतिको उपहार 'समुद्र' थिमको नेतृत्वमा पाइनेछ। यसका अतिरिक्त आधुनिक गायनमा सर्वोच्च चर्चामा रहेका रामकृष्ण ढकालको प्रस्तुतिका साथै अनिल सिंहको गायनले कार्यक्रम थप रोचक बन्नेछ।

आयोजक आईईसीका अनुसार कार्यक्रमपश्चात्को रात्रिभोजपछि डिजे सेसनमा सम्पूर्ण सेलिब्रेटी, आगन्तुक तथा अतिथिहरूलाई नृत्यका लागि अनुरोध गरिनेछ। यस प्रकारले यस पटकको 'साप्ताहिक आईईसी डिजाइनिङ कन्टेस्ट' रोचक तथा मनोरञ्जकका साथ अविस्मरणीय पनि हुनेछ।



# उत्कृष्ट सिर्जनाको खोजीमा

वायु, लाइट एन्ड वाटर, वनस्पति, पुष्प, विङ्गस, एनिमल, अन्तरिक्ष, ज्वालामुखी तथा समुद्र गरी प्रकृति सम्बद्ध नौवटा शीर्षक। उल्लेखित शीर्षकमा आधारित भै राजधानी एवं मोफसलका करिब १ सय ८० जना फेसन डिजाइनरले तयार पारेका अद्वितीय परिकल्पना एवं कलात्मक सिर्जनाबाट सजिएका १५ दर्जन सुन्दर एवं मानमोहक पहिरन शैली। राजधानीस्थित होटल याक एन्ड यतिको रिगल हलमा तयार पारिएको भव्य र्‍याम्पमा २० जना मोडलले ती पहिरनलाई बिरालो चालमार्फत् आकर्षक ढंगबाट प्रदर्शन गरिने कार्यक्रम साप्ताहिक आईईसी




डिजाइनर कन्टेस्टका रूपमा बृहत, विशेष र भव्य रुपमा आज साँझ ठीक ४:३० बजे प्रारम्भ हुनेछ।

राजधानीको बागबजारमा ११ वर्षअघि सञ्चालनमा आएको आईईसी फेसन डिजाइनिङ संस्थाले आयोजना गर्दै आएको डिजाइनर कन्टेस्ट यसपटक 'साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट' का रूपमा प्रस्तुत हुन लागेकोमा आफू अत्यन्त उत्साहित भएको आयोजक संस्था आईईसीकी शैलजा अधिकारी बताउँछिन्। कार्यक्रम भव्य एवं अन्तर्राष्ट्रिय स्तरको हुनेमा उनी आशावादी देखिन्छन्। डिजाइनर कन्टेस्टको अवधारणा एवं औचित्यसम्बन्धी जिज्ञासामा अधिकारी भन्छिन्- डिजाइनर प्रतिस्पर्धा सहभागी डिजाइनरबीचको प्रतियोगिता मात्र नभएर यो एउटा प्लेटफर्म हो, जसका माध्यमबाट प्रत्येक डिजाइनरले आफूभित्रको सिजनशील क्षमता, कल्पनाशक्ति र कलात्मकतालाई आमदर्शक एवं समाजसामु प्रस्तुत गर्छन्। यसबाट डिजाइनरहरूले आफूले सिकेको-जानेको कुराको मूल्यांकन गर्ने अवसरसमेत पाउँछन्। विगतका कार्यक्रम मूलतः पुनः प्रयोगको अवधारणमा केन्द्रित थियो। यसपटक प्रकृतिसम्बन्धी शीर्षकमा पहिरन तयार पार्ने सोचका सम्बन्धमा अधिकारी भन्छिन्- प्रकृति र मानवसमाजबीचको सम्बन्ध, यसको उपयोग र दुरुपयोगका साथै यसको आवश्यकता र महत्त्वका सम्बन्धमा सचेतता जगाउने हेतुले डिजाइनरको सिर्जना र कलालाई प्रकृतिमाथि केन्द्रित गर्न खोजिएको हो।

**यसरी हुनेछ पहिरन प्रस्तुति**

८ फिट चौडा एवं ६० फिट लामो भव्य र्‍याम्पमाथि १५ दर्जन पहिरन शैलीबीच आज साँझ ४:३० बजे आरम्भ हुनेछ- साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट। दर्जनौं फेसन सो, म्युजिक भिडियो एवं विज्ञापनहरूको अनुभव सँगालिसकेकी मोडल आयुषी शाह, सविता महर्जन, बेबी सुब्बा, रीमा दाहाल, कृतिका थापा, सविना महर्जन, सोनु खड्का, सरिना महर्जन, हेमा श्रेष्ठ, आयुशा राई, प्रगति गुरुङ, लक्ष्मी बस्नेतको प्रस्तुतिले कार्यक्रम थप रोमाञ्चक एव दर्शनीय हुनेछ भने र्‍याम्पमा नयाँ अनुहार मनिता मानन्धर, प्रियंका थापा, सुप्रिया थापा, एञ्जिला चित्रकार, प्रिना महर्जनले आफ्नो प्रस्तुतिमार्फत् प्रभाव जमाउने प्रयत्न गर्नेछन्। यी सुन्दरीहरूका अतिरिक्त सुदीप पराजुली र अभिनाश पराजुली पुरुष मोडलकारूपमा रहनेछन्। ब्युटिसियन सान्द्रा पुनको भाटभटेनीस्थित ब्युटिक्लबका ब्युटिसियन एवं हेयर स्टाइलिस्टले मोडल तथा सेलिब्रेटीहरूको मेकअप र हेयर स्टाइलिङको जिम्मेवारी सम्हाल्नेछ।

**–रोजिन शाक्य**



**कञ्चन वायु, जीवन दिने तत्त्व**
**यसमा नै निर्भर तपाईंको डिजाइनको अस्तित्व**

यो स्लोगनअन्तर्गत 'वायु' शीर्षकमा तयार पारिएको फेसनकलाको प्रस्तुतिबाट आरम्भ हुनेछ- साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट। जसअन्तर्गत प्रस्तुत हुने पहिरन मूलतः ड्रेपिङ फ्याब्रिकको फ्लो तथा पेस्टल शेड्सको हल्का रंगहरूमा केन्द्रित हुनेछन्। वायुको गतिलाई जीवन्त पार्न यी सिर्जनामा रफल फ्लेयरको प्रयोग देख्न पाइनेछ।

**पानीको थोपा शुद्ध सफा हृदय नै जस्तो**
**तपाईंको डिजाइनमा छ, मौलिक कला त्यस्तो ?**

यो प्रश्नको जवाफ खोजिनेछ, 'लाइट एन्ड वाटर' शीर्षकमा तयार पारिएका सिर्जनामार्फत्। जसअन्तर्गत पानीको निर्मलता र प्रकाशको उज्यालोलाई प्रतिविम्बित गर्न प्रयोग गरिएका ट्रान्सप्यारेन्ट डिजाइन, हल्का फ्याब्रिक एवं ह्वाइटसहित विभिन्न अन्य पेस्टल शेड्स तथा प्लास्टिक कलरको संयोजन देख्न पाइनेछ।

**हरियो रंग, ती बिरुवाको प्राकृतिक सुन्दरता**
**छ होला तपाईंको डिजाइनमा त्यस्तै कलात्मकता**

यो कौतूहलतालाई 'वनस्पति' शीर्षकमा प्रस्तुत गरिने सिर्जनाहरूले मेटाउनेछ। यसमा डिजाइनरहरूले वनजंगल र वनस्पतिको सदुपयोग-दुरुपयोग दुवै कुरालाई आफ्ना सिर्जनामा समेट्नुका साथै वनस्पतिको आश्यकता, महत्त्व एवं उपयोगिता पनि प्रस्ट्याउनेछन्। ग्रे, ब्राउन, ह्वाइट, ओलिभ ग्रीन, आदि रंगको संयोजनमा रूखका हाँगा, पात, जरा, बोटबिरुवा झल्काउने आकार शैली एवं टेक्सचर तथा सिलहुट्सको सेरोफेरो 'वनस्पति' शीर्षकअन्तर्गतको पहिरनका विशेषता हुनेछन्।

**सुन्दरता नै पर्याय हुन् पुष्प कुञ्ज अनेक**
**यस्तो सुन्दरता देखिन्छ तपाईंको डिजाइनमा प्रत्येक**

यो अभिव्यक्तिको मूर्त स्वरूप 'पुष्प' शीर्षकमा समेटिएका सिर्जनामार्फत देख्न पाइनेछ, जसमा फूलको सुन्दरता र आकर्षणलाई विभिन्न मनमोहक रंग, फ्लोरल प्रिन्ट एवं टेक्सचरको प्रयोगबाट व्यक्त गरिनेछ।

**किट समूह प्रकृतिका, ती अद्भुतसँग**
**देखिन सक्छन् तपाईंको, डिजाइनमा किट-पतङ्ग**

यो कुरालाई 'विङ्स' शीर्षकअन्तर्गत समेटिएका सिजर्नाहरूले चरितार्थ गर्नेछन्। कार्यक्रमको पाँचौं प्रस्तुतिका रूपमा र्‍याम्पमा उत्रने यी कलात्मक अभिव्यक्ति चरा-चुरुङ्गी, पुतलीलगायत अन्य किट-पतङ्गको आकृति एवं सुन्दरतामा केन्द्रित रहेनछ। विभिन्न रंग र टेक्सचरको संयोजन यो प्रस्तुतिको विशेषता रहनेछ।

**जीव-जन्तुभित्र कला अपार, प्रकृति छ रमणीय**
**डिजाइनमा तपाईंको, यही कला हुन सक्छ अद्वितीय**

यो मनसायको सार्थकता 'जीवजन्तु' शीर्षकअन्तर्गत समेटिएका सिर्जनाले व्यक्त गर्नेछन्, जसमा एनिमल प्रिन्ट, टेक्सचर, नेचुरल कलर एवं सिलहट्सको सुन्दर संयोजनबाट तयार गरिएका पहिरनको आकर्षण रहनेछ।



**अन्तरिक्षको अथाह स्थानमा पनि चञ्चलता छ कतै**
**डिजाइन तपाईंको, प्रदर्शन गर्दछ कि चञ्चलता त्यस्तै**

कार्यक्रमको सातौं प्रस्तुतिमा 'अन्तरिक्ष' शीर्षकमा रहेका परिकल्पनाले उल्लेखित अभिव्यक्तिको सार्थकता पहिल्याउनेछन्, जसमा रोबर्ट तथा अन्तरिक्ष युगको परिकल्पनाहरूसित मेल खाने शैलीले प्रथमकिता पाउनेछ। यो चरणमा प्रस्तुत हुने सिर्जनामा ग्राफिक प्रिन्ट, स्क्रिन ड्रेस, एब्स्ट्र्याक एवं जियोमेट्रिकल डिजाइनको बाहुल्यता रहेनछ।

**ज्वालामुखी रातो, तातोमा पनि कला छ लुकेको**
**त्यही कालमा नै तपाईंको डिजाइन छ कि फुरेको ?**

यो प्रश्नको जवाफका रूपमा प्रस्तुत हुने ज्वालामुखी शीर्षकअन्तर्गत समेटिने पहिरनहरू कार्यक्रमको आठौं चरणमा देखा पर्नेछन्। यसमा मूलतः ज्वालामुखीको आगो र लाभालाई प्रतिविम्बित गर्न विभिन्न हेड गियरको प्रयोग देख्न पाइनेछ भने मजेन्टा, रेड, ओरेन्ज, ऐलोजस्ता अग्नि रंगको विशेष संयोजन रहनेछ।

**समुद्रको सुन्दरता आफ्नै छन् यसभित्र कथा लहरिएका**
**आकर्षक डिजाइन तपाईंको छन् कि त्यस्तै कथा बुनिएका**

यो जिज्ञासालाई शान्त पार्ने खालका पहिरन कार्यक्रमको नवौं र अन्तिम चरणमा 'समुद्र' शीर्षकअन्तर्गत समेटिनेछन्। यसमा मूलतः समुद्रको शान्त, सौम्यता, र शालीनतालाई प्रतिविम्बित गरिएका सिर्जना देख्न पाइनेछ, जसलाई लेयर डिजाइनरका अतिरिक्त ब्लु, ग्रीन, ह्वाइट, लाइट पिङ्कजस्ता रंगको संयोजनबाट अनुभव गर्न पाइनेछ।

उल्लेखित कल्पनाशीलता, सिर्जनशीलता र कलात्मक अभिव्यक्तिको अवलोकन एवं मूल्यांकनपछि सहभागी १ सय ८० जना डिजाइनरबाट उपस्थित निर्णायक मण्डलको मूल्यांकनका आधारमा क्रमशः नाइन्थ रनरअप अर्थात् दसौं स्थानको विजेतादेखि पहिलो स्थान अर्थात् कार्यक्रमको सर्वोत्कृष्ट डिजाइनरको छनौट र एवार्ड वितरणसँगै सम्पन्न हुनेछ- साप्ताहिक आईईसी डिजाइनर कन्टेस्ट।


तस्विर : नवराज बाग्ले

## ● लभगुरु ●


पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २५ वर्षीय युवक हुँ। म अहिले काठमाडौंमा काम गरिरहेको छु। विगत दुई वर्षदेखि १९ वर्षीय युवतीसँग मेरो प्रेम थियो। केही समयपछि विवाह गर्ने योजना भए पनि हाम्रो सम्बन्ध प्रेमी-प्रेमिकाको भन्दा पनि श्रीमान्-श्रीमतीको जस्तो थियो। उनी मेरो कोठामा रात बिताउने गरी आइरहन्थिन्। हामीबीच ती सबै कार्य हुन्थे जुन विवाहपछि श्रीमान्-श्रीमतीबीच हुन्छ। उनी मेरा लागि खाना बनाउने, चिया पकाइदिने जस्ता कार्य पनि गर्थिन्। सबै राम्रैसँग चल्दै थियो। एक रात म उनको मोबाइल खेलाउँदै थिएँ। एसएमएस इनबक्समा हेर्दा उनको पूर्व-प्रेमीसँग हाल पनि सम्बन्ध रहेको थाहा पाएँ। मलाई नराम्रो लाग्यो तर उनलाई मैले त्यसका बारेमा बताइनँ। त्यसपछि अर्को हप्ता उनी र म कतै घुम्न जाने योजनामा थियौं। बिहानै उनले फोन गरेर घरमा काम भएकाले जान नमिल्ने बताइन्। दिउँसो भेट्न मन लागेर उनको घर पुगेँ। उनकी बहिनीले उनी कलेजका साथीहरूसँग पिकनिक जाने भनेर बिहानै गएको र त्यो रात घर नफर्किने बताएपछि म छाँगाबाट खसेझैं भएँ। उनको मोबाइलमा धेरै पटक कल गर्दा पनि फोन उठाइनन्। राति एकपटक फोन गरिन्। त्यतिबेला कहाँ बसेको भनेर सोध्दा उनले 'अबदेखि तिमीसँग सम्बन्ध राख्दिनँ' भनिन्। पछि थाहा पाएँ कि उनी आफ्नो पूर्वप्रेमीसँग लागिछन्। मैले उनको र मेरो सम्बन्धका बारेमा उनका अभिभावकहरूलाई पनि जानकारी गराएँ र उनको पूर्वप्रेमीलाई पनि बताइसकेँ। पूर्वप्रेमीले उनी आफूसँग नभएको बताइरहेका छन्। मैले विश्वास गरिरहेको छैन तर त्यसपछि उनले मलाई फोन गरेर धम्कीको भाषामा कुरा गरिन्। म उनलाई बिर्सन सक्दिन् र छाड्ने कल्पनासम्म पनि गर्न सक्दिनँ। यो अवस्थामा म के गरूँ ?**

**-जी.**

तपाईंलाई नराम्रो धक्का परेछ। पत्रअनुसार म यहाँ तपाईंकी प्रेमिकाको दोष देख्छु। यदि उनलाई पूर्वप्रेमी नै चाहिएको थियो भने किन तपाईंसँग प्रेमसम्बन्ध गाँसिन् ? उनीसँगै जीवन जिउने योजना बनाउने क्रममै उनले तपाईंलाई छाडिन्। यसको अर्थ उनलाई तपाईं होइन, पूर्वप्रेमी चाहिएको रहेछ। उनले तपाईंलाई आफ्नो एक्लोपन कटाउने माध्यम बनाएकी हुनसक्छ। यो समस्याको एउटा पाटो हो तर अर्को पाटो पनि छ। उनी आफ्नो पूर्वप्रेमीसँगै छिन् भन्ने कुराको निक्र्यौल पनि त भएको छैन। किनकि पूर्वप्रेमीले उनीसँग नभएको बताइरहेका छन्। यसबाट के आशंका गर्न सकिन्छ भने तपाईंकी प्रेमिका कुनै समस्यामा परेकी छिन् र त्यही कारणले उनी तपाईंबाट टाढिएकी छिन्। यो घटनालाई यसरी पनि केलाउने प्रयत्न गर्नुहोस्। कतै उनको पूर्वप्रेमीले उनलाई 'ब्ल्याकमेल' त गरिरहेको छैन ? वा उनी कुनै समस्यामा परेर तपाईंलाई छाड्न बाध्य भएकी त होइनन् ? बरु सकिन्छ भने उनलाई भेट्ने प्रयत्न गर्नुहोस् र भेटेरै सबै कुरा खुलस्त राख्नुहोस्। यदि उनी तपाईंबाट छुट्कारा पाउन खोजिरहेकी छिन् भने उनलाई नरोक्नुहोस् किनकि प्रेम मनबाट गरिन्छ, जबरजस्ती होइन।

## जन्म दिनको शुभकामना



माघ २० गते : गणेश पराजुली  
विनय श्रेष्ठ  
माघ २४ गते : रेखा शाह

## ● फिल्मी खबर ●

▶▶ सहनिर्देशक सानु शाक्यको चलचित्र 'रक्षक'को छायांकन अन्तिम चरणमा पुगेको छ। राजेश हमाल, विराज भट्ट, रेखा थापा, मनोज नारायण आदि कलाकारले अभिनय गरेको यो चलचित्रका निर्माता मनोजनारायण तथा राजीव गुप्ता हुन्।

▶▶ नरेश पौड्यालद्वारा निर्देशित चलचित्र 'दीपशिखा'को छायांकन सम्पन्न भएको छ। त्रिकोणात्मक प्रेमकथामा आधारित यो चलचित्रमा नीरज बराल, जीवन लुइँटेल तथा अरुणिमा लम्सालको मुख्य भूमिका छ।


▶▶ चलचित्र 'कुसुमे रुमाल'को ब्याकग्राउन्ड संगीतको कार्य भैरहेको चलचित्रका निर्देशक निरक पौडेलले बताएका छन्। त्रिकोणात्मक प्रेमकथालाई आधुनिक शैलीबाट प्रस्तुत गरिएको यो चलचित्रमा नीरज बराल, रुबी भट्टराई तथा उषा रजकको मुख्य भुमिका छ भने सौर्यजित बाँस्कोटाको संगीतमा आदित्यनारायण झाको स्वरमा गीतहरू सुन्न पाइनेछ। चलचित्रका बारेमा जानकारी दिन गोपीकृष्ण मुभिजले चलचित्रको वेबसाइट 'कुसुमे रुमाल डटकम' सञ्चालनमा ल्याएको छ, यसबीच उक्त चलचित्रको प्रचार-प्रसारमा साप्ताहिकले मिडिया पार्टनरका रूपमा सघाउने भएको छ।

▶▶ निर्देशक प्रमोद भण्डारीको चलचित्र 'सन्देश'को राजधानीमा प्रथम प्रदर्शन गरिएको छ। चन्द्रा मुभिजको यो चलचित्रमार्फत मोडल सोभिता सिम्खडा नायिकाको भूमिकामा देखिएकी छिन्। विराज भट्ट, सुशील क्षेत्री, रेखा थापा, रेजिना उप्रेती आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा नागरिकको राष्ट्रप्रतिको कर्तव्यको चर्चा गरिएको छ।

▶▶ सुनिलकुमार थापाको चलचित्र 'तकदीर' बल्ल राजधानीमा प्रदर्शन हुने भएको छ। विराज भट्ट, दिलीप रायमाझी, झरना थापा आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रका निर्देशक दीपक श्रेष्ठ हुन्।

▶▶ प्रदीप श्रेष्ठको चलचित्र 'सपना'को छायांकन कार्य अन्तिम चरणमा पुगेको छ। चलचित्रमा राजेश हमाल, आर्यन सिग्देल, अर्जुन कार्की, नन्दिता केसी, सुनिलदत्त पाण्डे, मिथिला शर्मा, मुकुन्द श्रेष्ठ आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रलाई ०६६ सालको भदौतिर सार्वजनिक गर्ने योजना रहेको श्रेष्ठले बताए।

▶▶ चलचित्र 'शासन'को छायांकन सम्पन्न भएको छ। भद्रकालीस्थित सैनिक अदालतमा सैनिक अफिसरको भूमिका निर्वाह गरिरहेका चलचित्रका नायक लोकेन कार्कीलाई 'कोर्ट मार्शल' गरिएको दृश्य छायांकन गरेपछि निर्देशक आकाश अधिकारीले चलचित्रको छायांकन सकिएको घोषणा गरेका थिए।



# फुर्सद भयो भने तपाई के गर्नु हुन्छ ?

## केवल एक प्रश्न



फुर्सद मिल्ने जस्तो भयो भने म ट्रेकिङको प्लानिङ गर्छु। ट्रेकिङमा मलाई गजबको इन्ट्रेस्ट छ। सामान्यतया फुर्सद हुँदा चदचित्र हेर्छु। परिवारसँग बात मार्दै दिन बिताउँछु। फुर्सदको समयलाई रमाइलोसँग बिताउँछु।

**एड्रियन प्रधान, गायक**

फुर्सद ? अहिले त एकदमै कम फुर्सद हुन्छ। फुर्सद भयो भने ज्यान बनाउने अभ्यास गरिन्छ। चलचित्रसम्बन्धी पुस्तक अध्ययन गरिन्छ। आराम गरिन्छ, साथीभाइसँग भेटघाट गऱ्यो, गफ गऱ्यो, यस्तै, यस्तै..... ।

**विराज भट्ट, नायक**

चलचित्र क्षेत्रमा भएकाले होला, कामबाट फुर्सद पाउनेबित्तिकै म त चलचित्र हेरेर बस्छु। त्यसबाहेक बानेश्वर चोकमा बस्यो, मिल्ने साथीभाइलाई बोलायो, अनि फलफूल, जुस, चिया, मम खायो, हाहाहा... फुर्सद हुँदा शारीरिक अभ्यास गर्ने, गेटटुगेदरमा जाने....... ।

**योगेन्द्र श्रेष्ठ, द्वन्द्व निर्देशक**

दुईवटा कुरा मन पर्छ मलाई, पहिलो चलचित्रमा अभिनय गर्ने र दोस्रो चलचित्र हेर्ने, त्यसैले अभिनयबाट फुर्सद हुनेबित्तिकै म चलचित्र हेर्न बिजी हुन्छु। त्यसबाहेक घरमा चारवटा कुकुर पालेकी छु, तिनीहरूसँग खेल्छु, घरको काम (भुइँ पुछ्ने, भाँडा माझ्ने, लुगा धुने) काम गर्छु।

**ऋचा घिमिरे, नायिका**

फुर्सद हुन नपाउँदै म त काठमाडौंबाहिर हुत्तिहाल्छु, ऱ्याफ्टिङ, लङ ड्राइभ मेरा सौख हुन्। जाडोको समयमा सौराहा जान्छु....जाँड खाइन्न, तासस्म्म खेलिन्छ, ए मेरी स्थायी गर्लफ्रेन्ड छिन्, २७ वर्षदेखि उनीसँग अफेयर चलिरहेको छ, फुर्सदमा उनीसँग डेटिङमा हुन्छु, उनी मेरी श्रीमती हुन्...... ।

**सन्तोष पन्त, हास्यकलाकार**

## जमका भेट



**टेलिभिजनका रियालिटी सोहरूमा आफूजस्तै बालबालिकाको गायनले प्रकृति गिरीलाई समेत आकर्षित गऱ्यो। सारेगामापा लिटिल च्याम्पसमा सहभागी हुने प्रयास छनौट चरणबाटै बाहिरिएर तुहिएपछि पुनः स्टार प्लसबाट सञ्चालित कार्यक्रम छोटे उस्तादका लागि मोबाइलबाटै अडिसन दिइन्। केही दिनपछि पहिलो चरणमा छनौट भएको सुखद समाचार आउँदा उनी दंग परिन्। कार्यक्रम प्रसारण सुरु भएपछि पहिलो पटक आफू पढ्ने स्कुल पुग्दा आफ्नै साथीभाइ तस्बिर र अटोग्राफ लिन तँछाडमछाड गरेको क्षणलाई उनी अविस्मरणीय मान्छिन्। छोटे उस्तादको पछिल्लो संस्करणमा तेस्रो स्थान हासिल गरेकी दार्जीलिङकी १३ वर्षीय प्रकृति गिरी हालै कार्यक्रम प्रस्तुत गर्ने क्रममा हङकङ पुगेका बेला साप्ताहिकका समाचारदाता निर्मल श्रेष्ठले गरेको कुराकानी।**

**सानो उमेरमै चर्चित भइयो नि ?**

म भन्दा कम उमेरमा चर्चा पाउने पनि धेरै छन्। आफ्ना साथीभाइहरूको दाँजोमा अलि बढी चर्चित भएँ। मैले उपनाम पनि पाएँ– 'पहाडी ड्रागन'।

**छोटे उस्तादमा कसरी भाग लिनुभयो ?**

मैले चार वर्षको उमेरदेखि नै संगीत प्रशिक्षण लिँदै आएकी छु। सारेगामापा मा असफल भएपछि छोटे उस्तादमा प्रतियोगी छनौटका लागि विज्ञापन देखें। आमाबुबाले समेत हौसला दिनुभयो। अडिसन दिएको केही दिनमै कलकत्ता आउनु भन्ने खबर आयो।

**पहिले र अहिले के–के कुरामा परिवर्तन आयो त ?**

पहिले सामान्य बालिका थिए। अहिले जहाँ गए पनि सबै तस्बिर खिच्न र अटोग्राफ लिन तम्सिनुहुन्छ। सबैको माया पाएकी छु।

**अहिलेसम्म कति कार्यक्रममा सहभागी हुनुभयो ?**

देश-विदेशमा गरी १ सयभन्दा बढी नै भए होलान्। भुटानको थिम्पु र नेपालको चन्द्रगढी पनि गएकी छु। माघ २७ मा काठमाडौंको दशरथ रंगशालामा हुने कार्यक्रममा सहभागी हुँदैछु। जहाँ दिदी सुकृति र म एउटै मञ्चमा प्रस्तुत हुनेछौं।

**सलमान खान र क्याटरिना कैफ दुवैलाई तपाईंको गायनले नचायो नि ? कस्तो अनुभव भयो ?**

सलमानले मेरो गायनमा समस्या आएकाले दोहोऱ्याएर गाउने अवसर दिनुभयो। पछि सँगै नाच्नु पनि भयो। दुवै मलाई मनपर्ने कलाकार हुन्। सधैं पर्दामा मात्र देखिने कलाकार आफ्नै गायनमा नाच्दा अनौठो लाग्यो।

**कस्ता गीत–संगीत तपाईंका रोजाइ हुन् ?**

मलाई सफ्ट गीत नै बढी मन पर्छ। त्यसमा पनि अधिकांश नेपाली गीत छन्। कुन्ति मोक्तान दिदीको गीत सानैदेखि गाउँदै आएकी छु। लता मंगेशकर, श्रेया घोसाल, साधना सरगम पनि मलाई मन पर्ने गायिका हुन्, तर हिन्दी गीत भने प्रतियोगितामा समावेश हुने तयारीपछि मात्र बढी गाउन थालेकी हुँ।

## ककनी महोत्सव



नुवाकोटको पर्यटकीय सम्भावना बोकेको ककनी महोत्सव गत मंगलबार भव्यताका साथ सम्पन्न भयो। नुवाकोटको ककनीदेखि कुमरीसम्मको क्षेत्रलाई पर्यटकीय मार्गको रूपमा विकास गर्ने उद्देश्यले आयोजित महोत्सवमा स्थानीय तमाङ संस्कृतिको झाँकी, तामाङ सेलो, हनुमान नाच आदिले विदेशी पर्यटकहरूलाई स्वागत गरेको थियो।

महोत्सवमा लामा झाँक्रीद्वारा लोपोन्मुख तामाङ जातिको वेशभूषा, पूजापाठ र तामाङ युवायुवतीले आफ्नो लोक संस्कृति झल्कने मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम प्रदर्शन गरेका थिए। काठमाडौंबाट ३० किलोमिटर टाढा नुवाकोटको उच्च भूभागमा अवस्थित ककनी भन्याङको मनोरम दृश्यबाट नलोभिने सायदै कोही होला। दुई सयभन्दा बढी पर्यटकको दैनिक आवागमन हुने ककनी क्षेत्रमा जापनिज रेन्बो ट्राउट माछा, मुखै रसाउने स्ट्रबेरी, चियाबगान, नजिकै नियाल्न सकिने ल्होत्से हिमाल तथा ऐतिहासिक महत्त्व आदिका कारण पनि लोकप्रिय छ।

## रक कन्सर्टमा झुमे युवाहरू



बुटवल, झन्डै वर्ष दिनको अन्तरालमा मंगलबार आयोजित कन्सर्टमा यहाँका रक संगीतप्रेमीहरू जमेर झुमे। मिसन पार्टीले कालिका मा.वि.को मैदानमा आयोजना गरेको कन्सर्टमा रक संगीत पारखी युवायुवतीहरू आधा दर्जन ब्यान्डसँग रमाउँदै उफ्रिए। हुस्सुले कठ्याङ्ग्रिएको मौसमलाई सबैभन्दा बढी तताए रविन एन्ड द रिभोल्युसन ब्यान्डका रविन तामाङले। स्टेजमा उक्लिनेबित्तिकै 'तपाईंहरूका लागि' भन्दै अलिकति ह्वीस्की पिएर 'केटाकेटी' गीतबाट गाउन सुरु गरेका रविनले 'जति माया', 'दममारोदम' र 'भूलमा भुल्यो' गीतमार्फत् पर्याप्त आनन्द दिलाउँदै आफूसँगै उफारे। लगाएको कपडा उतारेर अर्धनग्न रूपमा प्रस्तुत भएका रविनले युवाहरूलाई अनियन्त्रित बनाएका थिए। त्यसअघिको प्रस्तुति रहेको द सायास ब्यान्डको 'पहिलो पहिलो माया', 'गणतन्त्र' र 'माइला दाइ' ले पनि दर्शकहरूलाई उत्तिकै तताएको थियो। रक जामिङ म्युजिकल टुर-२००९ नाम दिइएको कन्सर्टमा द युग ब्यान्डका मनीषसिंह अधिकारी, द कबवेब ब्यान्ड तथा सुनिल बर्देवाले पनि गीत प्रस्तुत गरेका थिए। असहाय बालबालिकाको सहयोगार्थ रकम संकलन, शान्तिको कामना र हिंसाको विरोधका लागि धनगढी, नेपालगन्ज, बुटवल, पोखरा, नारायणगढ र धरानमा क्रमशः कन्सर्ट आयोजना गरिएको मिसन पार्टीका शरदमान मैनालीले बताए। दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म चलेको कन्सर्टमा स्थानीय ग्राउन्डलेबल जिरो ब्यान्डले पनि आफ्नो प्रस्तुति दिएको थियो।

**– टोपराज शर्मा**

## मुम्बईमा नेपाली कार्यक्रम



भारतीय गणतन्त्र दिवसको अवसरमा मुम्बईको ग्रान्ट रोडस्थित अगस्त क्रान्ति मैदानमा आयोजित विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रममा दोहोरी गायक कुलेन्द्र वि.क.ले जोगीको भेषैमा, उकाली ओराली धाइयो आदि गीत प्रस्तुत गरे। कार्यक्रमका अर्का आर्कषण एक्सन नायक विराज भट्टले चाहन्छु म तिमीलाई नै गीतमा नृत्य प्रस्तुत गरेका थिए। कार्यक्रममा नायक रोहन ढकाल तथा नायिका निशान शाहीले चुलबुले नृत्य पेस गरे। दौंतरी सांस्कृतिक समूह मुम्बईद्वारा आयोजित उक्त कार्यक्रममा अर्जुन सोनाम, आकाश गुरुङ आदि गायकले नृत्य प्रस्तुत गरेका थिए भने ईश्वर बि.एम, दीपक परियार, आरती थापा, सरस्वती भाट, सुनिता आउजी, टिना शेर्पाली, पदम आदि कालकारले नृत्य प्रस्तुत गरे।

## फागुनमा स्वर्गद्वारी महोत्सव

सुदूर पश्चिम नेपालको रमणीय जिल्ला प्युठानमा फागुन २ गतेदेखि एक सातासम्म स्वर्गद्वारी महोत्सव हुने भएको छ। प्युठान जिल्लाका पर्यटकीय गन्तव्यहरूको प्रचार-प्रसार गर्न प्युठान जिविसले महोत्सवको आयोजना गर्न लागेको हो। महोत्सवमा स्थानीय संस्कृति झल्कने वस्तुहरू राखिनेछ। प्युठानको महत्त्वपुर्ण तीर्थस्थल स्वर्गद्वारी खप्तड आश्रमको देशविदेशमा प्रचार-प्रसार भै सो क्षेत्रको आर्थिक स्थिति माथि उकास्न मद्दत पुग्ने विश्वास आयोजहरूले गरेका छन्।

## हवाई मैदानमा गाईघाट महोत्सव

द्वन्दकालमा बन्द भएको उदयपुर जिल्लाको गाइघाट विमानस्थल पुनः सञ्चालन गर्न दबाब दिन माघ १६ गतेदेखि माघ २७ गते सम्म गाईघाट महोत्सवको आयोजना गरिएको छ। त्यस क्षेत्रमा रहेका कृषिजन्य वस्तु र जडिबुटीको बजारीकरण गर्नु महोत्सवको अर्को उद्देश्य हो।

महोत्सवमा निकासीजन्य वस्तुहरूको विशेष प्रदर्शन राखिएको आयोजक समितिका सदस्य गोपाल श्रेष्ठले बताए। ओझेलमा परेका धार्मिक तथा सांस्कृतिक परम्पराको प्रचार-प्रसार गर्नु पनि महोत्सवको उद्देश्य हो। उदयपुरको त्रियुगास्थित त्रिवेणीधाममा हरेक माघे संक्रान्तिका दिन सुरु हुने मेला तीन सातासम्म चल्छ। गाईघाट महोत्सवले त्रिवेणीधाममा मेला भर्न आएका करिब ढेड लाख मानिसलाई आफ्नो लक्षित समूह बनाएको छ। सो स्थानमा विराजमान इन्द्रेश्वर महादेव पशुपतिनाथजत्तिकै मानिन्छन्।

काठमाडौंबाट ४ सय ५० किलोमिटर टाढा रहेको गाईघाट पुग्न लाहानको बाटो भएर जानुपर्छ। १ सय वटा स्टल राखिएको महोत्सवमा चिराइतो, सतावरी, तेजपात, अलौं आदि कृषिजन्य वस्तु प्रदर्शनमा छन्।

देशको सबैभन्दा ठूलो सिमेन्ट कारखाना उदयपुर सिमेन्ट उद्योग यही जिल्लामा छ। रौता पोखरी, राधाकृष्ण मन्दिर, चौगण्दी गढी, पातले छाँगाजस्ता पर्यटकीय गन्तव्यहरू पर्यटकको प्रतीक्षा गरिरहेका छन। त्यसैगरी महोत्सवमा हास्यकलाकार नारद खतिवडाको नेतृत्वमा विविध प्रहसनहरू देखाइनेछ भने गायक मनोज घोरासैनीले लोकदोहरी प्रस्तुत गर्ने कार्यक्रम छ।

## सानो पर्दा


▶▶ सगरमाथा टेलिभिजनबाट प्रसारण भैरहेको नेपाली चलचित्रसँग सम्बन्धित कार्यक्रम 'मुभी एक्सप्रेस' मा नयाँ सामाग्री समावेश गरिएको छ । कार्यक्रमका निर्माता तथा प्रस्तोता सरोज केसीका अनुसार चलचित्रका गतिविधिहरू समेटिएको यो कार्यक्रममा अहिले 'जुन इन' शीर्षकको सेग्मेन्ट थपिएको छ । यो कार्यक्रम प्रत्येक बुधबार साँझ ६:३० बजे प्रसारण हुन्छ ।

▶▶ नेपाल टेलिभिजन-टुबाट हास्य टेलिश्रृंखला 'खेल' को प्रसारण प्रारम्भ भएको छ । पाथिभरा फिल्म्स प्रोडक्सनले निर्माण गरेको यो श्रृंखलाको निर्देशन समिर मियाँले गरेका हुन् । प्रत्येक आइतबार राति ९:१० बजे प्रसारण हुने यो टेलिश्रृंखलामा शिवशंकर रिजाल, रमेश मट्टारे, मञ्जु श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन् ।



▶▶ मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्य (मह) ले एउटा नयाँ टेलिश्रृंखलाको निर्माण गरेका छन् । आगामी चैत महिनादेखि कान्तिपुर टेलिभिजन तथा नेपाल टेलिभिजनबाट एकसाथ प्रसारण हुने टेलिश्रृंखला 'आमा' को निर्माण हालसालै सम्पन्न भएको हो । जनकपुर, धम्पुस, चितवन, पालुङ, टिस्टुङ तथा काठमाडौंमा छायांकन गरिएको यो टेलिश्रृंखला १५ भाग लामो हुनेछ । पहाडदेखि तराईसम्मको शान्ति-प्रक्रिया, जातीय सद्भाव, राष्ट्रिय एकता, नयाँ संविधान निर्माण तथा प्रदेशहरूको निर्माणजस्ता राष्ट्रिय चासोमा केन्द्रित यो टेलिश्रृंखलामा मह जोडिका अतिरिक्त किरण केसी, शर्मिला शर्मा, नरेन्द्र कंसाकार, राजु भुजु, राजाराम पौडेल र मिथिला नाट्य परिषद्का परेवेश झा, रमेश रन्जन, प्रियंका झा, सुनील मिश्र, रञ्जु यादव, रवीन्द्र झा, इन्देश झा आदि कलाकारले भूमिका निर्वाह गरेका छन् ।

▶▶ कान्तिपुर टेलिभिजनबाट नयाँ टेलिश्रृंखला 'उधारो सिन्दुर' को प्रसारण प्रारम्भ हुने भएको छ । आगामी फागुनको दोस्रो सातादेखि यो श्रृंखला प्रत्येक आइतबार साँझ ७:३० बजे प्रसारण हुनेछ । रेशराज आचार्यद्वारा निर्देशित यो श्रृंखलामा उषा पौडेल, दीपक अधिकारी, प्रेरणा शर्मा, विजय दीप गिरी, सुरेश चौधरी, जीवन थापा, एलिजा रीजाल, रामकेशर बोगटी आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन् । कान्तिपुर टेलिभिजनबाटै प्रसारण भैरहेको रेशराज आचार्यद्वारा निर्देशित टेलिश्रृंखला 'संस्कार' को प्रसारण टुंगिएको छ ।



# ब्युटिसियनहरू र्‍याम्पमा

पोखरा- आफूले चिरिच्याँट्ट पारेर सजाएको मोडलको हात समाउँदै ब्युटिसियनहरू र्‍याम्पमा निस्किए । पोखरा उद्योग वाणिज्य संघको प्रेक्षालयमा आकर्षक परिहनमा भेला भएका सहकर्मीहरूले उनीहरूलाई हुटिङ गर्दै हौसाए । सुरुमा हिस्सी परेकी र मिलेको ड्रेसअपमा सात वर्षीया एनिका रानालाई आफ्नै ब्युटिसियन आमाको हात समाउँदै र्‍याम्पमा निस्कँदा सभाहल गुञ्जायमान भयो ।

गुरुङ ब्युटीपार्लर एन्ड ब्युटी एकेडेमी प्रा.लि.ले गरेको न्यु लुक्स प्रोफेसनल सेमिनारमा ब्युटिसियनहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित ग्ल्यामर सोमा एनिकासँगै अर्की सात वर्षीया मोडल सुर्वण गुरुङ पनि सबैको आकर्षण बनिन् । सुवर्ण ब्युटिसियन सीता गुरुङसँगै मेकअप तथा हेयर स्टाइलमा हाफ कट्टु तथा टिर्सटमा देखा परिन् भने त्यसपछि कोही साडी तथा कोही दुलहीको पहिरनमा निस्किए ।

कार्यक्रममा सहभागी दुई सयभन्दा बढी ब्युटिसियनमध्ये ग्ल्यामर सोका लागि १५ जना ब्युटिसियनले प्रतिस्पर्धा गरेका थिए, जसमा आकर्षक ड्रेसअपमा नमस्ते ब्युटिपार्लरकी निरु राना छानिइन् । त्यस्तै उत्कृष्ट मेकअपका लागि श्रेया ब्युटिपार्लरकी गीता केसी तथा उत्कृष्ट हेयर स्टाइलमा विना ब्युटिपार्लरकी विना बज्राचार्य उत्कृष्ट ठहरिए ।

कार्यक्रममा सौन्दर्यसम्बन्धी विविध विषयमा समेत ब्युटिसियनहरूलाई प्रशिक्षण दिइएको थियो । राजधानीबाट आएकी वरिष्ठ सौन्दर्य विशेषज्ञ विनु श्रेष्ठले हेयर जुरो, लेटेस हेयर कट, मोडल मेकअप आदि विषयमा प्रशिक्षण दिएकी थिइन् । त्यसै गरी फ्रान्सेली ब्युटिसियन मेरीले पनि स्पा फेसियल ट्रिटमेन्टका बारेमा जानकारी दिइन् । कार्यक्रममा पश्चिमाञ्चलका विभिन्न जिल्लाका ब्युटिसियनहरू सहभागी थिए ।

## साप्ताहिक क्विज ७

- साप्ताहिक-कुसुमे रुमाल क्विजको उत्तर आगामी शुक्रबारसम्म आइपुग्ने गरी साप्ताहिकको ठेगानामा पठाउनुहोला ।
- कुपनमा पठाइएको उत्तर मात्र स्वीकार्य हुनेछ ।
- विजेताहरूमध्ये गोलाप्रथाबाट पाँच जनालाई गोपीकृष्ण मुभिजका तर्फबाट निरक पौडेलद्वारा निर्देशित एवं सौर्यजित बास्कोटाद्वारा संगीतबद्ध चलचित्र 'नयाँ कुसुमे रुमाल'का सुमधुर गीतहरू संग्रहित एक-एकवटा अडियो सिडी वा क्यासेट प्रदान गरिनेछ । साथै पाँच जनालाई काठमाडौंको चाबहिलस्थित गोपीकृष्ण मुभिजमा प्रदर्शन भैरहेको चलचित्रको २-२ वटा टिकट प्रदान गरिनेछ ।
- यो 'साप्ताहिक-कुसुमे रुमाल' क्विजका सर्त तथा नियमहरूमा सर्वाधिकार संयुक्त रूपमा कान्तिपुर पब्लिकेसन्स तथा गोपीकृष्ण मुभिजको रहनेछ ।

**क्विज-४ को उत्तर : उद्दव पौड्याल**

**पुरानो 'कुसुमे रुमाल' को निर्माण संस्था कुन थियो ?**

.......................................................

.......................................................

**नाम** : ..............................

**ठेगाना** : ..............................

..............................

**फोन नम्बर** : ..............................

**क्विज-४ का टिकट विजेताहरू:**

१. सविना नगरकोटी, डाँछी
२. कविराम जैशी, बागबजार
३. सूर्यकुमार पौडेल, चावहिल
४. राजन विश्वकर्मा, कालोपुल
५. प्रभा घिमिरे, उदयपुर

**क्विज-४ का सीडी विजेताहरू:**

१. सुयोग्य बलमपाकी, स्वयम्भू
२. जीवन निरौला, दमक
३. रञ्जिता मानन्धर , कमलपोखरी
४. रञ्जुकुमारी चौधरी, सप्तरी
५. राजाराम परियार, धादिङ

**विजेताहरूले परिचय पत्रसहित गोपीकृष्ण मुभिज, चावहिल फोन नं. ४४७९८९३/४ मा एक महिनाभित्र सम्पर्क राख्नुहोला । उपत्यका बाहिरका विजेताले परिचित व्यक्तिमार्फत परिचय पत्र पठाई पुरस्कार पाउन सक्नुहुनेछ ।**




## • साताको स्वर •



## अविनाश घिसिङ

**दर्शन ला... कस्तो गीत हो ?**
नेपाली तथा शेर्पा भाषामा तयार पारिएको यो लोक-पप शैलीमा आधारित शेर्पा गीत हो ।

**गीतमा कस्ता शब्द प्रयोग गर्नुभएको छ ?**
हिमाली भेगतिर प्रचलनमा रहेको लोकगीतलाई संकलन गरेर तयार पारिएकाले यसमा शेर्पा भाषाका शब्दहरू समावेश गरेको छु ।

**गीतको कुन पक्ष स्तरीय छ ?**
गीतको मेलोडी पक्ष स्तरीय छ । साथै हिमाली क्षेत्रको प्राकृतिक सौन्दर्यको वर्णन गर्ने शब्द पनि कर्णप्रिय छन् ।

**यो गीत कस्ता श्रोताका लागि गाउनुभएको हो ?**
सबै उमेरका श्रोताका लागि तयार पारेको हुँ, तर मौलिक गीत भएकाले अहिलेको युवापुस्तालाई यस्तो गीत सुनाउनु अनिवार्य पनि छ ।

**म्युजिक भिडियो कस्तो बनेको छ ?**
सोलु तथा नाम्चेका प्राकृतिक दृश्यमा छायांकन गरिएकाले हेर्न लायक भिडियो बनेको छ । म्युजिक भिडियोकै कारण गीतले लोकप्रियता हासिल गर्दैछ ।

## • म्युजिक अपडेट •

▶▶ सांगीतिक कार्यक्रमका क्रममा गायक विजय लामा जापान पुगेका छन् । आदिवासी जनजाति संघ, जापानद्वारा आयोजित सांगीतिक कार्यक्रममा सहभागी हुन उनी जापान पुगेका हुन् । गत साता सम्पन्न सांगीतिक कार्यक्रममा गायक लामाले आफ्ना लोकप्रिय गीत-संगीत प्रस्तुत गरेका थिए ।

▶▶ गायक आकाश गोर्खालीको नयाँ गीतिसंग्रह 'अगोनी' को एउटा गीतको म्युजिक भिडियो यसै साता टेलिभिजन च्यानलमार्फत सार्वजनिक हुँदैछ । संग्रहको 'हेर तारा' गीतको म्युजिक भिडियो सार्वजनिक हुन लागेको हो ।

▶▶ संगीतकर्मी दम्पती शिलाबहादुर मोक्तान तथा कुन्ती मोक्तानलाई भक्तपुरमा सम्मानित गरिएको छ । संगीतकार शिलाबहादुर तथा गायिका कुन्तीलाई मिवाछेस्थित एभरेस्ट इङ्लिस स्कुलले स्थापनाको रजत वर्षका अवसरमा जनही ६ हजार रुपैयाँ तथा ताम्रपत्र प्रदान गरी सम्मानित गरेको हो । समारोहमा मोक्तान दम्पतीले आफूहरूलाई एकै थलोमा सम्मान गरिएको यो नै पहिलो अवसर भएको बताए ।

▶▶ शास्त्रीय संगीतकार तथा सांगीतिक गुरु गुरुदेव कामतको दसौं एकल गायन कार्यक्रम सम्पन्न भएको छ । कामतको पछिल्लो प्रस्तुतिको आयोजना गुरुकुल संगीत पाठशालाले गरेको हो । राष्ट्रपति डा. रामवरण यादवको उपस्थिति रहेको उक्त कार्यक्रममा संगीतकार कामतले शास्त्रीय गायनदेखि ठुमरी, सुफी हुँदै नेपाली, हिन्दी, उर्दु तथा मैथिली गजलसम्म गाए ।

▶▶ स्व. तबलावादक अतुल गौतमको सम्झनामा अघिल्लो बुधबार राजधानीमा आयोजिता एक कार्यक्रममा वरिष्ठ तबलावादक पण्डित होमनाथ उपाध्याय तथा म्युजिक नेपालका सञ्चालक सन्तोष शर्मालाई यस वर्षको अतुल स्मृति सम्मान प्रदान गरिएको छ । अतुल स्मृति प्रतिष्ठानद्वारा आयोजित उक्त कार्यक्रममा तबलावादनमा योगदान पुऱ्याएबापत उपाध्यायलाई तथा नेपाली संगीतको बजार विस्तारमा योगदान पुऱ्याएबापत शर्मालाई सम्मान गरिएको हो । समारोहमा अतुलको जीवनीमाथि निर्माण गरिएको वृत्तचित्रसमेत प्रदर्शन गरिएको थियो । कार्यक्रममा प्रतिष्ठानले गौतमको सम्झनामा ताल विद्यालय स्थापनाको घोषणासमेत गऱ्यो ।

▶▶ आप्रवासी तामाङ समाज कतारले आयोजना गरेको ल्होछार उत्सवमा तामाङ संस्कृति झल्कने झाँकी, परिकार महोत्सव तथा सांगीतिक कार्यक्रम आदि सम्पन्न भएको छ । सांगीतिक कार्यक्रममा अमेरिकाबाट दोहा पुगेका गायक राजु लामासँगै काठमाडौंबाट गएका चन्द्रकुमार दोङ, तुलसा वाइबा तथा इन्दिरा योञ्जनले गीत-संगीत प्रस्तुत गरेका थिए ।

▶▶ नेपाली कलाकारहरूको एक समूहले मलेसियामा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ । अघिल्लो शुक्रबार मलेसिया गएका पप गायक हिमाल सागर, गायिका सुजाता सिटौला तथा लोकदोहोरी गायक-गायिका रेशम थापा, कृष्ण देवकोटा, कमल गाउँले एवं मञ्जु महतको समूहले त्यहाँ रहेका नेपालीहरूलाई विभिन्न गीत तथा नृत्यमार्फत मनोरञ्जन प्रदान गरे ।

▶▶ गत शनिबार दोलखाको चरिकोटमा सम्पन्न' दोलखा संगीत उत्सव' मा राजधानीबाट गएका सांगीतिक समूहलाई स्थानीय कलाकारले पनि साथ दिएका छन् । गत शनिबार सम्पन्न सांगीतिक कार्यक्रममा सांगीतिक समूह एक्स ब्यान्ड मात्र होइन, नेपालिया ब्यान्डका अनुप तथा सजन श्रेष्ठको प्रस्तुतिले पनि दर्शकलाई मनोरञ्जन प्रदान गऱ्यो ।

▶▶ अस्ट्रेलियामा सम्पन्न आधा दर्जन सांगीतिक कार्यक्रममा सहभागी भएर सांगीतिक समूह नेपथ्य स्वदेश फर्किएको छ । चार साताअघि नेपथ्यका संगीतकर्मिहरू अमृत गुरुङ (गायन), निखिल तुलाधर (ड्रम), सुरज थापा (सिन्थेसाइजर), सुविन शाक्य (बेस गिटार) तथा नीरज गुरु (लिड गिटार) अस्ट्रेलिया गएका थिए ।

▶▶ डा. ६९ का रूपमा चर्चित ऱ्याप गायक सुदिन पोखरेल एकल गायन कार्यक्रम प्रस्तुत गर्ने क्रममा सिड्नी पुगेका छन् । गायक पोखरेलले हिजो बिहीबार ब्रिस्बेनमा आयोजित सांगीतिक कार्यक्रममा आफ्नो एकल प्रस्तुतिमार्फत नेपाली ऱ्याप संगीतका पारखीहरूको मन जितेका थिए ।


▶▶ विभिन्न गायकका गीतहरू रचना तथा संगीतबद्ध गरिसकेका सांगीतिक समूह 'रस्टिक' का संगीतकर्मी किरण घिमिरे 'माइकल' आफ्नो पहिलो एकल गीतिसंग्रह स्रोतामाझ ल्याउने तयारीमा छन् । चाँडै बजारमा आउन लागेको गीतिसंग्रह 'बस्ती' मा माइकलले आफ्नै रचनाका गीतहरूलाई संगीतबद्ध मात्र गरेका छैनन्, आफैंले स्वर पनि प्रदान गरेका छन् ।

## लाइभ शो

• काठमाडौं ज्याज कन्जरभेटोरीले कन्सर्ट सिरिज भाग-३ आयोजना गर्ने भएको छ । ललितपुरको झम्सिखेलस्थित ज्ञानोदय कलेजमा आगामी फागुन ३ गते शनिबार आयोजना हुने सांगीतिक कार्यक्रममा स्वदेश तथा विदेशका ज्याज समूहहरूको सहभागिता रहनेछ ।

• ३१ जना बालिका तथा १४ जना बालक आज शुक्रबार एउटै ऱ्याम्पमा क्याटवाक गर्दैछन् । वीरगन्ज, चितवन, काभ्रे तथा काठमाडौंका ७ देखि १४ वर्ष उमेर समूहका यी बालबालिकाहरू 'मास्टर किङ तथा लिटिल क्विन २००९' को उपाधिका लागि प्रतिस्पर्धा गरिरहेका छन् । सबै सहभागी हिंजो बिहीबार राजधानीमा सम्पन्न ट्यालेन्ट सोमा सहभागी भैसकेका छन् । आज दिउँसो दुई बजे जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षलयमा आयोजना हुने निर्णायक प्रतिस्पर्धालाई चार सिक्वेन्समा विभाजन गरिएको कोरियोग्राफर सिद्धान्त घिमिरेले बताएका छन् । प्रतिस्पर्धालाई मनोरञ्जक बनाउन आयोजक द एरो मोडलिङ एजेन्सीले एक दर्जन व्यावसायिक मोडलको आकर्षक क्याटवाकलाई पनि समावेश गरेको छ । कार्यक्रममा वनेपाको सांगीतिक समूह ग्लुमी गाइजले सांगीतिक कार्यक्रम प्रस्तुत गर्नेछ ।

## • अफबिट •



**म्युजिक भिडियोमा नायिका :** गायक आङ निमा शेर्पाको 'माया हो माया...' गीतको भिडियोमा नायिका प्रेरणा शर्मा तथा मोडल किरण लाकौल अभिनय गर्दै । यो भिडियोको निर्देशन सुरज श्रेष्ठले गरेका हुन् ।

## • नजिकबाट •

## सुनिता दुलाल

| | | |
|---|---|---|
| जन्ममिति | : | मंसिर १३ |
| घरमा बोलाउने नाम | : | सुनु |
| नामको अर्थ | : | थाहा छैन |
| परिचय | : | कलाकार |
| जन्मस्थान | : | सिन्धुपाल्चोक-२, जलविरे |
| रुचि | : | नयाँ ठाउँ घुम्ने |
| प्रकाशित एल्बम | : | चारवटा |
| सांगीतिक गुरु | : | प्रकाश गुरुङ, दीपक जङ्गम, गुरुदेव कामत |
| नजिकका साथी | : | शुभद्रा, प्रभा, सुशीला |
| मनपर्ने रंग | : | रातो, गुलाबी |
| मनपर्ने पहिरन | : | कुर्ता-सुरुवाल |
| मनपर्ने मौसम | : | हिउँद |
| फुर्सदमा | : | टेलिभिजन हेर्छु, पत्रपत्रिका पढ्छु |
| मनपर्ने गीत | : | अरुणा लामाको भाग्यले खुसी |
| रिस उठेको बेला | : | आवेशमा आउँछु |
| मनपर्ने आफ्नै बानी | : | दयालु स्वभावकी छु |
| पहिलो गीत | : | मायालुले झल्को दिइरहनी |
| पहिलो एल्बम | : | मायालुले झल्को दिइरहनी |
| पहिलो चर्चित गीत | : | फुरफुर परी बसिराछु माइत जानलाई |
| सबैभन्दा बढी माया | : | आमा-बाबालाई |
| पहिलो प्रेम | : | छैन |



## • ब्यान्ड •



## भूमि

करिब सात वर्षअघि काठमाडौंमा स्थापना भएको समूह 'भूमि' पृथक संगीत-सिर्जनामा व्यस्त छ । पाँच जना संगीतकर्मीको यो समूह आफूलाई 'अन्डरग्राउन्ड ब्यान्ड' का रूपमा परिचय दिन रुचाउँछ । अन्डरग्राउन्ड ब्यान्ड अर्थात् घरभित्रै संगीत सिर्जना गरेर रमाउने समूह । सांगीतिक समूह 'भूमि' अहिले आफ्नो दोस्रो गीति संग्रहको तयारीमा छ ।

अनामनगर, काठमाडौंका पाँच जना युवा मिलेर स्थापना भएको यो समूहले मेटल संगीतलाई आफ्नो सिर्जनाको माध्यम बनाएको छ । समूहका गितारिस्ट अनिल धिताल भन्छन्– 'हामीले सिर्जना गर्ने संगीतको शैली 'मेलोडी डेथ मेटल' हो ।' समूहका पाँच संगीतकर्मीमध्ये अनिल गितार बजाउँछन् । विकास गुरुङ गायक तथा गितारिस्ट हुन् । विवेक तामाङ ड्रमर हुन् भने कुञ्जनले बास गितारिस्टको भूमिका निर्वाह गर्छन् । दीपेश सुब्बा भ्वाइलिन तथा किबोर्ड बजाएर श्रोतालाई मनोरञ्जन दिन्छन् । ड्रमर तामाङबाहेक बाँकी सबै संगीतकर्मी स्थापनाकालदेखि नै समूहमा आबद्ध छन् । यो समूहले 'भूमि' नै शीर्षक राखेर पहिलो गीतिसंग्रह सार्वजनिक गरेको थियो ।

यो समूहले काठमाडौं, पोखरा तथा धरानमा आयोजना गरिएका करिब ५० वटा सांगीतिक कार्यक्रममा सहभागिता जनाइसकेको छ । तीन वर्षअघि आयोजित अन्डरग्राउन्ड ब्यान्डहरूको प्रतियोगितामा पहिलो स्थान हात पारेपछि मेटल संगीतका पारखीहरूको पहिलो रोजाइ बनेको यो समूहले अघिल्लो महिना राजधानीमा आयोजित कन्सर्टमा आफ्ना नयाँ सिर्जनाहरू प्रस्तुत गरेको थियो । समूहले नेपालीका साथै अंग्रेजी गीतहरू पनि रेकर्ड गराइसकेको छ ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

आँगनमा दुई आइमाईको गफ :

'तैंले मेरो छोरोलाई किन कुटिस् ?'

'तेरो छोरोले मलाई मोटी भैंसी भन्यो ।'

'त्यसो भए तैंले आफ्नो खुराक कम गर्ने कि मेरो छोरालाई कुट्ने ?'

०००

एउटा मानिस धोबीसँग गुनासो गर्दै थियो– 'यो मेरो सर्ट के गरी धोएको ? तीन दिन लगाउनासाथ मैला भयो ।'

०००

सुटबुट लगाएको व्यक्ति काठमाडौँको एउटा सडकमा सुतिराखेको थियो । ट्राफिकले देख्यो र छेउमा गएर सोध्यो ।

'के भयो, रिंगटा लाग्यो ?'

'होइन ।'

'मिर्गी लाग्यो कि ब्लडप्रेसर हाइ-लो ? के भयो ?'

'केही होइन, मेरी श्रीमती कार लिएर यहाँ आउँदै छे अनि पार्किङका लागि ठाउँ रोकेको...' सुत्नेले जवाफ दियो ।

०००

'तपाईंको दाहिनेपट्टि रेड हाउस छ, देब्रेपट्टि ग्रीन हाउस छ भने भन्नुस् त ह्वाइट हाउस कहाँ छ ?'

'मलाई के था ।'

'थाहा हुनुपर्छ नि हजुर ह्वाइट हाउस वासिंगटनमा छ ।'

०००

एउटा मानिस सडकमा बेहोस भयो । मानिसहरू भेला भए । 'मिर्गी लागेको होला जुत्ता सुँघाओ' एउटाले भन्यो ।

'होइन, यसलाई रक्सी खुवाउनुपर्छ' बुढी आइमाईले भनी ।

'यसको मुखमा पानी छ्याप ।' अर्कोले भन्यो ।

'हैन हैन रक्सी खुवाउनुपर्छ ।' बुढीले फेरि भनी ।

'पंखा हम्क, डाक्टर बोलाओ न' तेस्रोले भन्यो ।

'रक्सी, रक्सी' बूढी आइमाई ।

'पानी... डक्टर.... एम्बुलेन्स'

त्यत्तिकैमा बेहोस व्यक्ति जुरुक्क उठ्यो र भन्यो- 'तपाईंहरू धेरै हल्ला नगर्नुस् र विचरी बुढीआमाको कुरा सुन्नुस् ।'

### मेरो कुरो

**अफिस समीकरण**

स्मार्ट हाकिम + स्मार्ट कर्मचारी = नाफा


स्मार्ट हाकिम + झल्लु कर्मचारी = उत्पादन

झल्लु हाकिम + स्मार्ट कर्मचारी = प्रमोसन

झल्लु हाकिम + झल्लु कर्मचारी = ओभरटाइम ।

## ● कविता ●

### नझरोस् है



फूलजस्तो जोवन तिम्रो, ओइलिएर नझरोस् है
चोरीलान काँडाबाट, आँट कोही नगरोस् है
मोहित होलान् भमरा र माहुरीका ताँतीहरू
आउँछ कान्छो सपनीमा, तगारोमा नपरोस् है
सोध्नु खबर नेपाल जाने, कोही कतै भेट्यौ भने
सुख-दुःख बाँचेकै छु, भ्रम उसले नछरोस् है
याद आउँछ सानु तिम्रो, हृदयमै नअटाउने
चाहना छ निद तिम्रो, कहीं कतै नहरोस् है ।

–भूमिराज इच्छुक

### सम्झना र म

बेस्सरी मेघ गर्जिंदा तिमीलाई सम्झन्छु
ठूलो वर्षा वर्षिंदा तिमीलाई सम्झन्छु
कहिलेकाहीँ निद्रामा ऐंठन पर्दाखेरि
सपनीमा तर्सिंदा तिमीलाई सम्झन्छु
सुस्त सुस्त हावामा बयेली खेलिरहेका
धानको बाला लर्किंदा तिमीलाई सम्झन्छु
शीघ्र संगम चाहने उत्सुक छाती प्रायः
पलपल चर्कंदा तिमीलाई सम्झन्छु
सिंगै रात यदाकदा ननिदाई बित्छ
बाडुल्कीले सर्किंदा तिमीलाई सम्झन्छु ।

– सुवास परदेशी

### पाप छैन

यो मुटुमा निष्ठुरीको बाँकी अब छाप छैन
मायाले जति पोल्ने आगोको पनि राप छैन
माया भन्ने कुरा सिमानाभित्र बाँध्न सकिंदैन
सर्वत्र प्रेमवहार यसको कुनै नाप छैन
कठिन घडी जिन्दगीको काट्न साह्रै गाह्रो भो
निर्मोहीले भन्दा बढ्ता डस्ने अर्को साँप छैन
धोका दिई निर्मोहीले बीच बाटोमा नपुग्दैमा
उसको भलै चाहन्छु तैपनि पश्चाताप छैन
पतझड भयो यो जीवन वहार पाएन
धोका दिई जानेप्रति 'आकाश' को श्राप छैन ।

–आकाशचन्द्र न्यौपाने

### मेरो मृत्युमा

फूल नचढाउनु प्रिय मेरो लासमा सुक्ने त्यो वस्तु
शरीर खरानी बनाइदिनु नराखी कुनै अस्तु
मुस्कुराइदिनु तिमी मेरो लासले विदाइ माग्दा
पत्रले आगो सल्काइदिनु मेरो लास जलाउन लाग्दा
मृत्यु मेरो हुनेछ तिम्रो जीवनमा सुखी छाउन
पर्दैन प्रिय मेरो यादमा वेदनाको गीत गाउन
आफै खरानी हुन्छु सहनुपर्दैन प्रेमको जलाइ
मुस्कान दिन नबिर्सनु मेरो मृत्युमा मलाई
मुहार हेर्न पाऊँ चिन्ताको आगोमा म जल्दा
काँढा नबिजोस् खुसीका पाइला तिमीले चाल्दा
आँसु भर्ने आँखा मेरो जल्नेछ त्यो दिन
आत्मा मेरो भड्के सोच्नेछु पराइलाई सम्झिन ।

– अनुप भट्टराई

### पराई भयौ कसरी ?



मनमा चोट भरिएको छ
खुसी कहाँ खोज्न जाऊँ
आँसु नै अब सहारा भयो
ओंठमा हाँसो कसरी ल्याऊँ
सँगै धड्किने दुईटा मुटु
आज दुई टुक्रा भयो
दुई जिन्दगी एउटै थियो
आज दुई किनारा भयो
माया गर्थें तिमीलाई म
पराई भयौ कसरी
नजोडिने गरी आज
मुटु टुक्रियो यसरी ।

–रोजन थापा

### परिस्थिति



## ● लघु कथा ●

कुनै गाउँमा एउटा केटो बस्दथ्यो । ऊ अरूका सामानमा आँखा लाउँदैनथ्यो । साथीहरूले खानेकुरा चोरेर उसलाई दिए भने ऊ खाँदैनथ्यो र भन्थ्यो- 'म चोर्दा पनि चोर्दिनँ, चोर्नु पनि नपरोस् र चोरेको खाँदा पनि खादिनँ । बरु भोकै मर्छु, मागेर खान्छु तर चोर्दिनँ ।'

ऊ चोर्नु नराम्रो काम हो भन्ने सोच भएको केटा थियो । एकदिन अकस्मात् असारको बेला नजिकैको खोलामा बाढी आएर उसका घरका सबै सदस्यको मृत्यु भयो र ऊचाहिँ बाँच्यो । यसरी सहाराविहीन भएपछि ऊ सहर पस्यो । नचिनेको ठाउँ भोक लागेर माग्दा पनि कसैले खाना दिँदैनथे, खाते भन्थे र हेला गर्थे । तीन-चार दिनसम्म भोको पेट लिएपछि उसले आफ्नो पेटका लागि भए पनि त्यस सहरको होटलको खाना चोरेर आफ्नो पेट भऱ्यो । सहरको निष्ठुरीपनले गर्दा पहिलेको इमानदार केटो अहिले चोरीको अभियोगमा जेलमा छ ।

– भुवनकुमार चौलागाईं

# राजधानीमा विवाह मेला

काठमाडौं– फागुन महिना नजिकिँदैछ । उमेर पुगेका युवायुवतीहरूको घरमा विवाहको चर्चा चलिरहेको हुनसक्छ । नातेदारहरू विवाहको कुरा मिलाउने लमीलाई पछ्याइरहेका होलान्, दुलहा-दुलहीको चिना हेर्ने ज्योतिषी र वैवाहिक कार्यक्रम सम्पन्न गर्ने पण्डितको खोजी भैरहेका होला । हतार नगर्नुहोस्, यी सबैलाई अब एउटै थलोमा भेट्न सकिनेछ । यसका लागि 'नारी विडिङ एन्ड गिफ्ट एक्स्पो-२००९' लाई पर्खनुपर्नेछ । राजधानीस्थित युनाइटेड वर्ल्ड ट्रेड सेन्टरको डाइरेक्सन एक्जिविसन एन्ड कन्भेन्सन हलमा विवाहसम्बन्धी यो पृथक् कार्यक्रम चार दिनसम्म चल्नेछ । विवाहमा चाहिने सामग्रीहरूको प्रदर्शनी एवं आवश्यक परामर्श प्रदान गर्ने हेतुले माघ २३ गतेदेखि उक्त कार्यक्रम गर्न लागिएको हो । कान्तिपुर पब्लिकेसन्सको प्रकाशन 'नारी' मासिकले प्रयोजन गरेको यो कार्यक्रमलाई डाइरेक्सन नेपालले तेस्रो पटक आयोजना गर्न लागेको हो ।

'विवाह अधिकांश युवायुवतीको जीवनमा आउने एउटा मोड हो,' आयोजक संस्थाका प्रबन्ध निर्देशक त्रैलोक्यश्वर मल्ल भन्छन्- 'तर, सबैलाई विवाहका बारेमा सम्पूर्ण




जानकारी नहुन सक्छ ।' विवाहसम्बन्धी हरेक किसिमका जानकारी उपलब्ध गराउन 'विडिङ एन्ड गिफ्ट एक्स्पो' को आयोजना गर्न लागेको मल्लले बताए । एक्स्पोमा विवाहमा चाहिने सामग्रीहरूका साथै जातीय विविधताअनुरूप दुलहा-दुलहीको पहिरन प्रदर्शनी गरिनेछ । गरगहना र पहिरन मात्र होइन विवाह गर्दा प्रयोग गरिने परम्परागत सामग्रीहरूसमेत प्रदर्शन गरिने आयोजकहरूले जनाएका छन् । 'आधुनिकताको नाममा अनि व्यस्तताका कारण धेरैले विवाहमा परम्परागत सामग्री प्रयोग गर्न छाडेका छन्,' मल्ल भन्छन्- 'लोपोन्मुख अवस्थामा पुगेका ती सामग्रीले प्रदर्शनीमा बेग्लै आकर्षण थप्नेछन् ।' विवाहका सम्पूर्ण प्याकेजलाई समेटेर आयोजना गरिने कार्यक्रममा विवाह गर्न चाहनेहरूका लागि त्यही स्थानमा आवश्यक बन्दोबस्त समेत मिलाइनेछ । मल्लका अनुसार विवाह गर्न तयार भएकाहरूले त्यहीं वैवाहिक कार्यक्रम सम्पन्न गर्न सक्नेछन् । त्यस्तै आफ्नो विवाहको ५० औं एवं २५ औं वर्षको वार्षिकोत्सव मनाउनेहरूका लागि पनि कार्यक्रम राम्रो गन्तव्य हुनेछ'- आयोजक संस्थाका इभेन्ट म्यानेजर पशुपति खत्रीले बताए । नवदम्पतीका लागि उक्त एक्स्पोमा धुलिखेलस्थित मिरावेल रिसोर्टले विशेष हनिमुन प्याकेजको पनि व्यवस्था मिलाएको छ ।

बेहुली श्रृंगार प्रतियोगिता, फेसन सो, तस्बिर सुटिङ मेलाको मुख्य आकर्षण रहनेछ । 'निःशुल्क मेहन्दी श्रृंगारका साथै दुलहा-दुलहीको तस्बिर खिच्ने व्यवस्था गरिनेछ,' खत्रीले साप्ताहिकलाई बताए । कार्यक्रममा चर्चित व्यक्तिहरूका विवाहका तस्बिर पनि प्रदर्शन गरिनेछ । मदनकृष्ण श्रेष्ठ, सन्तोष पन्त, गगन थापा, फत्तेमान राजभण्डारी आदिका विवाहका तस्बिर प्रदर्शनीमा राखिनेछ ।

कार्यक्रमको मुख्य आकर्षण बेहुली श्रृंगार प्रतियोगितामा जोसुकैले भाग लिन सक्नेछन् । प्रतियोगिताका लागि एक मोडलसहित दुईजना ब्युटिसियन सहभागी हुन सक्ने खत्रीले बताए । यो प्रतियोगिता एक्स्पोको पहिलो दिन सञ्चालन हुनेछ । यसै अवसरमा विभिन्न जात-जातिका दुलहा-दुलहीको पहिरनमा मोडलहरूलाई उतारिनेछ । नेपालका विभिन्न जात-जातिले विवाहमा लगाउने पहिरनमा सजिएर मोडलहरूले फेसन सो गर्नेछन् । 'विवाहअघि के गर्नुपर्छ, दाम्पत्य जीवन कसरी सुखमय एवं सफल बनाउने भन्ने विषयमा परामर्श पनि दिइनेछ' खत्री भन्छन्- 'सम्बन्धित क्षेत्रका विज्ञहरूले यस विषयमा परामर्श दिनेछन् ।'

कार्यक्रममा विवाहका लागि लोन प्रोभाइडर, हनिमुन प्याकेज प्रोभाइडर, म्यारिज एजेन्ट, म्यारिज ब्युरो आदि ५५ वटा स्टल रहनेछन् । बुटिक, ज्वेलरी, हेयर ड्रेसर, फर्निचर सोरुम, गिफ्ट सप, ड्रेस रेन्टल, म्युजिक ब्यान्ड, पार्टी प्यालेस, क्याटरिङ सेवा, पर्फ्युम, वेडिङ कार्डको स्टल पनि महोत्सवमा रहनेछ । एक्स्पोमा कार रेन्टल, फोटोग्राफी, डिजे एन्ड म्युजिक सिस्टम, कार्ड डिस्ट्रिब्युटर्स, ट्राभल एजेन्ट्स आदि सुविधा पनि उपलब्ध हुनेछ ।

# रौनक लेखनाथ महोत्सवको

पोखरा- पोखरा नजिकैको लेखनाथ नगरपालिकामा यतिबेला भिन्दै रौनक छ । सात तालको सहरका रूपमा चिनिएको सहरमा माघ ९ देखि १९ गतेसम्म चल्ने लेखनाथ महोत्सवमा दर्शकहरूको चाप बढेको छ । आसपासका जिल्लाहरूबाट दर्शकहरू ओइरो लागेपछि महोत्सवको व्यापारिक कारोबार पनि ह्वात्तै बढेको लेखनाथ उद्योग वाणिज्य संघका महासचिव लक्ष्मीप्रसाद त्रिपाठीले बताए । लेखनाथ औद्योगिक पर्यटन कृषि तथा व्यापार मेलामा सुन्तला, माछा, कुखुरा, ताजा तरकारी, मह, कफीको प्रदर्शनीसँगै फुड फेस्टिबल तथा बाल उद्यानले आकर्षण थपेको छ ।

त्यस्तै यहाँ बेगनास तालको ताजा माछाको बिक्री बढी देखिन्छ । पोखराको छायाँमा परेको लेखनाथलाई पर्यटन उद्योग र कृषिको विकासबाट बृहत् पोखराको अवधारणसँग गाँस्न यो महोत्सवको आयोजित गरिएको हो । जैविक विविधतामा लेखनाथ पोखराभन्दा धनी मानिन्छ ।

लेखनाथ उद्योग वाणिज्य संघले बर्सेनि गर्दै आएको महोत्सवको यो पाचौं संस्करण हो । ११ दिने महोत्सवमा १० करोड बराबरको कारोबार र ३ लाख दर्शकले महोत्सव अवलोकन गर्ने अपेक्षा राखिएको छ । मेलामा पप कन्सर्ट, लोकदोहोरी तथा ख्यातिप्राप्त कलाकारहरूको प्रहसनले



दर्शकहरूलाई मनोरञ्जन प्रदान गरेको छ ।

यता महोत्सवकै अवसरमा गला र कला भएका नवकलाकारहरूको प्रतिभा प्रस्फुटन गराउन इन्डियन आइडल तथा नेपाली ताराकै शैलीमा गण्डकी आइडल प्रतियोगितासमेत सञ्चालन भैरहेको छ । कुल १ सय २९ जनाले प्रतियोगिताका लागि स्वरपरीक्षा दिएकोमा ५५ जना छनौट भएका थिए । उनीहरूमध्ये टप टेन हुँदै महोत्सवको अन्तिम दिन एक जना गण्डकी आइडल चुनिनेछ । दर्शक मतका आधारमा गण्डकी आइडल चुनिनेछन् । गण्डकी आइडल हुनेले ४० हजार नगदका साथमा प्रमाणपत्र पाउनेछन् । महोत्सवमा विद्यालयस्तरीय नृत्य प्रतियोगिता तथा फेसन सोले आकर्षण थपेको छ ।

## ● सन्देश ●



प्रिन्स, तपाईंको स्वास्थ्यस्थिति केही खराब भएको कुरा थाहा पायौं, हामी गुरुसँग शीघ्र स्वास्थ्यलाभको कामना गर्छौं साथै शैक्षिक सफलता एवं कार्य सफलताको शुभकामना । चाँडै निको भएर फोन गर्नुहोला ।

**नितु/सुप्रिम**

सोनी, सुमधुर सम्झनाहरू हृदयको कन्दरा अनि यो मानसपटलमा सधैं अमर छन् । तिम्रो जीवनमा उन्नति, प्रगति अनि सधैं सफलता चुमिरहोस्, परीक्षामा सफलताको कामना । काठमाडौं आएपछि फोन गर ।

**सविन**

सोनमल्होसारको सुअवसरमा सम्पूर्ण तामाङहरूमा हार्दिक शुभकामना । विशेष गरी होली केयरका साथीहरू एवं मेरा इष्टमित्रहरूलाई । परीक्षामा सहभागी हुने सम्पूर्ण परीक्षार्थीलाई बेस्ट अफ लक ।

**tamandas_g**

उनी सधैं बैंकको बाटो जान्थिन् । हरेक दिन उनले मलाई हेरेजस्तो लाग्थ्यो । एक दिन मेरो नजर उनको नजरसँग जुध्यो । मैले उनलाई कतै देखेजस्तो लाग्यो । त्यसैले म उनको पछि लागें, तर अहिले उनी त्यो बाटो हिंड्न छाडिन् । उनीसँग मलाई एकपल्ट भेट्न मन छ ।

**amar_karki19@yfahoo.com**

सुनिता, याद तिम्रो आइदिंदा यो मन आफैं बिथोलिन्छ । बिर्सिदिऊँ भन्दा पनि हृदयको इच्छालाई यो मनले छिचोलिदिन्छ, सायद यो मेरो दुर्भाग्य होला तिमीसँग विछोडिनु, मेरो भाग्यमा नै लेखिएको थियो होला तिम्रो यादमा तडपिनु ।

**भक्त**

नेप्टु, तिम्रो जीवनमा हिंजो जे भयो, आज के छ र भोलि के हुन्छ आई डन्ट केयर, म तिमीलाई हिजो माया गर्थें, आज गर्छु र जिन्दगीभर नै गरिरहनेछु । बाँकी सबै कुरा तिम्रो हातमा ।

**मिठ्ठू**

## ● जीवनको गोरेटोमा ●

### पहिलो रात

म एउटा गाउँको कलेजमा अध्ययन गर्दै थिएँ । त्यस बेला म १८ वर्षको थिएँ । १६ वसन्त पार गरेकी एक युवतीलाई मैले मन पराएँ तर म उनीसँग कुरा गर्न सक्दैनथें । उनीप्रतिको आकर्षण दिनप्रतिदिन बढिरहेको थियो । यसै क्रममा मैले हिम्मत गरेर एउटा पत्र लेखेकोमा लगत्तै त्यसको जवाफ पाएँ । त्यसमा उनले पनि मन पराएको कुरा लेखिएको थियो ।

पत्र अदान-प्रदान चलिरहेको थियो । हाम्रो प्रेमको चर्चा-परिचर्चा सुरु भैसकेको थियो । यो खबर मेरो घरसम्म पुगेको थियो र आमाबुबाको सल्लाहअनुसार मेरो विवाह गर्ने निर्णय भैरहेको थियो । मैले आफ्नो सम्बन्धका बारेमा आमाबुबालाई बताएको थिएँ र उहाँहरूलाई पनि केटी मन परेको कुरा थाहा भयो । आमाबुबाले पनि उनैसँग मेरो विवाहको कुरा चलाउनुभयो र केटी पक्षबाट पनि स्वीकार भयो ।

माघमा विवाह गर्ने निधो भएको थियो । हाम्रो विवाहका लागि आवश्यक तयारीहरू भैरहेका थिए । त्यसै क्रममा उनले मलाई एउटा पत्र लेखिन् । त्यो पत्र पढ्दा मलाई लाग्यो साँच्चै अब म एक जिम्मेबार श्रीमान् बनिरहेको छु । यो कुराले एकातिर मलाई खुसी तुल्याइरहेको थियो भने अर्कातिर दुखित बनाइरहेको थियो ।

सोचें विवाह भनेको सबै मानिसले गर्नुपर्छ । जसरी एक पाङ्ग्राले रथ चल्दैन त्यसरी नै मेरो जीवन पनि चल्दैन । अर्कातिर विवाह गरेर कसरी पाल्ने तथा उनले मेरो घरबार कतातिर लाने हुन् भन्ने चिन्ताले सताइरहेको थियो ।

माघ १५ गते आफन्तजन नातागोता सबैजना आएर हाम्रो संस्कार अनुसार सेतो फेटा अनि सेतो च्यादर ओढाई मलाई बेहुला बनाई गीत गाउँदै बसबाट बेहुलीको घरतिर लाग्यौं । अब मेरो जीवनले कुन मोड लिन्छ अनि म उनलाई कसरी सधैंभरि खुसी राख्न सक्छु भन्ने कुराहरू मनमा खेलिरहेका थिए । त्यसै क्रममा उनको गाउँ आयो, उनको गाउँका सम्पूर्ण व्यक्ति अनि आफन्तजन हाम्रै प्रतीक्षामा थिए । त्यहाँ बाटोमा कलश राखी हाम्रो स्वागत भयो । जन्तीहरू आफ्नै तालमा नाचिरहेका थिए ।

यसरी करिब ९ बजेको थियो होला हामी सबैजनालाई खाना ख्वाएर सुताए । त्यो रातभरि मलाई निद्रा लागेन । अर्को दिन ८ बजेतिर विवाह मण्डपमा हामी दुवैलाई बसाएर विवाह चलिरहेको थियो । माघको जाडोमा पनि मलाई गर्मी महसुस भैरहेको थियो । यसरी सबै कर्मकाण्डहरू गरिसकेपछि हामी बेहुली लिई पुनः घरतर्फ फर्क्यौं । घरमा पुगिसकेपछि आमाबुबाहरूले बुहारी भित्रियाए । अनि विधिवत् तरिकाले घरका देवी-देवताहरू छुवाएर सँगै मर्ने सँगै बाँच्ने जस्ता कुराहरू आफ्नो जीवनमा कहिल्यै नबिर्सनु भन्दै हाम्रो विवाह सम्पन्न भयो । करिब दुई बजेतिर विदाइका हातहरू हल्लाउँदै हामी आफ्नो घरतर्फ लाग्यौं । जसरी साँझ पर्दै गएको थियो त्यसरी नै मेरो धड्कन तीव्र भैरहेको थियो ।



रात पर्‍यो, करिब ८ बजेतिर हामी दुवैले खाना खायौं अनि केही बेरपछि सुत्न गयौं । पहिलो रात भएकाले उनलाई मैले आफ्नो घर-परिवारका बारेमा बताइरहेको थिएँ । साथै उनीसँग जीवनका कुराहरू गरिरहेको थिएँ, उनी पनि मसँग लजाई-लजाई कुरा गरिरहेकी थिइन् । कुराकानी कै सिलसिलामा मेरो मनमा एक किसिमको उत्तेजना आयो र सहनै नसकी मैले उनको छातीमा हात राखी एक्कासि ओठमा चुम्बन गरें । उनी लजाइरहेकी थिइन् । उनको त्रासलाई भङ्ग गरिदिएपछि उनले मलाई सुमसुम्याउन थालिन् । अहिले हाम्रो विवाह भएको करिब तीन वर्ष भयो र अहिले हाम्री छोरी पनि छिन् । हाम्रो जीवन सुखपूर्वक बितिरहेको छ । त्यो रात सम्झँदा मलाई त्यही दिनको झैं अझै उत्तेजना अनि उत्साह आउँछ, मलाई आफ्नो जीवनसँग कुनै गुनासो छैन ।

**–सल्फ्रोस**

## ● साथी ●



नम्र एवं मिलनसार स्वभावका भीमसेन आचार्य ६ फिट १ इन्च अग्ला छन् । बीएडसम्मको अध्ययन पूरा गरेका आचार्य हाल जिफोरएस नेपालमा कार्यरत छन् । विवाहित भीमसेन २४ वर्षका भए । नम्र र योग्य व्यक्ति बन्ने चाहना बोकेका आचार्य जनगणतन्त्रवादी र राष्ट्रप्रति बफादार, मनको भावना बुझ्ने व्यक्तिलाई साथी बनाउने चाहना राख्छन् । भीमसेनलाई साथी बनाउन चाहनेहरूले नाङ्लेभारे-१, पञ्चपाले काठमाडौंमा पत्राचार गर्न सक्नुहुनेछ ।



सबैसँग सजिलै घुलमिल हुने स्वभावका राजु कार्की ५ फिट ६ इन्च अग्ला छन् । नोकरी पेसामा आबद्ध पालुङ, मकवानपुरका कार्की हाल काठमाडौंमा बसोबास गर्छन् । ३६ वर्षीय कार्की गहुँगोरो वर्णका छन् । विवाहित कार्कीलाई नयाँ-नयाँ ठाउँको जानकारी गराउने, आफूले अनुभव गरेका रोचक घटना एवं सुख-दुःखको अनुभव बाँड्न सक्ने तथा जातभातको भेदभाव नराख्ने व्यक्तिहरूसँग पत्रमित्रताको सम्बन्ध गाँस्ने इच्छा छ । पत्रमित्रतामा रुचि राख्ने कार्कीलाई पालुङ-७, सिल्टु, मकवानपुरमा पत्राचार गर्न सकिन्छ ।

**सूचना**

**प्रेम दिवस (भ्यालेन्टाइन डे) १४ फ्रेबुअरीका अवसरमा आफ्ना हितचिन्तक प्रेमी-प्रेमिकालाई शुभकामना सन्देश दिन चाहनेहरूले आफ्नो सन्देश माघ २४ गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिन्छ ।**

**–सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति : ..............................

अभिरुचि : ..............................वर्ण : ..............................

इमेल : ..........................................................

ठेगाना :..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट** : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

# शिवपुरीमा हिउँ खेलाउँदा

**सरिता पोखेल**

अघिल्लो दिन पिकनिक मनाएपछि माघ १६ को बिहान हामी घर फर्कने मुडमा थियौं । कुहिरो लागे पनि बुधबारको त्यो बिहान आकाश छर्लङ्ङ देखिन्थ्यो । शिवपुरी भिलेज रिसोर्टभित्र आगो तापेर बसिरहेका थियौं । अचानक पानी पर्लाझैं भयो । मौसमको मुडलाई विचार गर्दै कोठाभित्र छिर्नै लाग्दा पानीको थोपा होइन, हिउँ पर्‍यो ।

अनि हाम्रो खुसीको ठेगान रहेन । यो क्षणलाई गुमाउन चाहेनौं । सबै जना हवारहवार्ती बाहिर निस्क्यौं । झन्डै ४५ मिनटसम्म परेको हिउँको हरेक थोपाको आनन्द लुटियो । 'क्या मज्जा भयो, वनभोज मनाउन आएको त बोनसमा हिउँ खेल्न पाइयो,' बालुवाटारबाट त्यहाँ पुगेकी अस्मिता पराजुलीले भनिन् । के बुढाबुढी, के बालबालिका । सबका सब हिउँ खेल्न मस्त ।

हरियो जंगलको पृष्ठभूमिबाट फुसफुस खसिरहेको कपासजस्तै हिउँ । यो दृश्यले सबैलाई मोहनी लगायो । सबै जनाबीच ती दृश्यलाई क्यामेरामा कैद गर्ने होड देखियो ।



उत्तरपट्टि लामटाङ र अन्य हिमशृङ्खला । तल पहाड र ग्रामीण परिवेश । नागबेली आकारमा बगिरहेको लिखु खोला । स-साना झरनाको कलकल । हरियो जंगलले ढाकिएको पहाडका मनोरम दृश्यहरू वन्यजन्तुहरूको सरसराहट, पक्षीहरूको चिरिबिर, कुहिरोले ढाकेका खोचहरू, त्यही शान्त वातावरणमा अवस्थित टिनले छाएका, ढुङ्गा र माटोले बनेका, पिंढी भएका घरहरूको सानो गाउँ ।

राजधानीको बूढानिलकण्ठबाट केवल ७ किलोमिटरको दूरीमा रहेको यस स्थलमा करिब एक डेढ घण्टाको कच्ची बाटोको यात्रापछि पुगिन्छ । ग्रामीण परिवेश र प्राकृतिक दृश्यको सम्मिश्रण गरी पाटीस्वरामा शिवपुरी भिलेजको नामले चिनिने यस रिसोर्टको स्थापना सन १९९२ मा प्रेम सिंहले गरेका हुन् । करिब १ सय ७४ रोपनी जग्गा यसले ओगटेको छ । व्यवस्थापक प्रसन्न सिंहका अनुसार यसको उद्देश्य 'इको टुरिज्म' को विकास गर्नु हो ।

यसबाट अर्खौले र खोले गाउँका बासिन्दाहरू प्रत्यक्ष तथा परोक्ष रूपले लाभान्वित भएका छन् । यसले एकातर्फ यहाँका बासिन्दाहरूलाई सीप र तालिम प्रदान गरी रोजगारीको व्यवस्था गरेको छ भने अर्कातर्फ स्थानिय तहमा नै प्राङ्गारिक मलहरूको प्रयोग गरी उत्पादित फलफूल तथा तरकारीहरूको खपत गरी आर्थिक विकासमा टेवा पुर्‍याएको छ । त्यसैगरी पर्यटक र गाविससँग सहकार्य गरी गाउँको शैक्षिक विकास र जनचेतना जागरण गर्नसमेत सहयोग गरेको छ ।

प्रसन्न सिंहका अनुसार यहाँ प्रायः मानिसहरू परिवार र साथीभाइसँग मनोरञ्जनका लागि दुई-तीन दिन बस्ने गरी जान्छन् भने विदेशीहरूको औसत बसाइ ७ देखि ८ दिन हुने गर्छ । एकपटक पुगेपछि फेरि अर्को पटक नजाने कमै हुन्छन् ।

देशको राजनैतिक अस्थिरता र बारम्बारको हुने बन्दको प्रभावबाट यो क्षेत्र पनि अधुरो रहन सकेको छैन । काठमाडौंबाट यति नजिक, यति राम्रो उद्देश्य र विशुद्ध प्रगति सुन्दरताले परिपूर्ण हुँदाहुँदै पनि यसप्रति मानिसहरूको ध्यान जान सकेको छैन र यसको आनन्द र रमाइलोबाट वञ्चित छन् । अलिकति अप्ठ्यारो बाटो, प्रचार- प्रसारको कमी र बारम्बार हुने बन्दको नकारात्मक असरले गर्दा शिवपुरीको सुन्दरता ओझेलमा परेको छ ।

# कस्ता युवती राम्रा हुन्छन् ? किन ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
२. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
३. नेपालको राजनैतिक हिरो को हो ? किन ?
४. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?
५. सबैभन्दा ठूलो धर्म के हो ?
६. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
७. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
८. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
९. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
१०. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?



किन र सम्पादकज्यू, अर्की ल्याउने विचार गर्नुभा छ कि क्या हो ?

**सन्दीप निरौला, ढुंग्रे, सर्लाही**

किन हो सम्पादकज्यू ? खाली युवतीको मात्र कुरा गर्नुहुन्छ । फेरि पनि केटी नै हेर्दै हुनुहुन्छ । त्यसो त रेखा थापाजस्ता युवती राम्रा हुन्छन् नि ।

**बिरु नुगा, ताप्लेजुङ**

मलाई त पातला युवती राम्रा लाग्छन्, किनभने पातलीसँग साह्रै रमाइलो हुन्छ ।

**राजु सिम्खडा, फूलखर्क, धादिङ**

राम्रा युवतीको बानी-व्यवहार, व्यक्तित्व एवं बोलीचाली सबै राम्रो हुन्छ ।

**सरु शर्मा**

म कुनै पनि युवतीलाई नराम्रो मान्दिनँ, किनभने आ-आफ्नो ठाउँमा सबै दक्ष तथा योग्य हुन्छन् । म त्यस्ती युवतीलाई राम्रा मान्छु जो आफ्नो मनको कुरा बुझी सही मार्गमा हिँड्छन् ।

**खेम राई** (१९)

राम्रो रूप, जीउडाल, बोलीवचन र चालचलन भएका, किनकि केटाहरूको नजरमा उनीहरू नै पर्छन् ।

**अमन पुन, कालोपुल**

जसले म राम्री छैन भन्छन् तिनै युवती राम्रा हुन्छन् ।

**शान्ति श्रेष्ठ, मध्यपुर ठिमी-१२**

बाहिरी रूप जस्तोसुकै भए पनि चल्छ, तर भित्री मनचाहिँ सफा र पवित्र हुनुपर्छ । किनभने अनुहार राम्रा भएका प्रायः युवतीको व्यवहार राम्रो हुँदैन ।

**मीनबहादुर परियार, जम्दह, सिराहा**

सभ्य, सुशील एवं सुसंस्कृत युवतीहरू राम्रा हुन्छन् ।

**अमृत काम्मु मगर, वीरकोट, पाल्पा**

मलाई त किन-किन चञ्चले युवती नै राम्रा लाग्छन् । किन भन्नुहोला भने मेरी पनि चञ्चले नै थिइन् ।

**खड्कमणि थामी, काठमाडौँ**

सरलता, नम्रता, अनुशासन र नैतिकताको कठोर कर्तव्यलाई आत्मसात् गर्ने आत्मविश्वास भएकी, गम्भीर स्वभाव एवं लामो कालो केशराशिकी युवती नै राम्रा हुन्छन् ।

**ए.पी. सुधा (२४), रूपन्देही, बुटवल**

भन्दिनँ म त, यदि मैले भनिदिएँ भने तपाईं भाउजूलाई छोडेर मैले भनेजस्ती युवतीको पछि लाग्न के बेर ! सरी सम्पादकज्यू, म तपाईंको घर बिगार्न चाहन्नँ ।

**बहादुर कार्की, चतरा, सुनसरी**

दुःखसुखमा साथ दिने, समझदार भावना भएकी, सहिष्णुता एवं माया-ममताकी खानी, विश्वासघात नगर्ने, समाजसेवी भावनाले युक्त युवती नै राम्रा हुन्छन् ।

**चन्द्र थामी, बस्तीपुर-३, थामीटोल**

भावनात्मक, कल्पनाशील, व्यावहारिक, चिटिक्क परेकी, जीउडाल मिलेकी युवती मलाई एकदमै मन पर्छन् ।

**समशेर योञ्जन, सिरहा**

चिटिक्क परेकी, कम्मर छिनेकी, लजालु मुहारकी केटी नै राम्रा, कि कसो ?

**दीपक थापा, वालिङ**

साहित्यप्रति विशेष रुचि राख्ने, थोरै लजाउने, केही स्लिम युवती राम्रा हुन्छन् ।

**प्रवीण ज्ञवाली, करादी**

हेर्नलाई त फेसनमा सजिएका आधुनिकतालाई चिनेका युवती राम्रा हुन्छन्, तर जीवन चलाउनचाहिँ सरल, नम्र, शिक्षित र सामाजिक मान्यता बुझ्ने ।

**शम्भुराज सोल्टी, मोरङ**

नशालु आँखा, हँसिलो मुहार, कोकाकोलाको बोत्तलजस्तो जीउ भएका युवती राम्रा हुन्छन्, किनकि नारीलाई झलक्क हेर्दा राम्रो देखाउने कुरा यिनै हुन् ।

**युजल घिमिरे, पथरी, मोरङ**

सरल, मृदुभाषी, भविष्यप्रति संवेदनशील, शिक्षित, मेहनती, राम्रो बानी-बेहोरा साथै उदार दृष्टिकोण भएका युवती राम्रा हुन्छन् ।

**kumars987@yahoo.com**

## ● यौन जिज्ञासा र समाधान ●

**प्रश्न : म १८ वर्षीया अविवाहित युवती हुँ । मेरो महिनावारी २८ दिनको अन्तरमा ठीक समयमा हुन्छ र मेरो स्वास्थ्य पनि ठीक छ, तर पनि उमेरको हिसाबले मेरो स्तन एकदमै सानो छ । यस्तो के कारणले भएको होला ? यसको समाधानका लागि बजारमा पाइने विभिन्न खालका ब्रा पनि प्रयोग गरें तर आफूले भनेजस्तो नभएकाले समस्याले सताइरहेको छ । यसका लागि सजिलो उपाय बताइदिनुभए आभारी हुने थिएँ ।**

**– प.**



डा. राजेन्द्र भद्रा

**उत्तर** : किशोरावस्थामा पुगेपछि हार्मोनको प्रभावले युवतीहरूमा स्तनको विकास तीव्र गतिमा हुनथाल्छ । स्तनको वृद्धि धेरैजसोमा ११ वर्षको उमेरमा सुरु भएर १५ वर्षमा पूरा हुन्छ । सामान्यतया दुई-तीन वर्ष ढिलो-चाँडो हुनुलाई स्वाभाविक मानिन्छ । दुवै स्तनको विकास समान रूपमा नभएर एउटा पहिले र अर्कोको केही पछि हुनसक्छ, तर स्तनको विकास पूरा हुँदा दुवै स्तनको आकार बराबरजस्तै हुन्छ । थोरै असमानतालाई सामान्य मानिन्छ । दूध निर्माण गर्न आवश्यक पर्ने ग्रन्थि तथा नलीहरूको विकास किशोरावस्थामा सुरु भए पनि गर्भवती हुँदा तथा स्तनपान गराउँदा निस्कने हार्मोनहरूले नै स्तनको विकासलाई पूर्णता दिन्छ । स्तनको आकार तथा स्वरूप प्राकृतिक हुने भएकाले यसमा हामीले चाहेअनुसारको नियन्त्रण नहुन सक्छ ।

स्तनको आकार तथा आकृतिको महिलाको मानसिकतामा महत्त्वपूर्ण प्रभाव हुन सक्छ । यससँग आत्मसम्मानको कुरा पनि जोडिएको हुन्छ । यसको आकार वा आकृतिका बारेमा स्वास्थ्यभन्दा सुन्दरताका कारणले बढी चिन्ता गरिएको पाइन्छ । कतिपय समाजमा ठूला आकारका स्तनलाई आकर्षक मानिने भएकाले विकसित मुलुकतिर शल्यक्रिया गरेर स्तनको आकार बढाउने चलन छ । हाम्रो समाजमा पनि ठूला स्तनलाई नै मन पराइन्छ । स्तनको आकार तथा आकृति सौन्दर्यसँग जोडिएकाले यसलाई निश्चित रूप दिन महिलाहरूमा दबाब छ ।

**किशोरावस्थामा शरीरमा चाँडो-चाँडो भैरहेको परिवर्तनप्रतिको अन्यौलको स्थिति उमेर बढ्दै गए पछि आउने परिपक्वतासँगै बिस्तारै सहज भएर जान्छ, किनकि आफ्नो शारीरिक विम्बप्रति यस्तै नै हो, यसलाई न त सहजै परिवर्तन गर्न सकिन्छ, न त आवश्यक नै छ भन्ने लाग्न थाल्छ । तपाईंले के कुरा बुझ्नुपर्छ भने यो तपाईंको शरीर हो, यदि तपाईं यसबाट सन्तुष्ट हुनुहुन्छ भने पुगिहाल्यो । अरूले के भन्लान् भनेर अनावश्यक रूपमा आफ्नो शरीरको अङ्ग एवं आकार नै परिवर्तन गर्नुपर्ने आवश्यकता छैन ।**

**तपाईंको समस्या**

सबैजसो किशोरीलाई आफ्नो स्तनको आकार तथा आकृतिका बारेमा चासो एवं चिन्ता हुन्छ । कसैमा स्तनको विकास चाँडो सुरु हुन्छ भने कसैमा ढिलो, कसैमा स्तनको विकासको गति शीघ्र हुन्छ भने कसैमा सुस्त, कसैको स्तन ठूलो हुन्छ त कसैको सानो । आफ्नो शरीरमा भैरहेको परिवर्तनप्रति कतिपय किशोरीहरू सहज हुन सकिरहेका हुँदैनन् । शारीरिक तथा यौन विकासको यही क्रममा हुँदा स्तनका कारणले भएको शारीरिक विम्बसँग सम्बन्धित चासोले पिरोल्छ । पोषणको स्थिति नराम्रो अर्थात् कम तौल भएको स्थितिमा त्यसको नकारात्मक असर स्तनको आकारमा पनि पर्छ, तर मुख्य कुरा तपाईंले स्तन सानो भएको भने पनि स्तनको नाप र शरीरको तौल इत्यादिका बारेमा लेख्नुभएको छैन ।

बाहिरबाट देखिने स्तनको आकार वास्तवमा स्तनमा जम्मा भएको बोसोको कारणले गर्दा हो । स्तनको आकारले स्तनपान तथा यौन उत्तेजनामा कुनै नकारात्मक प्रभाव पर्दैन । स्तनको आकार वा त्यसको प्रभाव हाम्रो मानसिकतामा परेकाले हाम्रो आत्मसम्मानको कुरा जोडिएको हुन्छ, त्यसैले समस्या जन्माउँछ । तपाईंको हकमा सौन्दर्यको कुरालाई लिएर चिन्ता परेको हुनसक्छ ।

**समाधान**

आमसञ्चारका माध्यममा अनि समाजमा हुने कतिपय छलफलमा ठूला स्तन अनि शरीरचाहिँ पातलो नै भएका युवती मात्र सुन्दरी हुन् भन्ने प्रचार प्रचुर मात्रामा भएकाले हामीलाई आफू पनि त्यस्तै हुनुपर्ने जस्तो लाग्न सक्छ । चलाखीका साथ खिचिने चित्र वा चलचित्रमा स्तन वास्तविक भन्दा ठूला र आकर्षक देखिन्छन् । आमसञ्चारमा चित्रित गरिने व्यक्तित्वहरू आममानिसभन्दा फरक हुन्छन् भन्ने कुरा बुझ्नुपर्छ । हामी सबैको शरीर तथा आनीबानी आमसञ्चारमा देखाइएका पात्र जस्तै हुनुपर्छ भन्ने छैन । यस किसिमको सोचाइ एक किसिमले भ्रम नै हो ।

मुख्यतः स्तनको आकार निर्धारण आन्तरिक रागरस (हार्मोन) हरूले गर्ने भए पनि व्यायाम तथा पोषणको सकारात्मक प्रभाव पर्छ । विभिन्न किसिमका खाने तथा लगाउने औषधी बजारमा उपलब्ध भए पनि त्यसको दीर्घकालीन प्रभावकारिता भने विवादग्रस्त नै छ । शल्यक्रिया गरेर स्तनको आकार बढाउनु अर्को उपाय हो यद्यपि यो महँगो हुनुका साथै शल्यत्रिकयाका केही नकारात्मक असर पनि हुन्छन् । अन्य वैकल्पिक उपायहरू तपाईंको रुचिको विषय भए जस्तो लागेन । शल्यचिकित्सापछि बढाइएका स्तन पनि कति प्राकृतिक भनेर प्रश्न गर्न सकिन्छ ।

अर्को कुरा किशोरावस्थामा शरीरमा चाँडो-चाँडो भैरहेको परिवर्तनप्रतिको अन्यौलको स्थिति उमेर बढ्दै गए पछि आउने परिपक्वतासँगै बिस्तारै सहज भएर जान्छ, किनकि आफ्नो शारीरिक विम्बप्रति यस्तै नै हो, यसलाई न त सहजै परिवर्तन गर्न सकिन्छ, न त आवश्यक नै छ भन्ने लाग्न थाल्छ । तपाईंले के कुरा बुझ्नुपर्छ भने यो तपाईंको शरीर हो, यदि तपाईं यसबाट सन्तुष्ट हुनुहुन्छ भने पुगिहाल्यो । अरूले के भन्लान् भनेर अनावश्यक रूपमा आफ्नो शरीरको अङ्ग एवं आकार नै परिवर्तन गर्नुपर्ने आवश्यकता छैन ।

हामी सबैको अनुहार अनि शरीर सिद्धान्ततः उस्तै-उस्तै हुने भए पनि व्यक्तिअनुसार धेरै फरक हुन्छ । कतिपयलाई यो चित्त बुझ्दैन, तर यस विषयमा खासै केही गर्न सकिँदैन भने त्यसको आवश्यकता पनि हुँदैन । यो कुरा स्तनको हकमा पनि लागू हुन्छ । प्रकृतिले दिएका कतिपय कुरामा चित्त नबुझे पनि त्यसमा केही गर्न सकिने स्थिति नहुने हुँदा त्यसमा आवश्यकताभन्दा बढी पीर गर्नु बुद्धिमानी होइन ।


**के तपाईंमा यौन सम्बन्धी समस्या छ ?**

**पुरुषहरूमा देखिने**
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

**महिलाहरूमा देखिने**
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

**सुन्दरता** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषहरुमा हुने बाँझोपन (बि :सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

**शाखा कार्यालय**
पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२



**कसलाई हुँदैन र ! सुन्दर हुने चाहना**

१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,२५०/-
२. Souna Belt Price -रु.२,८९९/-
३. Breast घटाउने क्रिम -रु.१,३००/-
४. Breast बढाउने क्रिम -रु.१,३००/-
५. चुरोट खान छुटाउने Spray -रु.१,८९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. ३,८९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,८९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,८९९/-

**Global TV. Product Shop**
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
कुमारीबैंकपछाडिफोन: ४२४२०६१, ४२३०८१५



**ENGLISH LANGUAGE TRAINING**

छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं ।

**BUD LANGUAGE INSTITUTE**
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576



**सुखी विवाहित जीवनको लागि**
**सेवाको १५ वर्ष**

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।

भेट्ने ठेगाना: **फोन नं. : ४-४६०७८५**

**पापुलर आयुर्वेद औषधालय**
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

# आपसी सम्बन्धमा मिठास कायम गर्ने



एक-अर्कालाई दोषारोपण गर्नुभन्दा उसको समस्या कसरी समाधान गर्ने भन्ने उपाय खोज्नु बुद्धिमानी हुन्छ।

क्षमा दिन सक्नु सबैभन्दा राम्रो हो। यसबाट आपसी प्रेममा थप ऊर्जा प्राप्त हुन्छ।

एक-अर्काको चाहना, इच्छा, आवश्यकताको सम्मान गर्नुपर्छ। यसबाट दुवैबीच मानसिक स्पेसको वृद्धि हुन्छ, जसका कारण आपसी सम्बन्धमा नवीन ऊर्जा र उत्साह कायम रहन्छ।

आपसी संवाद मात्र घरेलु वा कामकाजी समस्या समाधान गर्ने उपाय होइन, आफ्ना भावनालाई अभिव्यक्ति गर्ने माध्यमका रूपमा विकसित गर्नु आवश्यक छ।

पुरानो कुरालाई र त्यसमा पनि नराम्रा, दुःखदायी, मनलाई चोट पुग्ने आदि कुरालाई सदाका लागि बिर्सनु श्रेयस्कर हुन्छ।

धैर्यतापूर्वक साथीको व्यवहार गरी उसको सुख-दुःखमा साथ दिनु नै श्रेयस्कर हुन्छ।

सही र गलतको निर्णयमा अल्झनुभन्दा समस्या समाधान गरी अघि बढ्नु तथा आपसी खुसी र सम्बन्धको स्थायित्वमा ध्यान दिनु राम्रो हुन्छ।

प्रेम र आफ्नोपनबिना जीवन अधुरो हुन्छ। सम्बन्धलाई स्थायित्व प्रदान गर्न त्यसमा प्रेमको मिठास हुनु आवश्यक छ र यो मिठास कायम राख्न स-साना कुरामा पनि ध्यान पुर्‍याउनुपर्छ।

**दोषरोपण नगर्ने**

यदि साथीबाट कुनै गल्ती भए वा परिस्थिति प्रतिकूल देखिए तुरुन्तै साथीको आलोचना गर्नु हुँदैन। एक-अर्कालाई दोषारोपण गर्नुभन्दा उसको समस्या कसरी समाधान गर्ने भन्ने उपाय खोज्नु बुद्धिमानी हुन्छ।

**गल्ती नजरअन्दाज गर्ने**

गल्ती सबैबाट हुन्छ। गल्ती नगर्ने सायदै कोही होला अतः स-साना गल्तीप्रति क्षमा दिनु राम्रो हुन्छ। सानो गल्तीमा पनि ठूलो समस्या उब्जाउनु हुँदैन। क्षमा दिन सक्नु सबैभन्दा राम्रो हो। यसबाट आपसी प्रेममा थप ऊर्जा प्राप्त हुन्छ।

**परफेक्सनको चाहना नगर्ने**

भनिन्छ, एक परफेक्ट म्याच मात्र एक जना अन्धो पति र बहिरी पत्नीबीच मात्र सम्भव छ। किनकि अन्धो श्रीमान्ले श्रीमतीको गल्ती देख्न सक्दैन र बहिरी श्रीमतीमा श्रीमान्को गुनासो सुन्ने क्षमता हुँदैन। यसको तात्पर्य के हो भने आफ्नो चाहनाको आकाशलाई धेरै फराकिलो बनाउनु ठीक हुँदैन। किनभने वास्तविकताको धरातलमा त्यो चाहना समाहित हुन सम्भव हुँदैन। यदि चाहना र आकांक्षा कम भए समस्या पनि कम नै हुन्छ। संसारमा कोही पनि शतप्रतिशत हुँदैन। सबैमा केही न केही कमी-कमजोरी हुन्छ। ती कमी-कमजोरीलाई स्वीकार गरी वा त्यसलाई समस्या नमानी एक-अर्काका सबल पक्षमा जीवन गुजार्नु नै सही अर्थ सुखमय जीवन जिउने उपाय हो।

**एक-अर्कालाई परिवर्तन नगर्ने**

जीवनसाथी जस्तो छ त्यही रूपमा स्वीकार गर्नु राम्रो हुन्छ। एक-अर्कालाई बदल्ने असफल प्रयास गर्नु आफैंलाई धोका दिनु हो। त्यसो त अरूलाई आफूअनुसार बदल्नुभन्दा ऊ अनुसार आफूमा सामञ्जस्य कायम गर्नु सरल हुन्छ। त्यसैले स्वयंमा परिवर्तन ल्याउने प्रयत्न गर्नु ठीक हुन्छ न कि साथीमा।

**आदर गर्न बिर्सनु हुँदैन**

जब दुई व्यक्तिबीच आत्मीयता र सामीप्यता बढ्छ तब उनीहरू एक-अर्काको मान-सम्मान गर्न बिर्सन्छन्। कैयन पटक भावनात्मक चोट पुगेको चाल पाउन नसकिने हुन्छ। परस्पर कुराकानी सम्बन्धमा मिठास भर्ने माध्यम हो तर यसलाई हतियारका रूपमा प्रयोग गर्ने मूर्खता गर्नु हुँदैन, तसर्थ सोचेर-बुझेर मात्र बोल्नु बुद्धिमानी हुन्छ। आवश्यकता नभएका कुरा बोल्नु उचित हुँदैन।

**एक-अर्कालाई स्पेस दिने**

एक-अर्काका साथमा समय गुजार्नुका साथै एक-अर्कालाई शारीरिक, मानसिक एवं भावनात्मक रूपबाट स्पेस दिनु पनि आवश्यक छ। कहिल्यै पनि स्वयंलाई समय नदिई सुमधुर सम्बन्धको कल्पना गर्न सकिँदैन। एक-अर्काको चाहना, इच्छा, आवश्यकताको सम्मान गर्नुपर्छ। यसबाट दुवैबीच मानसिक स्पेसको वृद्धि हुन्छ, जसका कारण आपसी सम्बन्धमा नवीन ऊर्जा र उत्साह कायम रहन्छ।

**आपसी संवाद**

आपसी सम्बन्धलाई दिगो बनाउन प्रभावकारी श्रोता हुनु आवश्यक छ। दम्पतीबीच यस्तो सम्बन्ध हुनुपर्छ कि उनीहरू एक-अर्कालाई आफ्नो भावना, आवश्यकता, डर, संकोच, रिस आदिलाई निसंकोच व्यक्त गर्न सकून्। दम्पतीबीच संकोच, लाज, भय तथा असहजता हुनु हुँदैन। सबै कुरा सहजतापूर्वक एक-अर्कालाई अभिव्यक्त गर्ने स्थिति सदैव रहनुपर्छ। आपसी संवाद मात्र घरेलु वा कामकाजी समस्या समाधान गर्ने उपाय होइन, आफ्ना भावनालाई अभिव्यक्ति गर्ने माध्यमका रूपमा विकसित गर्नु आवश्यक छ।

**आवश्यकताको ख्याल गर्ने**

हुनसक्छ, तपाईंलाई उनको कुनै कुरामा सहमति नहोला तर उनको भावनालाई ध्यानमा राखेर मौन स्वीकृति दिन जान्नुपर्छ। सायद यसबाट आफ्नो अहममा केही ठेस पुग्न सक्छ तर यो सम्झौता आससी सम्बन्धको सुमधुरताका लागि आवश्यक छ। झगडा, विवाद, मनमुटाव भए पनि एक-अर्काको आवश्यकता बुझ्नु र ख्याल राख्नु महत्त्वपूर्ण हुन्छ। जहिले पनि खुसीलाई प्राथमिकता दिनु बुद्धिमानी हुन्छ।

**हेल्दी फाइट पनि**

दम्पतीबीचको स-सानो झगडा पनि सम्बन्धको सुमधुरताका लागि महत्वपूर्ण मानिन्छ, तर आपसी झगडामा पारिवारिक सम्बन्धलाई अगाडि ल्याउनु हुँदैन। आफ्ना गल्ती स्वीकार गर्नु पनि आवश्यक छ। हारजित जसको भए पनि दम्पती एक्लो व्यक्ति नभएकाले दुवैको हार हुन्छ। सही र गलतको निर्णयमा अल्झनुभन्दा समस्या समाधान गरी अघि बढ्नु तथा आपसी खुसी र सम्बन्धको स्थायित्वमा ध्यान दिनु राम्रो हुन्छ।

**पुरानो कुरा बिर्सनुपर्छ**

वर्तमानको संवादमा बितेका तीता पलहरूको कुरालाई समावेश गर्नु मुर्खता हो। पुरानो कुरालाई र त्यसमा पनि नराम्रा, दुःखदायी, मनलाई चोट पुग्ने आदि कुरालाई सदाका लागि बिर्सनु श्रेयस्कर हुन्छ। बारम्बार बहस गर्नाले आपसी सम्बन्धमा कटुता सञ्चार हुन्छ।

**विश्वास कायम राख्नुपर्छ**

तुरुन्तै निस्कर्षमा पुग्नु उचित हुँदैन। स्थितिलाई राम्रोसँग बुझ्नुपर्छ, साथै सफाइमा बोल्ने अवसर प्रदान गर्नुपर्छ। विश्वास कायम राख्नुपर्छ किनभने विश्वास नै आपसी सम्बन्धको महत्त्वपूर्ण आधार हो।

**आपसी मनोरञ्जन**

एक-अर्कासित समय बिताउने, स्पेस दिने र एक-अर्काको विचारलाई समर्थन एवं स्वागत गर्नाले सम्बन्ध सुमधुर तथा स्थायी हुन्छ। एक-अर्कासित बढीभन्दा बढी समय व्यतीत गर्ने प्रयत्न गर्नु राम्रो हुन्छ। लन्च, डिनर, मुभी, भ्रमण आदिमा सँगै रहनुपर्छ। साथै एक-अर्कासित ख्याल-ठट्टा गर्ने, रोमाञ्चक खेल खेल्ने, पुस्तक पढ्ने, एक-अर्काका कुरा सुन्ने आदि। यी सबैले एक-अर्कालाई अझ नजिकबाट बुझ्न मद्दत गर्छ र आपसी सम्बन्धमा प्रगाढता एवं आत्मीयता सञ्चार गर्छ।

**मित्रवत् व्यवहार**

आफ्नो जीवनसाथीसित मित्रवत् व्यवहार गर्नु राम्रो हुन्छ। कहिल्यै पनि उसलाई आफू उसको बोस, अभिभावक, शिक्षक वा सर्वेसर्वा भन्ने महसुस गराउनु हुँदैन, न त यसो गर्ने प्रयास नै ठीक रहन्छ। धैर्यतापूर्वक साथीको व्यवहार गरी उसको सुख-दुःखमा साथ दिनु नै श्रेयस्कर हुन्छ।

**सराहना र प्रशंसा पनि**

जहाँ आलोचनाले आपसी सम्बन्धमा विषको भूमिका खेल्छ त्यहीं सराहना र प्रशंसाले सम्बन्धमा अमृतको भूमिका खेल्छ। हरेक व्यक्तिलाई प्रोत्साहन र प्रशंसाको आवश्यकता पर्छ अनि उसले त्यसको चाहना पनि राख्छ। आफ्नो प्रियबाट यस्तो व्यवहार वा अभिव्यक्तिबाट ऊ थप उत्साहित हुन्छ र आपसी लगाव एवं विश्वास अझ बढ्छ। जसले आपसी सम्बन्धलाई अझ बलियो एवं सुमधुर बनाउँछ। अतः प्रोत्साहन र प्रशंसा मीठा शब्दहरू व्यक्त गर्न कन्जुस्याइँ गर्नु हुँदैन।

–रोशा

# दाम्पत्य जीवन कसरी सुखमय राख्ने ?

धनी हुनु र सुखी हुनु जीवनका अलग-अलग पाटा हुन्। धन-दौलतले सम्पन्न मानिस सुखी हुन्छ भन्ने ग्यारेन्टी हुँदैन। त्यस्तै परिवारमा श्रीमान्-श्रीमतीबीच आपसी सम्बन्ध सुमधुर राख्न वा दाम्पत्य जीवन सुखमय बनाउन धन-दौलतले मात्र पुग्दैन। श्रीमान्-श्रीमतीबीचको आत्मीय एवं समझदार व्यवहारले नै दाम्पत्य जीवन सुखमय बन्न सक्छ।

घरपरिवार चलाउन पति-पत्नीबीच अत्यन्तै सुमधुर सम्बन्ध आवश्यक हुन्छ तर कतिपय परिवारमा श्रीमान्-श्रीमतीको सम्बन्ध त्यति राम्रो भएको पाइँदैन। प्रायःजसो झैंझगडा गर्ने, सानोतिनो विषयलाई उठाएर भनाभन गर्ने, धेरै दिनसम्म बोलचाल बन्द गर्ने जस्ता कारणले आपसी सम्बन्ध त बिग्रन्छ नै त्यसको सकारात्मक प्रभाव तिनका छोराछोरी, परिवार एवं छिमेकीमा समेत देखिन्छ। आमा-बाबाको झैंझगडाका कारण बालबालिकाको मानसिकतामा घातक प्रभाव पर्छ। पछि उनीहरू उद्दण्ड स्वभावको हुने, आपराधिक क्रियाकलापमा बढी प्रेरित हुने जस्ता विकृतिको सिकार हुन सक्छन्, तसर्थ दाम्पत्य जीवन सुखमय हुनु जरुरी छ।

अत्यन्तै सानो कुरामा उठेको विवाद बढ्दै गएपछि सम्बन्ध विच्छेद गर्नुपरेका घटना पनि धेरै छन्। जीवनभर नछुट्टिने कसम खाएर प्रणयसूत्रमा बाँधिएका पति-पत्नीबीच उत्पन्न असमझदारीका कारण कहिलेकाहीं ठाकठुक पर्नु त सामन्य नै हो तर सम्बन्धविच्छेद गर्ने जस्ता कुराले हाम्रो सामाजिक संरचनामै असर पार्छ।

पति-पत्नीले आपसमा अत्मीय रूपमा प्रस्तुत भएर आफ्नो दाम्पत्य जीवनलाई सुखमय बनाउनु नै सर्वोत्तम हुन्छ। पति-पत्नीबीच हुने झगडाको मूल कारण भनेकै एक-अर्काको भावना बुझ्न नसक्नु हो। आपसी असमझदारीले पारिवारिक कलह सिर्जना गर्छ।

श्रीमान्-श्रीमतीको सम्बन्ध सुमधुर राख्न निम्न कुरामा ध्यान दिनु उत्तम हुन्छ जसले दाम्पत्य जीवन सुखमय बनाओस्।

- आपसी भावनाको आदर गर्नुपर्छ।
- एक-अर्काको क्षमताको प्रशंसा गर्दै आपसी कमी कमजोरीलाई खुला हृदयले स्वीकार गर्नुपर्छ।
- सातामा एकपटक घरपरिवार टाढा-टाढा कतै एकान्त वा रमाइलो ठाउँमा गएर बिताउनु राम्रो हुन्छ।
- कहिलेकाहीं आफ्नो जीवनसाथीलाई मनपर्ने खाना पकाएर ख्वाउनु उत्तम हुन्छ।
- एक-अर्कालाई मन पर्ने कपडा लिएर सरप्राइज दिनाले मायाको डोरी अझ कसिलो हुन्छ।
- पति-पत्नीबीच ठट्टा पनि गर्नुपर्छ।
- सानोतिनो विवादमा गहिरिएर नगई नराम्रो विवाद वा तर्कलाई बिट मारिहाल्नुपर्छ।
- कुनै कुरामा असमझदारी भए शिष्ट भाषामा छलफल गरी मनलाई सफा बनाउनुपर्छ।
- छिमेकीको आलोचना गरेर समय बर्बाद गर्नुभन्दा आफूले देखे-भोगेका कुरा गरेर आपसमा मनोरञ्जन अनि ज्ञान लिए दाम्पत्य सम्बन्ध प्रगाढ हुन्छ।
- एक-अर्काको व्यक्तिगत समस्याका सम्बन्धमा खुलेर छलफल एवं समाधानका लागि प्रयास गरे पारिवारिक समस्या सजिलै पार लाग्छन्।



# खोजी राष्ट्रिय खेलको



काठमाडौं– नेपालको राष्ट्रिय खेल कुन हो ? सरकारद्वारा सञ्चालित लोकसेवा आयोगको परीक्षामा यो प्रश्न सोधिँदा सही जवाफ हुन्छ- डन्डीबियो अथवा कबड्डी। त्यस्तै, हाजिरिजवाफ प्रतियोगितामा समेत यस्तै जवाफले मान्यता पाउँछ। भलै, प्रतियोगितामा यी जवाफ सही ठहर्लान्, तर यथार्थतामा भने अझसम्म नेपालको राष्ट्रिय खेलको पहिचान हुन सकेको छैन। यद्यपि अहिले राष्ट्रिय खेलको खोजी सुरु भएको छ। राष्ट्रिय खेलकुद परिषद्ले हालै राष्ट्रिय खेलको मान्यता कुन खेललाई दिने भनेर बहस थालेपछि यस विषयमा छलफल प्रारम्भ भएको छ।

नेपाली खेलकुदमा लामो इतिहास बनाएका खेलदेखि भर्खरै मैदानमा प्रवेश गरेका खेलले समेत राष्ट्रिय खेलका रूपमा मान्यता पाउनुपर्ने तर्क अघि सारिएपछि बहस चुलिएको छ। परिषद्ले यसै विषयमा गोष्ठी, छलफल चलाए पनि कुनै टुंगो भने लाग्न सकेको छैन। खेलकुद पदाधिकारी एवं खेलाडीहरूले आ-आफ्नो खेलको पक्षमा तर्क गरेका छन्। कसैले ओलम्पिकबाट स्वर्ण पदक जित्ने सम्भावना बोकेका खेललाई राष्ट्रिय खेलको मान्यता दिनुपर्ने जिकिर गरेका छन् भने कसैले नेपाली भूमिमै सुरु भएका खेललाई राष्ट्रिय खेल मान्नुपर्ने दावी गरेका छन्। 'ओलम्पिक खेलकुदबाट जुन खेलले पदक जित्न सक्छ, त्यही खेललाई राष्ट्रिय खेल घोषणा गर्नुपर्छ,' चर्चित म्याराथुन धावक वैकुण्ठ मानन्धर भन्छन्- 'हालसम्मको रेकर्ड हेर्ने हो भने म्याराथुनमै त्यो सम्भावना छ।' खेलको लोकप्रियता, सम्भावना र यो खेलमा नेपालले बनाएको इतिहासलाई आधार मानेर राष्ट्रिय खेलको मान्यता दिइनुपर्ने मानन्धरको भनाइ छ।

राष्ट्रिय खेलका रूपमा त्यही देशको माटोमा सिर्जना भएको खेललाई मान्यता दिइनुपर्ने भनाइ छ- विजय पौडेलको। नेपाल डन्डीबियो संघका अध्यक्ष पौडेलले डन्डीबियोलाई नै राष्ट्रिय खेलको मान्यता दिइनुपर्ने तर्क गरे। 'यो खेलले हाम्रो देशको पहिचान बोकेको छ,' पौडेल भन्छन्- 'यो खेल अन्य खेलजस्तो आयातीत खेल होइन, साथै यो खेललाई हामीले समयसापेक्ष रूपमा नियमबद्ध गरेका छौं।' डन्डीबियोको नियमलाई अनुकूलताअनुरूप परिवर्तन गर्न सकिने पौडेलको भनाइ छ। 'आयातित खेलका नियमहरू हामी परिवर्तन गर्न सक्दैनौं' पौडेलले भने।

क्रिकेट, तेक्वान्दो, कराँते, भलिबल, बक्सिङ, कबड्डी, फुटबल, बाघचाल, डन्डीबियो आदि खेललाई राष्ट्रिय खेलको मान्यता दिनुपर्ने प्रस्ताव अघि सारिएको छ। प्रस्तावित खेलमध्ये धेरैले कबड्डी र डन्डीबियोलाई राष्ट्रिय खेलको मान्यता दिइनुपर्ने तर्क गरेका छन्। यद्यपि यी खेलले व्यापकता एवं लोकप्रियता नपाएको साथै यी खेलमा खेलाडीहरूसमेत पूर्ण रूपमा अभ्यस्त नभैसकेका कारण राष्ट्रिय खेलका रूपमा मान्यता दिन नसकिने अर्को पक्षको भनाइ छ।

यता राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठले भने यो सबैको सरोकारको विषय भएकाले विस्तृत छलफलबाट टुंगोमा पुगिने बताए। 'हामीले दुई चरणको बहस सम्पन्न गरिसकेका छौं र ती बहसबाट आएका विचारका आधारमा अवधारणापत्र तयार गरेका छौं,' सदस्य-सचिव श्रेष्ठले भने- 'खेलसँग सम्बन्धित संघसंस्था, बुद्धिजीवी, सेना, प्रहरीलगायत विभिन्न पार्टीका जनवर्गीय संगठनबाट सुझाव लिएका छौं।'

छलफलका क्रममा मूलतः दुई धारका विचार अगाडि आएको श्रेष्ठ बताउँछन्। 'एक पक्ष मौलिक, हाम्रै मुलुकमा सुरु गरिएको भन्ने विचार राख्छ भने अर्को पक्ष लोकप्रिय, व्यावसायिक एवं ओलम्पिकबाट पदक जित्न सक्ने खेललाई राष्ट्रिय खेलको मान्यता दिनुपर्छ भन्ने विचार राख्छ।' श्रेष्ठका अनुसार यिनै विचारहरूको धरातलमा रहेर राष्ट्रिय खेलको पहिचान गरिनेछ। 'राष्ट्रिय गौरवका साथै व्यावसायिक र लोकप्रिय खेलले नै राष्ट्रिय खेलका रूपमा मान्यता पाउने छ।' श्रेष्ठले साप्ताहिकसँग भने।

हरेक क्षेत्रले नयाँ परिवर्तन खोजिरहेको बेला खेलकुदमा पनि यस्तो चर्चा थालिनु असान्दर्भिक होइन, यद्यपि राष्ट्रिय खेलको पहिचानजस्तो महत्त्वपूर्ण विषयमा हचुवाका भरमा निर्णय लिनु राम्रो नहुने खेलसम्बद्ध व्यक्तिहरू बताउँछन्।

## भेट्रान्स टेनिस प्रतियोगिता




पोखरा– पर्स्याङ टेनिस क्लबको आयोजनामा सञ्चालित सातौं भेट्रान्स टेनिस प्रतियोगिताअन्तर्गत ३५ वर्ष उमेर समूहको उपाधि सानु गुरुङले जितेका छन्। सानुले शनिबार पर्स्याङ टेनिस कोर्टमा सम्पन्न फाइनलमा चन्द्र शाहीलाई ६-२, ६-२ को सेटले हराउँदै १० हजार रुपैयाँसहितको उपाधि जितेका हुन्। उपविजेता बनेका शाहीले ५ हजार रुपैयाँ पाए। शनिबार सम्पन्न ४५ वर्षमाथिको उमेर समूहको उपाधि कृष्ण घलेले आफ्नो पोल्टामा पारेका छन्। घलेले कमल थापालाई ६-४, ६-१ को सेटले पराजित गर्दै ७ हजार रुपैयाँको पुरस्कार जितेका हुन्। उपविजेता बनेका थापाले नगद ४ हजार रुपैयाँमा चित्त बुझाए।

५५ वर्षभन्दा माथिको उमेर समूहको उपाधि पृथ्वी थकालीले जिते। थकालीले दीपक श्रेष्ठलाई ७-६, ७-५ को कठिन सेटमा हराउँदै उपाधिमाथि कब्जा जमाए। यस्तै ६० वर्षमाथिको उमेर समूहको उपाधि भने मधुकरशमशेर राणाले जिते। उनले भिक्टी रानालाई ८-५ ले पराजित गरेका थिए।

३५ वर्षको उमेर समूहको डबल्सतर्फ सानु गुरुङ र मनोज राणा जोडीले चन्द्र शाही र पृथ्वी थकालीको जोडीलाई ६-३, ६-१ को सेटले पराजित गर्दै नगद ७ हजार रुपैयाँ हात पारे। ४५ वर्ष उमेर समूहको डबल्सतर्फ कृष्ण घले र सुवर्ण धाख्वाको जोडीले मनोज राणा र सोमितमान श्रेष्ठको जोडीलाई ६-३, ६-४ को सेटले पराजित गर्दै नगद ५ हजार रुपैयाँ जिते। त्यस्तै ५५ वर्षमाथिको उमेर समूहको डबल्सतर्फ कर्म गुरुङ र झ्याम्पाको जोडीले दीपक श्रेष्ठ र ज्ञानेन्द्रमान ताम्राकारको जोडीलाई ७-५, ६-४ को सेटले पराजित गरेको थियो। ६० वर्षमाथिको डबल्सतर्फ भिक्टी राना र मधुकरशमशेर राणाको जोडीले चन्द्रमान तुलाधार र मोहनबहादुर शाहीको जोडीलाई ९-१ को सेटले पराजित गऱ्यो ।

**• मैदान बाहिर •**


## समुद्री तटमा प्लेब्वाइ मोडल




सन् २००४ मा मिस इङ्ल्यान्डको ताज पाएकी डयानियल लियोडले सन् २००६ मा मिस ग्रेट ब्रिटेनको ताजसमेत जितेपछि बेलायतभर चर्चा पाइन्। मिस ग्रेट ब्रिटेनमा प्रतिस्पर्धा गर्ने क्रममा उनको भेट इङ्ल्यान्डको बेस्ट ह्याम युनाइटेडका स्ट्राइकर टेड्डी सरिङ्गह्यामसँग भयो। यो भेट कालान्तरमा गहिरो प्रेममा परिणत भयो। यो प्रेमका बारेमा विभिन्न पत्रपत्रिकाले समाचार प्रकाशित गरेपछि उनले जितेको उपाधिमाथि नै शंका उब्जियो, तर लियोडले सोही वर्षको अन्तमा प्रकाशित भएको प्लेब्वाइ म्यागजिनमा निर्वस्त्र फोटो सेसन गरेलगत्तै आयोजकले उनको उपाधि खोसे। आयोजकहरूले उनले प्लेब्वाइमा फोटोसेसन गरेका कारण नभै तत्कालीन निर्णायक समितिमा रहेका टेड्डीलाई प्रभावित पारेको अभियोगमा उपाधि खोसेका थिए, तर लियोडले आफ्नो उपाधि खोसिनुको कारण प्ले ब्वाई म्यागजिनमा निर्वस्त्र फोटोसेसन नै भएको बताइन्।

त्यसपछि लियोड र टेड्डीको जोडी इङ्ल्यान्डमा डेभिड बेकह्यामपछि सर्वाधिक चर्चामा रहे। सन् २००७ मा लियोडलाई इङ्ल्यान्डको चर्चित टेली कार्यक्रम बिग ब्रदर्सलाई लिइयो र यो कार्यक्रममार्फत उनी अझ चर्चित भइन्। आफूलाई युरोपमा स्थापित गर्ने सोचमा रहेकी प्लेब्वाइ मोडल लियोड अहिले दुबईको एक समुद्री तटमा छिन्। उनले केही साता उक्त तटमा बसेर कठिन शारीरिक अभ्यास गर्नेछिन्। उनी अहिले दुबईको कुन तटमा बसेकी छिन् भन्ने कुरालाई गोप्य राखिए पनि बेलायतको एक टेलिभिजनले चाँडै प्रसारण गर्न लागेको कार्यक्रममा अभिनय गर्नुपर्ने भएपछि लियोडले आफ्नो शरीरलाई आकर्षक बनाउन थालेको बताइन्छ।


## प्रेमिका आउँछिन् कि ?



अहिले मेलबर्नमा अस्ट्रेलियन ओपन टेनिस सञ्चालन भैरहेको छ। वर्षकै पहिलो ग्रान्डस्ल्याम भएका कारण यो प्रतियोगितामा बाक्लै उपस्थिति हुने गरेको छ। प्रतियोगितामा खेलाडीहरूको प्रदर्शनसँगै प्रेमी-प्रेमिकाहरूको हाउभाउ हेर्नलायक हुने हुँदा सञ्चारमाध्यमहरूको ध्याउन खेलाडीसँगै उनीहरूका प्रेमी-प्रेमिकातर्फ पनि केन्द्रित हुन्छ। यसै क्रममा अमेरिकी टेनिस खेलाडी मार्क फिलिपोसिसकी प्रेमिकातर्फ पनि ध्यान खिचिएको छ। सञ्चारकर्मीहरू भारतीय मूलकी आइसिस मोडल सियोभन पारेखलाई अहिले मेलबर्नमा देखिन्छ कि भन्ने आशामा छन्। मार्कको शारीरिक बनावटको तुलनामा पारेख निकै सानी छिन्। पहिले पारेख मोटीघाटी थिइन् त्यो बेला पनि, उनी मार्कको तुलनामा निकै सानी थिइन् भने अहिले उनले आफ्नो मोटाइ अझ घटाएकी छिन्, जसका कारण उनी मार्कको सामुन्ने अझ सानी देखिन्छिन्। करिब ११ महिना चलेको उनीहरूको सम्बन्ध अहिले तोडिएको बताइन्छ। केही जानकारहरू मार्क र पारेखबीच शारीरिक बनावटमा देखिएको असमानताका कारण विछोड भएको बताउँछन्, तर यो कुरामा दुवै पक्षबाट कुनै किसिमको प्रतिक्रिया नआएका कारण विछोडको वास्तविक कारण थाहा हुन सकेको छैन।



## बसपार्कमा कार पार्क





अन्तर्राष्ट्रिय फुटबल महासंघद्वारा सन् २००८ को सर्वोत्कृष्ट फुटबलरको उपाधि पाएका पोर्चुगलका स्ट्राइकर क्रिस्टियानो रोनाल्डो पुरस्कार अघि र पुरस्कारपछि आफ्नो सवारी साधनका कारण विवादमा आए। पुरस्कारअघि उनी महँगो फरारी कार दुर्घटनामा परे। बेलायतको म्यानचेस्टर युनाइटेडबाट व्यावसायिक खेल खेलिरहेका रोनाल्डोको गाडी हवाई अड्डा जाने क्रममा भूमिगत मार्गमा राखिएको सिमेन्टको छेकवारमा ठोक्किएको थियो। सुरक्षा बेल्ट लगाएको र कार अत्यधिक गतिमा नभएका कारण उनलाई कुनै किसिमको शारीरिक चोट भने लागेनन्, तर मोटरमा भने क्षति पुग्यो। फिफाले प्रदान गरेको वर्ष खेलाडीको उपाधि लिएर आफ्नो परिवारसहित लन्डनको एक रेस्टुराँमा खाना खान जाने क्रममा रोनाल्डोलाई मोटर पार्किङको समस्या पऱ्यो। फरारी कार दुर्घटनाग्रस्त भएपछि उनले अहिले बेन्टलीको जिटी चढिरहेका छन्। उनले उक्त कार एउटा बसपार्कमा लगेर पार्क गरे र आफू खाना खान थाले। बसपार्कमा कार पार्क गरेको थाहा पाएपछि प्रहरी आयो र उनलाई जरिवानाको चिट थमायो, उनलाई दुई घन्टा पार्क गरे बराबरको जरिवाना तिराइएको थियो।




# केशरीको कथा

केशरी चौधरी नेपाली खेलकुदकी बहुआयामिक खेलाडी हुन्। खेलकुदका तीन विधा एथलेटिक्स, क्रिकेट र भलिबलमा केशरी चौधरीले आफ्नो अलग पहिचान बनाएकी छिन्। एथलेटिक्समा उनले भर्खरै तीनवटा राष्ट्रिय कीर्तिमान बनाएर चर्चा पाएकी छिन्। राजधानीमा आयोजित राष्ट्रिय ट्र्याक एन्ड फिल्डमा केशरीले एथलेटिक्सतर्फ हाइजम्प, ट्रिपलजम्प र लङजम्पमा कीर्तिमान बनाइन्। आफ्नै नामको रेकर्ड तोड्ने क्रममा केशरीले ट्रिपल जम्पमा ११ दशमलव १९ मिटर नाघिन् भने हाइजम्पमा १ दशमलव ५५ मिटरको उचाइ पार गरिन्। १७ वर्षीय केशरीले १० वर्षअघि देवीमाया पनेरुले राखेको ५ दशमलव १६ मिटरको रेकर्ड तोड्दै ५ दशमलव २० मिटरको नयाँ कीर्तिमान बनाइन्। लगातार तीनवटा कीर्तिमान बनाएपछि दशरथ रंगशालामा समर्थकको भीड छिचोल्दै उनले भनिन्- 'मलाई यो प्रतियोगिताले ठूलो हौसला दिएको छ, सोचेजस्तै कीर्तिमान बनाएकी छु।'

एथलेटिक्समा नाम कमाएकी केशरी क्रिकेटको उमेर समूहमा पनि चिनिएको नाम हो। एथलेटिक्समा स्टामिनाको जोहो गर्ने बानी परेकी केशरीले क्रिकेटमा बलिङलाई धारिलो बनाउनु छ। गत महिना थाइल्यान्डमा आयोजित एसीसी यु-१९ महिला क्रिकेटको उपाधि जित्दा उनी नेपाली टिमकी महत्त्वपूर्ण सदस्य थिइन्। उक्त प्रतियोगितामा उनले १० विकेट लिइन्।


बर्दियाको बनियभार गाविसकी केशरीलाई एथलेटिक्स र क्रिकेटको मोहले अठ्याएको छ। उनी बिहानभर एथलेटिक्स र साँझतिर क्रिकेटको अभ्यासमा व्यस्त रहन्छिन्। नियमित अध्ययनको अभावमा पढाइलाई सँगै लान नसकेकी केशरी अहिले प्राइभेट टेस्टको तयारीमा छिन्। तीनवटा खेलमा व्यस्त रहन कसरी सम्भव छ ? उनको सोझो जवाफ छ- परिवारको सहयोग छ, उहाँहरूको सहयोगबिना सम्भव छैन।

६ वर्षअघि चन्द्रबहादुर गुरुङबाट एथलेटिक्सको प्रशिक्षण लिन थालेकी केशरीको नजर अब दुई महिनापछि हुने पाँचौं राष्ट्रिय खेलकुदतर्फ छ। उक्त प्रतियोगितामा एथलेटिक्स र क्रिकेट दुवै समावेश भएकाले उनी हौसिएकी छिन्। यतिबेला केशरीलाई नेपाल प्रहरी क्लबमा आबद्ध हुन प्रस्ताव आएको छ। उनलाई सो क्लबमा हुने नियमित अभ्यास र डाइटले आकर्षित गरेको छ। केशरी भन्छिन्- 'नेपाली खेलाडीलाई राम्रो डाइटको अभाव छ, पुलिस क्लबमा त्यसो नहोला ?'

पुलिस क्लबसँग आबद्ध भए पनि उनी आफ्नो क्षेत्र नेपालगन्जमै बसेर प्रशिक्षण लिने सोचमा छिन्। लजालु स्वभावकी केशरी एकपछि अर्को सफलतापछि आफू आत्मविश्वासी हुँदै गएको बताउँछिन्, तर उनले अब भलिबल खेल्न भने छोड्ने विचार गरेकी छिन्। तीनवटै खेललाई सँगै लान सहज नहुने भएकाले उनको रोजाइ एथलेटिक्स र क्रिकेट परेको छ। किन त ? उनले भनिन्- एथलेटिक्समा लगाव छ, क्रिकेटमा सम्भावना छ।


केशरी भन्छिन्- अन्ततः मेरो लक्ष्य भनेको मुलुकलाई अन्तर्राष्ट्रिय पदक जिताउने हो, त्यसका लागि ओलम्पिक खेल्ने सपना साँचेकी छु।

**-अनिल बोगटी**



# नारी मासिकको माघ अंक





विक्रम राई

## ● प्रसंग कतिपय ●

बर्डफ्लुका कारण आजभोलि बजारमा माछाको बिक्री बढ्दो छ। अधिकांश चिकेनप्रेमी ननभेज नेपालीहरू बाध्य भएर माछा वा खसीको मासुतिर लहसिएका छन्। पुल्चोकको क्वाट्रतिर निडर भएर उड्ने पन्छीलाई घेरा हाली सित्तैंमा त्यसको झोल खाने बानी लागेकाहरूले झापालाई बर्डफ्लुग्रस्त क्षेत्र तथा भारतसँग सिमाना जोडिएका तराईका अन्य जिल्लालाई सम्भावित जोखिमपूर्ण क्षेत्र घोषणा गर्दै उच्च सतर्कता अपनाउन हालै आम जनतालाई आग्रह गरे। फलस्वरूप त्यस क्षेत्रका व्यापारीहरूको व्यवसाय ध्वस्त भयो। यस क्रममा भावुक भाषण र घोषणा गर्न सिपालु हाम्रा नेताहरूले गोहीको जस्तो दुई थोपा आँसु पनि खसालिदिएको भए ती पीडितहरूलाई सान्त्वना हुने थियो। दोस्रो विश्वयुद्धताका सेनाभित्र 'सिफलिस' को प्रकोप बढेपछि जनरलहरूले 'सोर्सेज' को प्युरिटी चेक जाँच गरेपछि मात्र तल्लो दर्जाका जवानलाई मनोरञ्जनमा सहभागी हुने छुट दिएका थिए। यही पुरानो थ्योरीलाई अहिले अनुसरण गरी सरकारले निर्धक्कका साथ फ्लु फ्री बर्ड उपभोग गर्ने वातावरण बनाइदिए सबैको कल्याण हुने थियो। मित्रराष्ट्र चीनको दबाबका कारण ताइवानमा विश्व स्वास्थ्य संगठनले राम्रोसँग सहयोग गर्न नसकेको जस्तो अप्ठ्यारो नेपाललाई नपर्ला। फेरि फ्लुलाई राष्ट्रियता, संघीयता, रंग, जाति र भाषाले छेक्ने पनि होइन।

अहिले हामीकहाँ देखापरेको बर्डफ्लुभन्दा पनि अन्य फ्लुहरू बढी खतरनाक छन्। बर्डफ्लुले व्यक्ति वा पक्षीको मृत्यु होला तर विद्यमान नेपाली समाजमा देखिएका अन्य फ्लुले सिङ्गो समाज र राष्ट्रियताकै अवसान गराउने खालका खतरनाक लक्षण देखाउन थालेका छन्। अमिबा परजीवीजस्तै तुरुन्तै टुक्रिने र जोडिने कम्युनिस्ट पार्टीहरूको हालिमुहाली भएका बेलामा पनि यहाँ निर्धक्कका साथ गरिने भ्रष्टाचाररूपी फ्लुको औषधी अहिलेसम्म उपलब्ध हुन सकेको छैन तर विश्वभरि नै कम्युनिस्टहरूले भ्रष्टाचारीलाई मृत्युदण्डसम्म दिएका उदाहरण प्रशस्तै पाइन्छन्। हामीकहाँ अझ पनि नियतवस हुने ढिलासुस्ती र झुलाउने प्रवृत्तिको अन्त्य हुन सकेको छैन। 'भाषण गर अनि शासन गर' वा 'डराऊ, तर्साऊ र फकाऊ अनि सरकार चलाऊ' सिद्धान्तको प्रयोग बढी मात्रामा भएको छ। यी सबै फ्लुले काम नगरे 'कोन्ट्रा विद्रोह' को धम्की दिए पुगिहाल्यो।

बेरोजगारी समस्याले हामीलाई जर्जर बनाएको छ। तीन वर्षअघिको बुस प्रशासनले बर्डफ्लुले एसिया र युरोपलाई मात्र संक्रमित गर्ने हो, त्यसैले अमेरिकी जनताले डराउनु पर्दैन भनेर निकालेको प्रेस वक्तव्यलाई नै पवित्र मानेझैं यहाँ सरकारमा बस्ने मुल्लाहरूले अहिले विदेशबाट आर्थिक मन्दीका कारण भटाभट रोजगारीबाट हात धुँदै नेपाली युवाहरू फर्कंदासम्म पनि त्यही बुसका तिनै शब्दहरू पढ्दै आत्मरति गरिरहेका छन्। जागिरको एक दिन बराबरको तलब सहयोगले कोष खडा गरी युवा बेरोजगारलाई सहयोग पुऱ्याउने नीति ठीक हुँदाहुँदै पनि बजेटका कारणले त्यसमा न्याय गर्न असम्भव देखिएको छ। जबरजस्ती उठाइएको यो एक दिनको तलब सहयोगले नेपालीहरूबीच आपसी सहयोग गर्ने फ्लुलाई सक्रिय बनाएको छ।

वास्तवमा हामीकहाँ स्वास्थ्यसम्बन्धी मुद्दा कहिल्यै गम्भीर राजनैतिक विषय बनेन। त्यसैले वरपर रहेका संक्रमित फ्लुहरूसँग लड्दालड्दै धेरै नेपाली जनता फ्लुग्रस्त भैसकेका जस्ता देखिन्छन्। यही कारणले होला हाम्रो सोंचाइ, गराइ र बोलाइ अग्रगामी बन्न सकिरहेको छैन। यस प्रकारको फ्लुले गर्ने धेरै अचम्महरूमध्ये २०४६ सालको जनआन्दोलनपश्चात् बनेको संविधान असफल भएर खारेज भैसक्दा पनि उक्त संविधान निर्माण समितिका सदस्यहरूलाई सफल संविधानविद् झैं नयाँ संविधानका निम्ति पनि सल्लाह लिइन्छ। संविधान असफल हुने कारण जानकारी लिएको हो भने त ठीकै छ। अहिलेको शान्ति मन्त्रालयको स्थापनामा पनि फ्लुको ठूलो प्रभाव छ। यही मन्त्रालयमार्फत् नै सहमति र वार्ता गरी तराईको समस्या समाधान गर्न सकिन्छ भन्ने धारणा ठीक हो भने तराईमा राष्ट्रिय झण्डा जलाउँदा त्यसको काउन्टरमा काठमाडौंको प्रत्येक चौक र सालिकहरूमा राष्ट्रिय झण्डा फहराउनु पर्दैनथ्यो। पूर्व-पश्चिम राजमार्गको निर्माणलाई राजा महेन्द्रको विद्वता र दूरदर्शिता देख्ने बुद्धिजीवीहरूले कदापी सोचेका थिएनन् होला कि पछि त्यही सडकलाई सिमाना बनाई अधिकारमुखी सामाजिक आन्दोलनको नाममा धेरैले राजनीति गर्नेछन्। वस्तुतः राष्ट्रिय दिवस र विभूषणको कंगाली भएको अहिलेको अवस्थामा अधिकांश नेपालीलाई यस प्रकारका अनेकौं फ्लुले बढी संक्रमण गराएको छ। यसको नियोजनका निम्ति खोपको आवश्यकता टड्कारो रूपमा देखिएको छ। त्यो खोप भनेको अब बन्ने नयाँ संविधान नै हो जसमा सबैको अधिकार, भावना र सम्मानलाई समेटिनुपर्छ।

prasangakatipaya@hotmail.com

Computer Hardware & Networking
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
बिशेष व्यवस्था: विदेश जाँने र जान्दै नजान्नेहरुका लागि
Computer: Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor: Tel: 016217094 | Adwait Marg Old Buspark: Tel: 4232866 | Lagankhel: Tel: 5004018

रोजगारमूलक तालिम
सफल व्यवसायी हुन तथा रोजगार प्राप्तिका लागि
फोटोग्राफी CAMERAMAN
DIGITAL VIDEO-EDITING & ANIMATION
PHOTO-VIDEO पत्रकारिता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
सिर्जनशील रोजगारीको लागि
नेपालको नं. 1 Study Center (WORLDWIDE VALID CERTIFICATE)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७



होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
चार वर्ष पुगेको अवसरमा विशेष छुट
▸ कुक १ ½ महिना रू. २७००/-
▸ कुक ३ महिना रू. ३७००/-
▸ वेटर र बारमेन रू. १३००/-
१. 5 star होटलका सेफद्वारा सञ्चालित।
२. थप तालिमको लागि 5 star होटलमा पठाइने।
३. तालिमपछि दुबई, बहराइन, कतार पठाइने।
४. Abroad Study मा जानेलाई job को लागि चाँडै अवसर मिल्ने होटल तालिम लिनुहोस।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

ग्लोबलको तालिम
5 Star होटलमा
*Hotel Mgmt. Basic/Adv.
*Restaurant Mgmt. Basic/Adv
*Bartender Mgmt. Basic/adv
*Culinary Arts Mgmt. (Cook)
*F & B Service Mgmt (Waiter)
*Bakery Arts Mgmt. / Ice / veg carving
* Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस अनि मात्र भर्ना लिनुहोस।
For Quality Learning
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।